# भोक्राहा नरसिंह गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चिरौली, सुनसरी

## सामाजिक परीक्षण प्रतिवेदन २०७९





**प्रस्तुतकर्ता**

एकता मिडिया प्रा.लि.

सुन्दरहरैंचा-१०, विराटचोक, मोरङ

# नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा



# सुनसरी जिल्लाको नक्सा



# अनुसूची-२ को (१)

भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालय
चिरौली, सुनसरी




# भोक्राहा नरसिंह गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय, चिरौली, सुनसरी**

## हाम्रो भन्नु

प्रदेश नं. १ मा रहेको सुनसरी जिल्लाको १२ वटा स्थानीय तह मध्ये भोक्राहा नरसिंह गाउँपालिका पनि एउटा हो । नेपाल सरकारको निर्णय अनुसार देशभरी गठन भएका ४६० गाउँपालिका मध्ये एक गाउँपालिका हो । यस गाउँपालिकामा जम्मा ८ वटा वडा छन् । जिल्लाको सदरमुकाम इनरुवा देखि नजिकै रहेको यस गाउँपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस गाउँपालिका क्षेत्रमा सबै जातजाती धर्म क्षेत्रका मानिसहरुको मिश्रित बसोवास रहेको छ । यस भोक्राहा नरसिंह गाउँपालिकाले स्थानीय नागरिकहरुको गाउँपालिका प्रति भएको सकारात्मक सोच सँगै पूर्वमै सम्भावना बोकेको गाउँपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो गाउँपालिका स्थापित हुनपर्ने कुरामा दुई मत नै छैन ।

यस भोक्राहा नरसिंह गाउँपालिकाले स्थानीय नागरिकहरुको गाउँपालिका प्रति भएको सकारात्मक सोचसँगै पूर्वमै सम्भावना बोकेको गाउँपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो गाउँपालिका स्थापित हुनुपर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सामाजिक परीक्षण नमुना कार्यविधि २०७७ र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को उपदफा ५ बमोजिम भोक्राहा नरसिंह गाउँपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारीको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको हो । उक्त व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक वर्षको (अघिल्लो सालको ) सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्ग दर्शन गर्नु यस सामाजिक परीक्षणको उद्देश्य रहेको छ ।

**एकता मिडिया प्रा.लि.**
**सुन्दरहरैंचा-१०, बिराटचोक, मोरंग**

# परिच्छेद-२

## १. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सामाजिक परीक्षण नमुना कार्यविधि २०७७ को भूमिका)

यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०७८/०७९ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपक्षी विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरूलाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । यस गाउँपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाजसेविहरुले दिएको अमूल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौं । साथै यस भोक्राहा नरसिंह गाउँपालिकाको सामाजिक परीक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै आ.व. २०७८/०७९ को सामाजिक परीक्षण प्रतिवेदन भोक्राहा नरसिंह गाउँपालिकामा प्रस्तुत गर्दछौं ।

## २. सामाजिक परीक्षणको पृष्ठभूमी :

स्थानीय तहमा प्राप्त बजेट त्यहाँ रहेका विषयगत शाखा समेटी स्थानीय तह मै संचालन गर्ने र जवाफदेहि बनाउने लक्ष्य सहित आवस्यक बजेट स्थानीय तहमा प्राप्त भएको छ । यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको “घरको सरकार भनेकै स्थानीय सरकार हो” । जसमा मुलत : गाउँपालिकाले नागरिकहरुको दुःख बेदना अनि मर्महरुलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरुका आशा, अपेक्षा र दायित्व समेत सोही रुपमा बढ्ने अवश्यम्भावी देखिन्छ । सेवा प्रदायकको काम पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका काम कारबाहीको जनता प्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण वर्षभरि गरिएका आर्थिक सामाजिक क्षेत्रमा गरिएको लगानीबाट कति उपलब्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐनमा सामाजिक परीक्षण गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । स्थानीय तहमा कानुन र कार्य विधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यका लागि **सार्वजनिक जवाफदेहिता नमुना कार्यविधि २०७७ लाई आधार मानी** गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र गाउँसभामा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए ? सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परीक्षण प्रतिवेदन सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा भोक्राहा नरसिंह गाउँपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । यसै परिपेक्षमा स्थानीय सरकार संचालन ऐनमा सामाजिक परीक्षण सम्बन्धि व्यवस्था भएको र यस एकता मिडिया प्रा.लि. ले भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०७८/०७९ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ ।

## ३. सामाजिक परीक्षणको उद्देश्य

यस भोक्राहा नरसिंह गाउँपालिकाको कार्य सम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट गाउँपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधि र जनताको बिचमा विकास र समृद्धि लाई आत्मसाथ गरी कसरी अगाडी बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ ।
- गाउँपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- गाउँपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- समुन्नत भोक्राहा नरसिंह गाउँपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

## ४. सामाजिक परीक्षणका आधार

भोक्राहा नरसिंह गाउँपालिकाको लक्ष्य, उद्देश्य कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- भोक्राहा नरसिंह गाउँपालिकाको सोच
- लक्ष्य
- उद्देश्य, आगामी कार्यक्षेत्र र सोको प्रभावकारिता ।
- कार्यक्रम र वजेट व्यवस्थापन ।
- वातावरण संरक्षण र दीगो विकासमा गाउँपालिकाले खेलेको भूमिका ।
- सेवाग्राहीको हित एवम् नागरिक मैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका ।
- गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका ।
- भोक्राहा नरसिंह गाउँपालिका कार्यालयको संगठन संरचना ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा गाउँपालिकाले दिएको योगदान ।
- भोक्राहा नरसिंह गाउँपालिकाको सामाजिक योगदान ।
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह ।

## ५. सामाजिक परीक्षण प्रक्रिया

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरु भएको र नागरिकहरुको गाउँपालिका प्रतिको अपेक्षा समेत अत्याधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा भोक्राहा नरसिंह गाउँपालिका मुख्य विषयलाई आधार लिई गाउँपालिकाले

सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रित रहि सामाजिक परीक्षण प्रकृया अगाडी बढाईएको अवस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला र मुख्य सूचना दातासँगको अन्तरक्रिया ।
- उपलव्धी, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन ।
- विषयगत शाखाका प्रमुखहरु संगको छलफल ।
- अन्तरवार्ता ।

**६. मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका** :

- कार्यक्षेत्रको परिचय ।
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू ।
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू ।
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता ।
- सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू ।
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया
- स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव, स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति ।
- स्थानीय तहले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।

**७. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता -परिच्छेद ५ संग सम्बन्धित)**

**<u>छलफल कार्यक्रममा सहभागिले पालना गर्नुपर्ने आचार संहिता</u>**

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नु पर्ने आचार संहिता।

- विषय वस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्ने समय दिए पछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

**८. सामाजिक परीक्षणका सीमाहरु :**

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नुपर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा तर्क संगत पेश गरिने आधारहरुको रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचना दातासँग अन्तरवार्ता लिइएको र लक्षित सरोकारवाला सँगको अन्तरक्रियाको आधार लिईएको छ । नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमीतता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ

**९. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया** :

- कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिता बारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरेको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।
- सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको थियो ।
- सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

## परिच्छेद-४ को (१२)

**गाउँपालिका अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत तथा शाखा प्रमुखहरुसंगको बैठक तथा छलफल सत्रको उपस्थिति पुस्तिका**

यस भोक्राहा नरसिंह गाउँपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परिक्षणको कार्य सम्पन्न गर्ने सिलसिलामा यस पालिकाको शाखागत तथ्याङ्क संकलन गर्ने सिलसिलामा यस गाउँपालिकाका अध्यक्ष श्री अजमन अख्तर आजाद ज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न गरियो ।

तपसिल

१. श्री अजमन अख्तर आजाद पालिका अध्यक्ष -
२. श्री सुनिताकुमारी उराव पालिका उपाध्यक्ष -
३. श्री सुवर्ण घिमिरे प्रमुख प्रशासकिय अधिकृत
४. श्री मिठु श्रेष्ठ सि.अ.न.मि.नि. अधिकृत स्वास्थ्य -
५. श्री सन्देश तिम्सिना सूचना अधिकारी -
६. श्री शोभाकुमारी मेहता रोजगार संयोजक
७. श्री रामकुमार यादव वित्तिय साक्षरता सहजकर्ता
८. श्री रमेशचन्द्र तिम्सिना शिक्षा शाखा प्रमुख
९. श्री खुशबु कुमारी साह पंजिकरण शाखा
१०. श्री रचना कुमारी साह " " MIS operator
११. श्री महानन्द चौधरी [illegible] सहायक [illegible] शाखा
१२. श्री विवेक यादव . कृषि अधिकृत हेटौं
१३ श्री किरण लुइटेल कृषि प्राविधिक
१३ श्री अब्दुल कैयम अन्सारी पशुसेवा शाखा प्रमुख (अ.हेटौं)
१४. श्री बुद्धिमान कार्की पशु स्वास्थ्य प्राविधिक
१५. श्री ललिताप्रसाद मेहता [illegible] शाखा

## गाउँपालिका उपाध्यक्षसँग न्यायिक समितिका बारेमा गरिएको छलफलको उपस्थिति पुस्तिका

Date: ..........
Page: ..........

मिति २०७९।३।१८ गते यस भोक्राहा नरसिंह गाउँपालिकाको गत आवको सामाजिक परीक्षण गर्ने क्रममा यस गाउँ-पालिकाका उपाध्यक्ष श्री सुनिता कुमारी उराँवसँग न्यायिक समितिका बारेमा गरिएको छलफल तपसिल-को उपस्थितिमा सम्पन्न गरिएको छ ।

१. श्री सुनिता कुमारी उराँव गा.पा. उपाध्यक्ष -
२. श्री पदम बस्नेत - गा.पा. सचिवालय -
३ श्री रतिलाल उराव का. स. -
४ श्री बाबुराम निरौला
५. श्री गणेश मिश्र
६. श्री जानुका भट्टराई
७. श्री उद्धव गुरागाईं

**विभिन्न वडाको तथ्याङ्क संकलन कार्यको उपस्थिति पुस्तिका**

Date: ............

Page: ............

आज मिति २०७९ पौष १८ गते सोमबार दिन यस भोक्राहा नरसिंह गाउपालिकाको आ.व. ०७८।०७९ मा सम्पन्न योजनाहरूको सामाजिक परिक्षण गर्ने क्रममा वडा नं. १ का अध्यक्ष श्री लक्ष्मण मेहता ज्यूको अध्यक्षतामा तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो।

तपसिल

१. श्री लक्ष्मण मेहता - वडा अध्यक्ष
२. श्री आलम अन्सारी - वडा सचिव -
३. श्री अकलदेव मेहता - वडा सदस्य अकलदेव
४. श्री अम्जाद मिया - वडा सदस्य अमजेद
५. श्री राम कुमार मेहता - नागरिक समाज रामकुमार
६. श्री सरिता देवी उराउ - वडा सदस्य सरिता
७. श्री केदार विश्वर - स्थानिय कुमारिश
८. श्री मेहरुदिन मन्सुरी - स्थानिय मेहरु
९. श्री अमन्त ढोलाल स्थानिय
१०. श्री ललित कुमार थापा - पूर्व वडा अध्यक्ष
११. श्री इश्रायल मिया - स्थानिय
१२. श्री कन्हैया हलुवाई - स्थानिय कन्हैया
१३. श्री सुनिल मुखिया - स्थानिय सुनिल
१४. श्री जय प्रकाश मेहता - का.स.
१५. श्री रिंकु कुमारी यादव - ~~सामाजिक परिचालक~~ कार्यालय सहायक रिंकु
१६. श्री राम थापा - स्थानिय
१७. श्री लाल व. मेहता - स्थानिय लाल
१८. श्री गोपी कुमारी मेहता - का.स.
१९. श्री बाबुराम निरौला
२० श्री भानुभा निरौला

प्रस्तावहरु

→ स्वास्थ्य अवस्था सम्बन्धमा।
→ शिक्षा अवस्था सम्बन्धमा।
→ सामाजिक विकास सम्बन्धमा।
→ कृषी तथा पशुपन्छी विकास सम्बन्धमा।
→ पूर्वाधार विकास ...

Date :
Page :

→ १ आधारभूत स्वास्थ्य केन्द्र ।
→ १ गाउँघर क्लिनिक ।
→ खोप केन्द्र १
→ नागरिक वडापत्र, उजुरी पेटीका
→ घटना दर्ता अनलाइन, राजस्व बिल अनलाइन बिल र कर्मचारी

→ शारदा मा.वि. १, अकर्मा आ.वि. २, निजी बोर्डिङ ३
→ मदरसा - ३ आधारभूत
→ इन्टरनेट सुविधा र शौचालय रहेको ।
→ बाल विकास केन्द्र समुदाय स्तरको ~~८~~ ८ वटा रहेको ।
→ बच्चा भर्ना ८ कक्षा छाड्ने - १२ प्रतिशत ।
→

सिँचाइ

→ नहरबाट सिँचाइ र बोरिङ बाट पानीको सिँचाइ
→ कृषि सेवा केन्द्र इनरुवा रुपन आधा घण्टा ।
→ कृषि बजारको इनरुवा नै रहेको ।
→ पालिकाले ~~म~~ कृषि संकलन केन्द्र विस्तारको क्रममा रहेको ।
→ कृषि मिटर जडान
→ पालिका ~~स~~ स्तरको भारी परिचालन
→

मिति २०७९।३।२८ गते सोमबारका दिन यस भोक्राहा नरसिंह गाउँपालिकाले गत आव मा सम्पन्न गरेका विकास योजनाहरुको तथ्याङ्क लिएर सामाजिक परीक्षण गर्ने सिलसिलामा यस पालिकाको वडा नं. २ का वडा सदस्य श्री बलदेव मेहताको समुपस्थितीमा तपसिल बमोजिमको उपस्थितीमा सम्पन्न गरीयो।

तपसिल

१. श्री बलदेव मेहता वडा सदस्य -
२. श्री बेनुकुमार मांझी वडा सचिव
३. श्री रविन्द्र पराजुली
४. श्री पशुराम आचार्य
(५) दाउद अन्सारी
६. श्री जावेद आलम
७. श्री खालिद अन्सारी
८. श्री तौसिफ अन्सारी
९. श्री शम्भु ऋषिदेव
१०. श्री धर्मा ऋषिदेव
११. श्री शिवचरण ऋषिदेव
१२ श्री रन्जीत ऋषिदेव
१३ श्री देवेन्द्र यादव
१४ श्री बाबुराम निरौला
१५. श्री गणेश मिश्र

विद्यालय :- मा.वि. ० आ.वि.- ३
मदरसा - ३ १ मा.वि. २ आ.वि तह.

- स्कूल शुद्ध पिउने पानी, नेट सुविधा अव्यवस्थित शौचालय
- आफ्नै भवन भएको वडाको
- मन्दीर - ६ वटा, दिनाभद्री - २
  मस्जिद - २ वटा, १ धर्मशाला
- २ किमि डटी सडक मर्मत
- वडाको ९५% गाउँमा बिजुली बत्ती पुगेको।
- नागरिक वडापत्र, सूचनापाटी, उजुरी पेटीका नभएको
  लगभग २०० जना बालबालिका विद्यालय बाहिर।

४०% ले समयमा जन्मदर्ता गर्ने गरेको।

धान, मकै, गहुं, सनपाट र तरकारी र उखु खेती निर्यात
५०% बाटोमा सडक बत्ती बालेको।
~~स्वास्थ्य~~
स्वास्थ्य केन्द्र - १
विद्यालय बाल क्लब गठन भएका ३ वटैमा।
- ~~सबै~~
  सबै जनता ट्युबेलको पानी पिइरहेका।
- ९५% घरमा शौचालय भएको।

आज मिति २०७९ पौष १८ गते सोमबारका दिन यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. ०७८/०७९ मा सम्पन्न योजना हरूको सामाजिक परीक्षण गर्ने क्रममा वडा नं. ३ का वडा सचिव श्री शिव नारायण यादव ज्यू को अध्यक्षतामा यस वडाको ०७८/०७९ मा सम्पन्न योजनाको तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो।

तपसिल

→ श्री शिव नारायण यादव - वडा सचिव
→ श्री श्रवण यादव -
→ श्री रवित पराजुली -
→ श्री परशुराम आचार्य -
⇒ श्री शिव कुमार यादव

प्रस्तावहरू

→ स्वास्थ्य अवस्था संरक्षण
→ शिक्षा अवस्था संरक्षण
→ सामाजिक विकास संरक्षण
→ कृषि तथा पशुपन्छी संरक्षण
→ रोजगार

Date:
Page:

स्वास्थ्य

→ १ आधारभुत स्वास्थ्य चौकी
→ ४ वटा खोप केन्द्र
→ स्वास्थ्य संस्था आफ्नो भवन नरहेको।
→ इन्टरनेटको सुविधा रहेको।
→ शुद्ध पिउने पानीको व्यवस्था रहेको।
→
→
→ घटना दर्ता अनलाइन हुने गरेको।
→ राजश्व अनलाइन हुने गरेको।

शिक्षा

→ १ मा.वि. ३ आ.वि.
→ १ बोर्डिङ
→ इन्टरनेटको सुविधा रहेको।
→ शौचालय सुविधा रहेको।
→
→ जन्म दर्ता - ३६६, मृत्युदर्ता - ३०, विवाह दर्ता - १४०, बसाइसराइ - ६३ व
सम्बन्ध विच्छेद नरहेको, बाल विवाह कती रहेको।

~~सहर~~ कृषि

→ कृषि फर्म दर्ता रहेको।
→ धान गहुँ मकै निर्यात गर्ने।
→ तरकारी निर्यात रहेका।
→ किसान आफैले बिउ तयार गर्दे।
→
→ उजुरी सुचना, नागरिक वडा पत्र रहेको।
→
→ १ मस्जिद ४ मन्दिर २ मदिना मदरसा ४ वटा ग्राम
→ १ सामुदायिक भवन हाल वडा कार्यलय रहेको।
→
→ कालोपत्रे गरेको हाइवे देखी राजेश्वरको घर सम्म)
→ १ वटा ग्रामेल
→ ३ वटा धान निर्माण।

Date:
Page:

आज मिति २०७९ पौष १६ गते आइतवारका दिन यस भोक्राहा नरसिंह गाउपालिकाको आ.व. ०७८/०७९ मा सम्पन्न योजनाहरूको सामाजिक परीक्षण गर्न क्रमश: वडा नं ४ का वडा अध्यक्ष श्री हारुन अन्सारी ज्यू को अध्यक्षतामा यस वडाको आ.व. ०७८/०७९ मा सम्पन्न योजनाहरूको संकलन कार्य सम्पन्न गरियो।

तपसिल

1. श्री हारुन अन्सारी - वडा अध्यक्ष
2. श्री चन्द्र नारायण मेहता - वडा सचिव
3. श्री दिनेश कुमार यादव - हि.प्र.हे.पो. इन्चार्ज
4. श्री चन्दन कुमारी भगत - (स्वयमसेविका
5. श्री राजाराम मेहता - श्री भुवा कर्ण लाल केन्द्रीय विद्यालय प्र.अ.
6. श्री बालेश्वर यादव - स्थानीय मेडिकल व्यवसायी
7. श्री भोला प्रमाणिक - श्री पृथ्वी नारायण मा.वि. भोक्राहा नरसिंह ४
8. श्री [illegible]
9. श्री प्र.अ. [illegible]
10. श्री ग्रा.ह.व. राजेन्द्र कुमार साह
11. श्री सोमा धिमाल - बाल विकास शिक्षक
12. श्री रेणु कुमारी मेहता - कर्मचारी
13. श्री ममता यादव -
14. श्री [illegible]
15. श्री आलम अन्सारी - वडा अध्यक्ष - २

प्रस्तावहरू

→ स्वास्थ्य अवस्था
→ शिक्षा अवस्था
→ कृषि तथा पशुपन्छी संरक्षण
→ सामाजिक विकास संरक्षण
→ पूर्वाधार विकास संरक्षण

Date :
Page:

स्वास्थ्य

आधारभूत
→ १ स्वास्थ्य चौकी।
→ ३ वटा खोप केन्द्र
→ ८ जना स्वयम सेविका
→ आधा घण्टा भित्र सबै जनता स्वास्थ्य चौकीमा पुग्न सक्छ।
→ १ मात्र मेडिकल भएको स्वास्थ्य चौकीमा बच्चा भएको २५ मिनेट मै।
→ सबै गर्भवती महिला ४/८ पटक जाँच गर्न गरेको।
→ पूर्ण खोप युक्त प्रतिशत।
→ इन्टरनेटको सुविधा नरहेको।
→ धाराको पानी पिउने।
→ दक्ष जनशक्ति मार्फत सुत्केरी गर्ने।
→ प्रसूति पूर्वाल बाट मृत्यु नरहेको।
→ स्वयंम सेविकालाई साइकल वितरण गरेको।
→ कुपोषणको लागी सुनौलो हजार कार्यक्रम र पोषण कार्यक्रम

शिक्षा

→ १ मा.वि. २ आ.वि., बाल विकास केन्द्र - ३ वटा
→ २ वटा बोर्डिङ।
→ इन्टरनेटको सुविधा १ वटामा विस्तार क्रमशः रहेको।
→ ३ वटा मदरसा, सबैमा इन्टरनेटको सुविधा
→ आधा घण्टा भित्र विद्यालयको पहुँचमा रहेको
→ बाल शिक्षामा खुद भर्ना दर :
→ विद्यालय भर्ना सम्बन्धी घरदैलो कार्यक्रम गर्दो।
→ आमा समुहको भेला गराउने।
→ शिक्षक अभिभावक भेला गराउने।
→ केही प्रतिशत बच्चा विद्यालय बाहिर रहेको।
→ प्रति कक्षा ४५ जना विद्यार्थी रहेको।
→ स्थानीय तह बाट कुनै शिक्षकको व्यवस्था नरहेको।
→ सिमान्कीत बच्चाको लागी ५०० भत्ता रहेको।
→

## कृषि शाखा

→

→ वडाको भवन तयारी हुँदै गरेको।
→ प्रहरी चौकी।
→ २ वटा मन्दिर, ६ वटा मस्जिद, ४ वटा ग्राम थान
→ ~~60 माथीको~~

## सामाजिक

→ गुडिया बनाउने तालिम संचालन - ४० जना
→ अगरबत्ती बनाउने तालिम महिला तथा अपाङ्ग इच्छुक नारी - २०
→ 60 माथीको नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम।
→

→

Date :
Page:

आज मिति २०७९ पौष २८ गते मंगलवारका दिन यस भोक्राहा नरसिंह गाउँ पालिकाको आ.व.०७८/०७९ सम्पन्न योजनाहरुको सामाजिक परिक्षण गर्ने क्रममा वडा नं. ५ का वडा अध्यक्ष श्री हबिब मन्सुरी ज्यू को अध्यक्षतामा यस वडामा ०७८/०७९ का सम्पन्न योजनाहरुको तथांङ्क संकलन कार्य सम्पन्न गरियो।

तपसिल

→ १. श्री हबिब मन्सुरी - वडा अध्यक्ष
२. श्री सुधिर कुमार दास - वडा सचिव
३. श्री कामुद मिया - वडा सदस्य
४. श्री कुलुलाल शाह - का.प.
५. श्री ओम प्रकाश राया यादव - व्यावसायी
६. श्री राजेश यादव - स्वास्थ्य इन्चार्ज
७. श्री कल्याणी मिश्रा - शि० अ० म० मा०वि० (नि: आधारभूत)
८. श्री शिवनारायण यादव - वडा सचिव - ३
९. श्री वसिरुदिन मन्सुरी - पूर्व वडा अध्यक्ष
१०. श्री कालीम मन्सुरी - स्थानीय
११. नितेश कु. यादव का.प.

Date: ..........
Page: ..........

## स्वास्थ्य

→ १ आधारभुत स्वास्थ्य चौकी
→ १ खोप केन्द्र
→ १ गाउँघर क्लिनिक
→ आधा घण्टा भित्र सबै जनता स्वास्थ्यको पहुँच रहेको।
→ ९०% खोप पालिका तथा वडा रहेकोले कुनै ५ वर्ष मुनिका बाल बालिका को पहुँच।
→ स्वयम सेविका परिचालन गरेर हुरेको बच्चाको लागी शिविर संचालन।
→ ८ जना स्वयम सेविका।
→ स्वयम सेविका प्रोत्साहन कार्यक्रम बापत साइकल वितरण
→ सबै गर्भवती महिला स्वास्थ्य चौकीमा बच्चा जन्माउने गरेको
→

## शिक्षा

→ ९ वटा आ.वि.
→ ५ वटा मदरसा आ.वि.
→ ४ वटा बाल विकाश केन्द्र
→ ९ वटा विद्यालय इन्टरनेटको सुविधा भएको।
→ शौचालयको व्यवस्था भएको।
→ विद्यालयमा भर्ना भए पनि नियमित स्कुल उपस्थिती नहुने केही बाहिर।
→ तालिम प्राप्त जनशक्ति बाट पठन पाठन हुने गरेको।
→ ९ वटा विद्यालयमा शौचालय सामाग्री वितरण।
→

→ मकै, धान, गहुँ, केरा, सनपाट, तरकारी उत्पादन तथा निर्यात गर्दै।
→
→ उजुरी पेटिका, सुचना पाटी नागरिक वडा पत्र रहेको
→ घटना दर्ता अनलाइन र राजश्व अनलाइन।
→ सबै जनता धुवेलको पिउने पानी खाने।
→ औधोगिक क्षेत्र। पेपर मिलस २, पशु वधशाला - १
→ प्लाइ मिल, क्रसर मिलन।

Date :
Page :

आज मिति २०७९ साल ९।१८ गते सोमवारका दिन यस भोक्राहा नरसिंह गाउँपालिका को सामाजिक परीक्षण गर्ने क्रममा यस पालिकाले गत आ.व.मा सम्पन्न गरेका विकाश योजना हरुको तथ्याङ्क लिने क्रममा यस पालिका को वडा नं. ६ का वडा अध्यक्ष श्री सराजुदिन अन्सारी को समुपस्थितीमा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

तपसिल

१. श्री सराजुदिन अन्सारी वडा अध्यक्ष
२. श्री किशोरी मण्डल वडा सदस्य
३. श्री गुलाबचन्द साह का.स.
४ श्री पिङ्की कुमारी यादव परिचालक
५. श्री बाबुराम निरौला
६. श्री गणेश मिश्र
७. श्री जानुका निरौला

Date : ..................
Page : ..................

विद्यालय : मा.वि. आ.वि. ६
ट्युबेल पानी, बिजुलीबत्ती ५ वटामा भएको
२ विद्यालयमा नेटको सुविधा नभएको
५ वटा विद्यालयमा महिला मैत्री शौचालय रहेका
३ वटा विद्यालय घेरावारा, भौतिक सामग्री वितरण गरेको

(३ वटा मदरसा २ सरकारी, १ निजी)

मन्दिर - ५, थान - ३, दिनाभद्री - २, पिता परमेश्वर - २
मस्जीद - ६ वटा

- प्राय सबै बस्तीमा बिजुली पुगेको तर सिंचाइको लागि काम-
- नागरिक वडापत्र भएको। अनलाइन सिस्टम सबै पञ्जीकरणमा

धान, गहुँ, मकै, उखु, सनपाट, तरकारी निर्यात गर्ने।
आधारभूत स्वास्थ्य चौकी - १, युवा क्लब - ४
घरेलु उद्योग - १ (जुत्ता-चप्पल बनाउने)
३५% घरमा शौचालय
लगभग समयमा घटना दर्ता ~~हुने गरेको~~ समयमै हुने गरेको।
लगभग ५% बालबालिका विद्यालय बाहिर रहेका

Date :
Page :

आज मिति २०७९ पौष २० गते मंगलवारका दिन यस भोक्राहा नरसिंह गाउँपालिकाको ०७८।०७९ मा सम्पन्न योजनाहरुको सामाजिक परिक्षण गर्न क्रमशः वडा नं. ६ का वडा अध्यक्ष श्री बौवालाल यादव ज्यू को अध्यक्षतामा यस वडा को ०७८।०७९ मा सम्पन्न योजनाको तयारी संकलन कार्य सम्पन्न गरियो ।

उपस्थित

१. श्री बौवालाल यादव - वडा अध्यक्ष
२. श्री शंकर मेहता - वडा सचिव
३. श्री हिरालाल उराव - वडा सदस्य
४. श्री मिठु ऋषदेव . सि.अ.न.मि.नि.(ढैढैं) स्वास्थ्य चौकी
५. श्री जदुलाल शाह (प्र.अ.) श्री जनता मा. वि. औं. नं. ६
६. श्री फुलकुमारी देवी शाह - वडा सदस्य
७. श्री सद्दु मियाँ - स्थानिय
८. श्री [illegible] मियाँ CMA
९. श्री खुरशिदाना प्रवीन Save the earth
१०. श्री फुलकुमारी साह वडा सदस्य
११. श्री रमेश प्रसाद यादव - स्थानिय
१२. श्री चन्दन कुमार मण्डल - स्थानीय युवा
१३ श्री संकर पंडित
१४ श्री रामानन्द मण्डल - युवा
१५ सरमोध मण्डल सरमोध
१६ सुखनन्दन मण्डल स्थानीय युवा
१७ श्री जगरनाथ मण्डल स्थानिय युवा
१८ कुमारी मण्डल स्थानीय युवा
१९ सन्तोष कुमार मण्डल स्थानिय युवा
२० दिपक कुमार मण्डल स्थानिय युवा
२१ dilip mandal
२२ रामबाबु मंडल
२३ = श्यामभजन — जेठ नागरिक

Date: ............
Page: ............

स्वास्थ्य

→ १ बर्थिङ सेन्टर
→ १ स्वास्थ्य चौकी
→ ६ वटा खोप केन्द्र
→ ४ गाउँघर क्लिनिक
→ आधा घण्टा भित्र स्वास्थ्य पहुँच रहेको।
→ पूर्ण खोप सुनिश्चित कार्यक्रम मार्फत घोषणा गरेर गरेर पुरेको बच्चा
→ सर्व गर्भवती महिला पहिलो शिविर सत प्रतिशत भए पनि बिचको शिविर केही पुरेको।
→ ४ % मात्र गर्भवती महिला घरमै बच्चा जन्माउने गरेको।
→ इन्टरनेटको सुविधा रहेको।
→ कोभिडको कारण मृत्यु रहेको ६।
→ ८ जना स्वयम सेविका रहेको।
→ स्वयम सेविका प्रोत्साहन कार्यक्रम
→ शिविर सञ्चालन गरेको – ३ सय जना लाभान्वित।
→ पोषण सम्बन्धी कार्यक्रम – पोषण मैत्री स्वास्थ्य संस्था घोषणा २४ महिना मुनिका बच्चा जम्मा जाँच गरेर कुपोषित सबैको बच्चा जाँच प्रताल गरियो।
→ बर्थिङ सेन्टर सुदृढी केन्द्र भन्ने
→ दायरोगको स्वकार क्लेन्सन गरेर २ जना क्षयरोगी पत्ता लगाएको
→ रक्तचाप दिवस मनाएको थियो 60-८0 जना चेक गर्दा ४।२

कृषि शिक्षा।

→ १ मा.वि. ३ आ.वी. सामुदायिक
→ १ मदरसा आ.वि. धार्मिक, १५ वटा बालविकास केन्द्र
→ आधा घण्टा भित्र पहुँच।
→ केही प्रतिशत बच्चा विद्यालय भर्ना रहे कक्षा नियमित नरहेको। केही प्रतिशत बच्चा विद्यालय भर्ना नरहेको।
→ प्रति कक्षा ४५ जना।
→ शौचालय रहेको। महिला मैत्री बाल मैत्री अपाङ्ग मैत्री
→ ट्युबेल पानी पानी पिउने पानी।
→ विषयगत शिक्षकको अभाव। मातृ शिक्षण हुनुपर्ने लागि प्राप्त हुनुपर्ने।

→ दलित बच्चाहरू, आदीवासी जनजाती र छात्राहरूको छात्रवृति वितरण गर्दा।

→

→ मकै, धान, गहु तथा तरकारी उत्पादन तथा निर्यात वडा रहेको।

→ कृषी बजार इनरूवा रहेको।

→ वडाको आफ्नै भवन रहेको र नयाँ थप विस्तार हुदैँ गरेको

→ उच्चरी परीक्षा, नागरिक वडा पत्र र सुचना पाटी रहेको

→ घटना दर्ता, राजस्व अनलाइन मार्फत हुने गरेको।

→ घर नक्सा सिफारिस अनलाइन हुने गरेको।

→ सोलार विस्तार कार्यक्रम रहेको - ४ वटा विस्तार

→ पशुपन्छी तथा कृषि शाखाको आफ्नो भवन तयार हुने क्रममा रहेको।

Date :
Page:

आज मिति २०७९ पौष १८ गते सोमवारका दिन यस भोक्राहा नरसिंह गाउपालिकाको ०७८/०७९ मा सम्पन्न योजनाहरूको सामाजिक परिक्षण गर्ने क्रममा वडा नं ८ का वडा अध्यक्ष श्री उस्मान मिया ज्यू को अध्यक्षतामा यस वडामा सम्पन्न योजनाहरूको तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो ।

तपसिल

१. श्री उस्मान मिया - वडा अध्यक्ष
२. श्री मन्जुररहमान - शिक्षक
३. श्री कामेश्वर शर्मा - शिक्षक
४. श्री अदनान अंसारी स्थानिय Adnan
५. श्री नासिर मिया - स्थानिय
६. श्री लुकमान अंसारी स्थानिय
७. सकील अंसारी स्थानिय शकील अंसारी
७. ग्वकार अंसारी स्थानिय
८. जाहिद अंसारी स्थानिय
९. मुजाहिद अंसारी स्थानिय मुजाहिद
१०. इस्लाक अंसारी स्थानिय
११. आरिफ अंसारी स्थानिय आरिफ
१२. मोकिन अंसारी स्थानिय Makin
१३. वसीम अंसारी स्थानिय
१४ नजाम अन्सारी Najem

प्रस्तावहरू
→ स्वागत

Date: ______
Page: ______

→ आधारभूत १ स्वास्थ्य
→ ३ वटा खोप केन्द्र
→ २ महिला स्वास्थ्य सेविका
→ ८ गाउँघर रहेको।
→ १ आ.वि., श्री सिराजुउलुम, जामिया आलकुलुम कौशर मदरसा
→ सर्वे विद्यार्थी विद्यालयको पहुँच रहेको।
→ केही प्रतिशत विद्यार्थी कक्षा छोड्ने

→ गर्भवती महिला स्वास्थ्य महिला चेक गराउने गरेको।

→ मकै धान, गहुँ निर्यात गर्ने साथै तरकारी निर्यात
→ कृषि बजार (इलाका) रहेको।
→ वडा आफ्नो भवन तयारीको हुँदै गरेको।
→ सर्वे विद्यालयमा शौचालय रहेको।
→ इन्टरनेटको सुविधा रहेको।
→ कृषकहरू बिउ हर्नार गर्नुहुन्छ।
→ ४/५ वटा कृषी फारम
→ मोटर भंडार गर्ने।
→ १ मन्दिर, १० वटा मस्जिद, ८ वटा थान
→
→

## परिच्छेद-३ को (९)
### वडा नं. ४ को तथ्याङ्क लिने क्रममा लिइएका तस्बिरहरु




४नं.वडा कार्यालय


भोक्राहा नरसिंह गाउँपालिका
भोक्राहा,


वडा कार्यालय
भोक्राहा,

**वडा नं. ५ को तथ्याङ्क लिने क्रममा लिइएका तस्बिरहरु**















**वडा नं. ६ को तथ्याङ्क लिने क्रममा लिइएका तस्बिरहरु**











**वडा नं. ७ को तथ्याङ्क लिने क्रममा लिइएका तस्विरहरु**




वडा कार्यालय
पशु सेवा शाखा














HONDA


भोक्राहा नरसिंह गाउंपालिका
NEPAL





**विभिन्न वडाका तस्बिरहरु :**




DESK
Internet
Printing & Scanning


DESK






भोक्राहा नरसिंह गाउँपालिका
१ नं. वडा कार्यालय
भोक्राहा , सुनसरी
भोक्राहा नरसिंह गाउँपालिका
१ नं. वडा कार्यालय
ढोक, सुनसरी
HELP DESK
निःशुल्क उपलब्ध दिने सेवाहरु
फोटोकपी
E-mail, Internet
Typing, Printing & Scanning
विभिन्न फर्म भर्ने
सम्पर्क कार्यालय सहायक: रिंकु कुमारी यादव
सम्पर्क नं.: ९८१९०२४८८१



# अनूसूची- २

## १. गाउँपालिकाको संक्षिप्त परिचय

### १.१ ऐतिहासिक पृष्ठभूमि :

सुनसरीको भोक्राहा गाउँपालिका जिल्लाको दक्षिण पश्चिमी भागमा पर्दछ । यस गाउँपालिकाको उत्तरी भागमा वराह र पूर्वी भागमा भने इनरूवा नगरपालिका पर्दछन् । अन्य दुईतिर हरिनगरा र कोशी गाउँपालिकाहरू रहेको यस गाउँपालिकाको बीच भागबाट पूर्वपश्चिम राजमार्ग गएको छ । भोक्राहा भेग उर्बर जमिनले भरपुर छ । उर्बर जमिन रहेको भोक्राहा गाउँपालिका कृषि उत्पादनका दृष्टिले निकै सम्पन्न छ । यस भेगबाट केही खोलाहरू पनि बगेका छन् । सप्तकोशी नदी नजिकै रहेको यस गाउँपालिकालाई भूमिगत जलस्रोतका लागि महत्वपूर्ण मान्न सकिन्छ । सागसब्जी र फलफूल उत्पादनका क्षेत्रमा यो गाउँपालिका जिल्लामा निकै प्रख्यात छ । यसको नजिकै रामधुनी, चतरा, प्रकाशपुर, चकरघट्टी र वराहक्षेत्र जस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रहरूको अवस्थिति रहनाले यो गाउँपालिका भेग ऐतिहासिक र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण मानिन्छ ।

अघि भोक्राहा गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको थियो । कोशी नदीका किनारी भागमा केही जातजातिका मानिसहरूका ससाना वस्तिहरू थिए । तत्काल घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । भोक्राहा गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन् । भोक्राहा नाम आफैं पनि ऐतिहासिक छ । अझ नरसिंह र भोक्राहा गाविस मिलेर यो गाउँपालिका बनेको हो । नरसिंह नाम भने झनै ऐतिहासिक देखिन्छ । किनकि अघि यस भेगमा नरसिंह विष्णुको एउटा पुरानो प्रतिमा पाइएको थियो, जसका आधारमा यस गाविसको नाम नै नरसिंह राखिएको हो । यहाँ प्राप्त नरसिंहको प्रतिमालाई इसाको पाँचौं शताब्दीतिर निर्मित प्रस्तर प्रतिमा मानिएको छ । उक्त प्रतिमा हाल काठमाडौंको राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको छ । यसबाट यो गाउँपालिका क्षेत्र ऐतिहासिक कालदेखि नै प्रख्यात स्थल थियो भन्ने देखिन्छ ।

विक्रमको पाँचौं शताब्दीसम्ममा यसको नजिकै पर्ने वराहक्षेत्रको ख्याति भारतको ठूलो भूभागसम्म फैलिएको देखिन्छ । तसर्थ मेला पर्वका अवशरमा भारततिरबाट वराहक्षेत्रमा थुप्रै मानिसहरू तीर्थयात्राका लागि आउने गर्दथे । तत्काल मोरङ झाडी अति घना भएकाले वराहक्षेत्र जान पनि नदी किनाराको बाटो हिंड्नु पर्दथ्यो । सम्भवत हरिनगरा तथा भोक्राहा हुँदै भारततिरका तीर्थयात्री वराहक्षेत्रतिर जाने र फिर्ने गर्दथे । तत्काल यस भेगमा केही ससाना वस्ति पनि थिए । त्यहाँ वैष्णव मन्दिर पनि बनेका हुँदा तिनै मन्दिरमा राखिएको नरसिंह विष्णुको प्रतिमा यस भेगमा पाइएको हो । कालान्तरमा कोशीको बाढीका कारण यहाँका बस्ति नासिए र मन्दिर भत्किए । तर तत्कालको या विक्रमको पाँचौं शताब्दीतिरको नरसिंह विष्णुको प्रतिमा भने कोशीको बगरमा हजारौं बर्ष त्यत्तिकै रह्यो र पछि प्राप्त हुन पुग्यो । यहाँका पुराना वसोबासका भग्नावशेषहरू पनि बेलाबेलाको कोशीको बाढीका कारण बगेर गए र नासिए पनि । यसरी भोक्राहा भेग नेपालको सुनसरी जिल्लामा पर्ने एक ऐतिहासिक क्षेत्र हो भन्ने कुरा स्पष्ट छ ।

ऐतिहासिक कालमा भोक्राहा भेगमा बेलाबेलामा मानिसहरूको बस्ति बस्ने र नासिने क्रम चल्यो । यसै क्रममा यो स्थान कुनै बेला विभिन्न राज्यको अधीनमा पर्ने र स्वतन्त्र हुने कार्य पनि चलिरह्यो । कुनै बेला मत्स्यदेश भित्र पर्ने भोक्राहा लगायतको वरपरको ठूलो स्थानमा धेरै पहिलेदेखि नै मानिसको बसोबास भएको अनुमान छ । सुनसरीको चतरा, चकरघट्टी, रामधुनी र इटहरी सरहनै भोक्राहा गाउँपालिकाका विभिन्न क्षेत्रमा पनि मानिसहरूको बसोबास थियो । मध्यकालमा कुनै बेला भोक्राहा भेग पनि मोरङे राजाहरूको अधीनमा थियो भन्ने देखिन्छ । किनकि मध्यकालताका अहिलेका सुनसरी, मोरङ र झापा मोरङ अन्तर्गत पर्दथे । मुरेहांगको मोरंग विजयपछि यो स्थान पनि मुरेहांगको अधिनमा पऱ्यो । यसैगरी विजयनारायणले यसलाई विजयपुर राज्यमा पारे भने पछि यो भेग विभिन्न राजा र रजौटाका अधीनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरे ।

पाल्पाली सेनको अधीनमा परेको भोक्राहा लगायतको विजयपुर राज्य मकवानपुरको अधिनमा राखिएको थियो । यस भेगको राजा भने लोहांगसेन थिए, जो मकवानपुरमा बसेर शासन गर्दथे । अझ पछि भने मकवानपुरे सेन राजा हरिहरसेनका नाति विधाता इनद्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा भोक्राहा लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । कोशी पूर्वको ठूलो क्षेत्र विजयपुर राज्य भित्र पर्दथ्यो । तर भोक्राहा भेगलाई बेलाबेलामा कोशीको बाढीले दुख दिने गरेको हुनाले यहाँ बस्ति बस्ने र पुन नासिने क्रम नियमित रूपमा चलेर गयो । तसर्थ यसको अविछिन्न इतिहास पाउन नसकिएको हो ।

वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिने क्रममा भोक्राहा लगायतको विजयपुर भेग पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो । त्यसपछि केही समयसम्म साँगुरीगढीबाट यस भेगको शासन चल्यो । पछि यस भेगको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि.सं. १९७१ साल पछि भने मोरङको राजधानी विराटनगरमा सऱ्यो । त्यसपछि भोक्राहा भेग मोरङको एक महत्वपूर्ण क्षेत्र बन्न पुग्यो । तर यस भेगको जमिन निकै उर्बर भएको हुनाले यस स्थानमा राज्यको पनि चासो रहीरह्यो ।

## १.२ नामाकरण :

भोक्राहाको नामकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । हालको भोक्राहा शब्द भोकाको अपभ्रंश भई बनेको मानिन्छ । भोक्राहाको नामाकरणका बारेमा स्थानीय जनमानसमा प्रचलित एक किंवदन्ती अनुसार अघि यस भेगमा कोशीको बाढीले गर्दा बालुवा नै बालुवा रहेकाले कृषि उत्पादन राम्रोसँग हुँदैनथ्यो । तसर्थ त्यस भेगमा यदाकदा भोकमरी पनि पर्ने गर्दथ्यो । यता त्यसको छेउछाउमा बस्ने मानिसहरूले यस भेगलाई अन्न नफल्ने तथा भोकमारी लाग्ने स्थानका रूपमा भोकाहा भनेका हुन् भन्ने मान्यता छ ।

भोकाहा गाउँपालिकामा नरसिंह गाविस पनि गाभिएको छ । यहाँ नरसिंह नाम नरसिंह विष्णुका नाममा राखिएको हो । यस भेगमा आजभन्दा करिव ६० वर्ष पहिले तिर नरसिंह विष्णुको एउटा पुरानो प्रतिमा पाइएको थियो । आजभन्दा करिव १५ सय वर्ष पहिले निर्माण गरिएको मानिने उक्त प्रस्तर प्रतिमा हाल राष्ट्रिय संग्रहालय छाउनीमा संग्रहित छ । पूर्णकदको स्थानक उक्त प्रस्तर प्रतिमाले यस भेगको ऐतिहासिकता दर्साएको छ । यो प्रतिमा नरसिंह गाउँमा पाइनुको मतलव यस भेगमा अघि विष्णुका प्रतिमा र मन्दिरहरू स्थापना भएको अनुमान छ । यता यो प्रतिमा यसभन्दा केही उत्तरतिरबाट नदीको बाढीले बगाएर ल्याएको पनि हुन सक्तछ । जे भए पनि नरसिंह भेग ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले पनि महत्वपूर्ण छ । यसरी नरसिंह गाविस आफैंमा ऐतिहासिक महत्वको छ । यसले गर्दा भोकाहाको ऐतिहासिक महत्व पनि बढेर गएको देखिन्छ । अघि यस भेगबाट वराहक्षेत्र जाने आउने मानिसहरू हिंडडुल गर्दथे । सम्भवत यस भेगमा त्यसै बेला विभिन्न देवीदेवताका मन्दिरहरू समेत स्थापना भएका थिए भन्ने देखिन्छ ।

भोक्राहा गाउँपालिकामा नरसिंह गाउँपालिका पनि समावेश छ । यहाँ नरसिंहको नामकरणका सम्बन्धमा स्थानीय मानिसहरुमा प्रचलिन विश्वास अनुसार भने अघि नरसिंहलाई नरसिंहटापू भनिन्थ्यो । यो गाउँ कोशीको बाढीले टापूका रुपमा परिणत भएको थियो । त्यहाँ विभिन्न प्रकारका जंगली जनावरहरु पाइन्थे भने मानिसहरु पनि बसोबास गरेका थिए । यसरी एउटै टापूमा जंगली जनावर र मानिसहरुको पनि बसोबास भएकाले मानिस र पशु सँगसँगै बस्ने टापुका रुपमा यसलाई नरसिंह टापु भनिएको हो । कालान्तरमा उक्त स्थान नरसिंह गाविसका नामले प्रख्यात भएको धारणा स्थानीय मानिसहरुमा पाइन्छ ।

### १.३ हावापानी र तापक्रम :

यस गाउँपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेको छ। यस गाउँपालिकामा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा निकै गर्मी हुने गरेको छ। यहाँको न्यूनतम तापक्रम १२ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ३८ डिग्री सेल्सियसका बीच रहेको छ। यस गाउँपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ।

### १.४ राजनैतिक विभाजन तथा प्रशासनिक विभाजन :

भोक्राहा नरसिंह गाउँपालिकाको स्थापना वि.सं. २०७३ मा गरिएको हो। यस अघिका अरु अलग अलग गाउँ विकास समितिहरूलाई मिलाएर यस गाउँपालिकाको घोषणा गरिएको छ। यस गाउँपालिकामा ८ वटा वडाहरू छन्। यस गाउँपालिकाभित्र महत्वपूर्ण व्यापारिक केन्द्र छैन, छिमेकी इनरुवा नगरपालिकामा रहेको इनरुवा बजार नै यहाँको नजिकको बजार हो।

### १.५ भौगोलिक स्वरूप :

सुनसरी जिल्लाको १२ वटा स्थानीय तहमध्ये भोक्राहा नरसिंह गाउँपालिकाको कुल क्षेत्रफल ६३.३७ वर्ग कि.मी. मा फैलिएको यस गाउँपलिकामा ६७९८ घर-परिवार र ४५२३८ जनसंख्या रहेको छ। समुद्र सतहबाट ७० मिटर उचाइमा रहेको यस गाउँपीलकामा करिब ९० प्रतिशत कृषियोग्य र गैर कृषि क्षेत्रको जमिन करिव १० प्रतिशत रहेको छ। यस गाउँपालिकामा साक्षरता दर ४७.४ प्रतिशत रहेको छ।

### १.६ जनसंख्याको विवरण

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाको घरधुरि सर्वेक्षण २०७४ अनुसार कुल जनसंख्या ४५,२३८ रहेको छ। जसमा पुरुष २१७०४ र महिला २३०२५ जना रहेका छन्। यता बि.सं.२०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ४०६३६ थियो जसमा महिला २०६८३ जना र पुरुष १९९५३ जना थिए। संख्यागत रुपमा विगत ६ बर्षको अन्तरालमा यस गाउँपालिकाको जनसंख्या ४,६०२ जनाले बढोत्तरी भई बि.सं.२०७४ सालमा जम्मा जनसंख्या ४५,२३८ जना पुगेको छ।

| **गाउँपालिकाको नाम** | | **भोक्राहा नरसिंह गाउँपालिका** | |
|---|---|---|---|
| क | **गाउँपालिकाको स्थापना** | २०७३ साल | |
| ख | **क्षेत्रफल** | ६३.३७ वर्ग कि.मी. | |
| ग | **राजनैतिक तथा प्रशासनिक सिमाना** | पूर्व | इनरुवा नगरपालिका |
| | | पश्चिम | कोशी गाउँपालिका र भारत |
| | | उत्तर | बराहक्षेत्र नगरपालिका |
| | | दक्षिण | हरिनगर गाउँपालिका |
| घ | **राजनैतिक, प्रशासनिक बिभाजन** | **संघिय प्रदेश नं १** | |
| | | विकास क्षेत्र | पूर्वाञ्चल |
| | | अञ्चल | कोशी |
| | | जिल्ला | सुनसरी |
| | | जिल्ला सदरमुकाम | इनरुवा |
| | | जम्मा वडा संख्या | ८ |
| | | वडा कार्यालय संख्या | ८ |

| ङ | **भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल** | |
|---|---|---|
| १ | भौगोलिक अवस्था | सबै तराई क्षेत्र |
| २ | हावापानी | समसितोष्ण |
| ३ | कृषियोग्य जमिन | ६४१३ हेक्टर |
| ४ | कृषि क्षेत्र | ९० प्रतिशत |
| ५ | गैह्र कृषि क्षेत्र | १० प्रतिशत |
| ६ | घरधुरी संख्या | ७९२० |
| ७ | कुल जनसंख्या | ४५,२३८ जना २०७४ को सर्वेक्षण अनुसार |
| ८ | महिला | २३०२५ |
| ९ | पुरुष | २१७०४ |
| १० | औषत जनसंख्या बृद्धिदर (वार्षिक) | १.८ प्रतिशत |
| ११ | लैङ्गिक अनुपात | ९६.४७ जना |
| | **विद्यालय** | |
| ९ | निजि/संस्थागत विद्यालय | ७ वटा |
| १० | सामुदायिक विद्यालयहरु | २६ वटा |
| ११ | धार्मिक विद्यालय | १५ वटा |
| १२ | वाल विकास केन्द्र | ५९ वटा |
| १३ | साक्षारता दर | ४७.४ प्रतिशत |
| | **घरको अवस्था** | |
| १४ | खरको छाना भएको घर | १९२१ |
| १५ | जस्ता पाताले छाएको घर | ४५४४ |
| १६ | छत ढलाइ भएको घर | २१७ |

## १.७ वडा विभाजन :

सुनसरीको दक्षिण पश्चिम भागमा पर्ने भोक्राहा नरसिँह गाउँपालिका नक्सामा हेर्दा सिधा ठाडो स्वरूपको देखिन्छ। यो गाउँपालिका भोक्राहा र नरसिंह गाविसलाई मिलाएर वि.सं. २०७३ सालमा पुनर्संरचना गरिएको हो । यसमा निम्नानुसारले वडा विभाजन गरिएको छ।

| | |
|---|---|
| भोक्राहा गाविसका वडा नं. ३, ४ र ८ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. १ |
| भोक्राहा गाविसका वडा नं १ र २ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. २ |
| भोक्राहा गाविसका वडा नं. ५ र ६ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. ३ |
| भोक्राहा गाविसका वडा नं. ७ र ९ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. ४ |
| नरसिंह गाविसका वडा नं १ र ४ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. ५ |
| नरसिंह गाविसका वडा नं. २, ८ र ९ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. ६ |
| नरसिंह गाविसका वडा नं. ३, ५ र ६ लाई मिलाएर | भोक्राहा गाउँपालिका वडा नं. ७ |
| नरसिंह गाविसका वडा नं. ७ लाई | भोक्राहा गाउँपालिका वडा नं. ८ |

यसरी दक्षिणपश्चिम सुनसरीका यी दुईवटा गाविसलाई मिलाएर भोक्राहा नरसिँह गाउँपालिका बनाईएको हो । यस गाउँपालिकामा जम्मा ८ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने भोक्राहा गा.वि.स.को नामका आधारमा राखिएको छ ।

## २. गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा

### २.१ सबल पक्ष

यस गाउँपालिकामा शहरी विकासका लागि पर्याप्त जमिनको उपलब्धता छ । पूर्वपश्चिम राजमार्गसँग जोडिएको सडक संजाल सहितको यातायात सुविधा यस गाउँपालिकाको अर्को महत्वपूर्ण सबल पक्ष हो । शैक्षिक क्षेत्रमा विगतको तुलनामा सुधार भई विद्यालय भर्ना दरमा बृद्धि भएको छ। अधिकांश टोल वस्तिहरुमा विधुत सेवा पुगेको छ भने करिब ८०% जमिनमा सिचाई सुविधाको पहुँच रहेको अवस्था छ। यस क्षेत्रमा उत्पादित जुनसुकै वस्तुका लागि पनि वजारको अभाव छैन। नजिकै रहेका ठूला शहरी क्षेत्र र यातायात सुविधाका कारण यहाँ उत्पादित वस्तु देशको कुनै पनि स्थानमा पुऱ्याउन सकिने सम्भाबना रहेको छ।

### २.२ कमजोर पक्ष

यस भोक्राहा नरसिंह गाँउपालिकामा दिगो विकासमा आधारित गुरु योजनाको अभाव छ। स्तरीय पूर्वाधारको कमि छ । यहाँको सडक संञ्जाल पर्याप्त छैन । कालोपत्रे सडक अत्यन्तै न्यून छ । फोहोर व्यवस्थापनका लागि ल्यण्डफिल्ड साईडको अभाव रहेको छ। शुद्ध पिउने पानी, सडक, बत्ती, ल्याण्डलाईन टेलिफोन जस्ता सेवाहरु पर्याप्त छैनन्। गाउँको सामाजिक, आर्थिक रुपान्तरण र भौतिक पूर्वाधार निर्माणमा समुदायको लागत सहभागिता अति न्यून छ । सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षाको पठन पाठन संचालन गर्न सकिएको छैन । मुख्य पेशाको रुपमा रहेको कृषिलाई आधुनिक तरिकाले व्यवसायिकरण गर्न सकिएको छैन । यहाँको कृषि प्रणाली हालसम्म निर्वाहमुखि नै रहेको छ। सुविधा यूक्त स्वास्थ्य संस्थाको कमि छ। खाद्य गुणस्तर परीक्षण तथा नियन्त्रण हुन नसकेको कारण खाद्य पदार्थमा विषादी, अखाद्यवस्तु र मिसावटयूक्त पर्दाथको प्रयोग भईरहेको छ । जसका कारण मानव स्वास्थ्यमा अनेक प्रकारका समस्याहरु देखिएका छन् । यस गाउँपालिकामा सुदृढ औधोगिक र व्यापारी आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गईरहेको छ। आफ्नै कार्यालय भवन हुदाहुदै पनि कार्यकक्ष साँधुरो भएका कारण कतिपय शाखालाई काम गर्न अप्ठयारो परेको अवस्था छ । समग्र भन्नु पर्दा भोक्राहा नरसिंह गाउँपालिका आर्थिक , सामाजिक ,भौतिक तथा वातावरणिय आधारमा प्रारम्भिक अवस्थामै रहेको छ।

### २.३ अवसर

भोक्राहा नरसिंह गाउँपालिका इनरुवा जस्तो प्रदेश नं. १ को पुरानो तथा नाम चलेको शहरसंग जोडिएको छ। विभिन्न सडकले यस गाउँपालिकाको यातायात सुविधामा ठूलो योगदान पुऱ्याएको छ । उर्वर कृषियोग्य जमिन प्रशस्त मात्रामा भएको हुँदा कृषि क्रान्तिको ढोका खोल्ने ठूलो अवसर प्राप्त छ । पूर्व-पश्चिम राजमार्गसँग जोडिएको गाउँपालिका भएको हुनाले यहाँ उत्पादित सम्पूर्ण सामग्रीहरु नजिकैको बजार तथा ठूला शहरहरुमा सजिलै निर्यात गर्न सकिन्छ । यस गाउँपालिकामा रहेका धार्मिक स्थलहरुको सम्बर्द्धनबाट साँस्कृतिक पर्यटन प्रवर्द्धनको विकास गर्न सकिने सम्भावना रहेको छ।

## २.४ चुनौती

यस गाउँपालिकामा अव्यवस्थित बसोबास मुख्य चुनौतीको रुपमा रहेको छ। वर्षेनी ठूलो संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको छ। यसले गाउँको विकासमा प्रतिकूल प्रभाव पारेको छ। यसरी गाउँको सक्रिय जनसंख्या श्रम पलायनका कारण वर्षेनी बिदेसीने गरेको हुँदा कृषि पेशा नै संकटमा पर्ने खतरा बढको छ। यसै गरि गरिबी, बेरोजगारी, अशिक्षा र अन्धपरम्परा यहाँको आर्थिक, समाजिक, र भौतिक विकासका लागि चुनौतीका रुपमा रहेका छन्। भूमीको समुचित व्यवस्थापन हुन नसक्नु अर्को चुनौतीको विषय हो। बढी जमिन हुने मानिसले खेति गर्न छाड्दै छन्। बढी जमिन हुने जमिनदारहरु कृषि पेशा छोडेर शहरतिर सर्ने परिपाटी बढ्दै गएको छ।

## २.५ भोक्राहा नरसिंह गाउँपालिकाले वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि लिइएका आधारहरु :

क वित्तिय हस्तान्तरण अन्तरगत संघीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिमा सहितको मार्गदर्शन।
ख श्रोत अनुदान तथा बजेट सिमा निर्धारण समितिद्धारा सिफारिस गरिएका आम्दानी र खर्च सम्बन्धि सीमा तथा आधार।
ग स्थानीय राजश्व परामर्श समितिद्धारा गरिएको कर तथा राजश्वको प्रक्षेपण।
घ टोल बस्तीबाट माग गरिएको आयोजना छनौट तथा प्राथमिकता निर्धारण।
ङ विषयगत क्षेत्र अनुसार योजना तर्जुमा।
ट्ट बजेट तथा कार्यक्रम तर्जुमा समितिद्धारा एकिकृत बजेट तथा कार्यक्रमको तर्जुमा।
ज गाउँ कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रमको स्वीकृत।
झ गाउँसभाको बैकबाट बजेट तथा कार्यक्रम प्रस्तुत गरि स्वीकृति।

## भोक्राहा नरसिंह गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको समिक्षा :

- ❖ भोक्राहा नरसिंह गाउँपालिका भित्र रहेको कृषि क्षेत्रको प्रचुर सम्भावनालाई मध्यनजर गरी कृषि क्षेत्रको व्यवसायिकरण र उत्पादनमा बृद्धि गर्न कृषि सम्बन्धी चेतनामुलक र सीपमुलक तालिम सञ्चालन गरियो
- ❖ नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य, समन्वय र साझेदारीमा पकेट विकास कार्यक्रम, मकै प्रवर्द्धन कार्यक्रम, उन्नत धानको विउ वितरण जस्ता लोकप्रिय कार्यक्रम संचालन गरियो।
- ❖ नेपाल सरकारसँग समन्वय र साझेदारीमा यस भोक्राहा नरसिंह गाउँपालिका भित्र रहेका यूवाहरुलाई उद्यमशिल र आत्मानिर्भर बनाउने हेतुले लघु उद्यम विकास कार्यक्रम मार्फत यूवाहरुलाई विभिन्न सिप मुलक तालिम र उपकरणहरु हस्तान्तरण गरियो।
- ❖ विभिन्न ठाउँमा आवश्यकताको प्राथमिकताको आधारमा सिचाइका लागि बोरिङ्ग जडान गरी सयौ कृषकहरुको बाली उब्जनीमा बृद्धि गरिएको छ।
- ❖ सिंचाईलाई मुख्य प्राथमिकता दिई विभिन्न ठाउँमा नहर निर्माण तथा सफाई गरियो।
- ❖ यसै आर्थिक वर्षमा नेपाल सरकारसगँ समन्वय र साझेदारीमा बाखा पालन र बंगुर प्रवर्द्धन कार्यक्रम गरी पशुपन्छी विकास कार्यक्रममा अगाडि बढेको र आत्मनिर्भर उन्मुख भएको छ।
- ❖ भोक्राहा नरसिंह गाउँपालिकामा यसै आर्थिक वर्षमा करिब २२ कि.मि. सडक कालोपत्रे गर्नको लागि विद्युतिय बोलपत्रको माध्यमबाट आह्वान गरी सम्झौता भई निर्माण कार्य तिब्र रुपमा भईराखेको छ।
- ❖ यसै आर्थिक वर्षमा भोक्राहा नरसिंह गाउँपालिकामा करिब ९ वटा बाटोमा कालोपत्रे तिव्र रुपमा भईरहेको छ भने करिब १५ वटा बाटाहरु स्तरबृद्धि भएको छ।

- विभिन्न बाटोको स्तर बृद्धि भई सडक सञ्जालमा भोक्रहा नरसिंह गाउँ पालिकाका अगाडि बढि सकेको छ
- भोक्राहा नरसिंह गाउँपालिकामा व्यवस्थित र मर्यादित शिक्षा प्रदान गर्न भोक्रहा नरसिंह गाउँ पालिकाको शिक्षा ऐन २०७७ जारी गरियो ।
- यसै आ.व मा यस भोक्रहा नरसिंह गाउपालिकाको प्रशासकिय भवन निर्माण गर्नको लागि निर्माण व्यवसायिसँग सम्झौता गरी निर्माण कार्य तिव्र रुपमा अगाडि बढिसकेको छ ।
- शैक्षिक क्षेत्रको विकास र व्यावहारिक बनाउन नेपाल सरकारको सहकार्यमा विभिन्न विद्यालयमा भवन तथा अन्य संचाना निर्माण गरी विभिन्न शैक्षिक संस्थालाई फर्निचर तथा कम्प्यूटर जस्ता उपकरण हस्तान्तरण गरियो ।
- भोक्राहा नरसिंह गाउँपालिकाको नागरिकको स्वास्थ्यको ख्याल गरी कुनै पनि नागरिक प्रथामिक स्वास्थ्य उपचारबाट बञ्चित नहुन भन्ने उद्देश्यले सवै वडामा स्वास्थ्य चौकीको स्थापना गरी स्वास्थ्य कर्मीहरुको व्यवस्था गरिएको छ ।
- यस भोक्राहा नरसिंह गाउँपालिकामा १५ शैया अस्पताल निर्माणको लागि पहल गरिएको छ ।
- उपलब्ध स्वास्थ्य चौकी बाट गुणस्तरिय स्वास्थ्य उपचार प्रवाहको लागि त्यहाँ कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्दै विभिन्न समयमा पुर्नताजकी तथा अन्य आवश्यकिय तालिमहरु संचालन गरियो ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकाको विभिन्न वडामा त्यहाँको गरिब र विपन्न परिवारलाई स्वास्थ्य विमा गरिएको छ ।
- सरसफाई स्वास्थ्यसँग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको हुनाले यहाँको नागरिकलाई सरसफाईमा सचेन रहुन भनि विभिन्न संचार माध्यमबाट सरसफाई सम्बन्धी सचेतना मूलक सूचनाहरु संप्रषण गरिएको छ ।
- लैङ्गिक समनता र समाबेशीकरणलाई मध्यनजर गरी लैङ्गिक हिंसा विरुद्धको अभियान तथा विभिन्न सचेतना मूलक कार्यक्रमहरु सम्पन्न गरियो ।
- यस भोक्राहा नरसिंह गाउँपालिकाको सामाजिक र सांस्कृति धरातललाई बुझि सबै जाति, धर्म,लिङ्ग, र वर्गलाई समान अवसर र पहुच पुऱ्याउन र क्षमता विकासको लागि सहयोग गरियो ।
- यसै आर्थिक बर्षमा भोक्राहा नरसिंह गाउँ पालिकाका क्षेत्र भित्र करिव १९ वटा थान र मन्दिरहरुको निर्माण तथा मर्मत संभार गरिएको छ ।
- बेरोजगार र विदेश पलायन रोक्नका लागि यूवाहरुलाई सिप मूलक तालिम तथा आर्थिक आत्मानिर्भरता बढाउनको लागि लघु उद्यम व्यवसाय संचालनमा सहयोग परामर्श तथा उपकरण हस्तान्तरण ।
- खेलकुद विकास बहु आयमिक, सामाजिक विकास र समृद्धिको स्तम्भ मानेर विभिन्न खेलकुद समितिहरुलाई आर्थिक सहयोग तथा विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरियो ।
- गरिवी निवारणको लागि स्थानिय स्तरमा लघु उद्यम विकासमा नेपाल सरकार र प्रदेश सरकारसगँ सहकार्य र समन्वय गरी विभिन्न सिपमूलक तालिमको व्यवस्था गरियो ।
- यस भोक्राहा नरसिंह गाउँपालिकाको नागरिकहरुलाई प्रभावकारी सेवा प्रभाह गर्न सम्वन्धित कर्मचारीहरुलाई आवश्यक र उपयुक्त तालिमको व्यवस्था गरियो ।
- वातावरण संरक्षण र विकासको लागि विभिन्न ठाउँमा वृक्षरोपण कार्यक्रम गरियो ।
- फोहोर मैला व्यवस्थापन र उपयुक्त विस्थापनको लागि विभिन्न संचार माध्यबाट सचेतना मूलक सूचना संप्रेषण गरियो ।

- ❖ यसै आर्थिक वर्षमा भोक्राहा नरसिंह गाउँ पालिकाकाले यस स्थानिय सरकारलाई व्यवस्थित मर्यादित र सेवा प्रभाह छिटो छरितो र प्रभावकारी होस भनि करिब १२ वटा ऐन नामवली निर्देशिका र कार्यविधिहरु जारी गरियो ।
- ❖ यसै आर्थिक वर्ष देखि नगरिकको व्यस्तता र सहजतालाई मध्यनजर गरी स्थानिय सरकारको आन्तिरिक राजश्वलाई व्यवस्थित र पारदर्शी बनाउन र आधुनिक प्रविधिको प्रयोग गरी स्थानिय सरकारलाई डिजलिकृत गर्दै लैजाने हेतुले अनलाईन माध्यमबाट राजश्व संकलन गर्ने कार्यको सुरुवत गरियो ।
- ❖ यसै आ.ब.मा यस भोक्राहा नरसिंह गाउँ पालिकाकाको संगठन तथा व्यवस्थापन (O &M suevey) गरी त्यही सर्भेको आधारमा संगठन निर्माण गरी आवश्यक कर्मचारीको माग गरी केहि कर्मचारीहरु करारमा नियुक्ति गरिएको छ ।
- ❖ स्थानिय सरकार संचालन ऐन ७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयन गरिएको छ ।

## आर्थिक वर्ष २०७७/०७८ को संक्षिप्त आय व्याय :

मिति २०७८ असार ४ गते सम्ममा नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदानको रुपमा प्राप्त हुने रु. १२ करोड ७४ लाख  मध्ये सवै प्राप्त भईसकेको छ । नेपाल सरकार बाटै प्राप्त हुने शसर्त अनुदान वापतको रकम रु. १६ करोड ७५ लाख बाट विभिन्न शिर्षकमा शंसोधन भई रु. १९ करोड २ लाख २८ हजार प्राप्त हुनु पर्नेमा असार ४ गतेसम्म रु. १७ करोड ८६ लाख ८० हजार ७ सय ५० प्राप्त भईसकेको छ । त्यसै गरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान वापतको रकम रु. ७४ लाख ३४ हजार मध्ये सबै प्राप्त भईसकेको र प्रदेश सरकारकै शसर्त अनुदान वापतको रु. २३ लाख ७९ हजार मध्ये सवै प्राप्त भईसकोको छ । त्यसै गरी प्रदेश सरकारबाट समपुरक अनुदान वापतको रकम रु ७० लाख मध्ये पहिलो किस्ता वापतको रकम रु. २३ लाख ३३ हजार प्राप्त भएको तर विभिन्न कारणले गर्दा समपुरक अनुदानको रकम कार्यान्वयन नभएकाले सो पहिलो किस्ता वापतको रकम रु. २३ लाख ३३ हजार प्रदेश सरकारलाई नै गरियो । त्यसै गरी नेपाल सरकार बाट राजश्व बाडफाँड वापत प्राप्त हुने रकम रु. ८ करोड ५४ लाख ४९ हजार १ सय ४० मध्ये रु. ७ करोड ९ लाख ९२ हजार ४ सय ८६ रुपैया ९८ पैसा प्राप्त भईसकेको छ ।त्यसै गरी प्रदेश सरकार बाट प्राप्त हुनु पर्ने राजश्व वाँडफाँड वापतको रकम रु. ४३ लाख ७० हजार मध्ये रु ३९ लाख ९१ हजार ४ सय ६५ रुपैया ५० पैसा प्राप्त भईसकेको छ । त्यसै गरी आन्तरिक आय तर्फ रु. १ करोड २१ लाख मध्ये रु. १ करोड १२ हजार ६ सय १३ रुपैयाँ ७५ पैसा प्राप्त भईसकेको छ । त्यसै गरी अघिल्लो आर्थिक वर्षको वाकी रहेको अनुमानित रकम मौज्दात रु. ४ करोड ३७ लाख ३० हजारलाई संशोधन गरी रु. ३ करोड ९० लाख २८ हजार ५ सय ८४ कायम भएको छ । त्यसै गरी जम्मा आय रु. ४८ करोड ९ हजार १ सय ४० मध्ये रु. ४४ करोड २२ लाख ५१ हजार ९ सय २३ रुपैयाँ अर्थात ९२.१२ प्रतिशत प्राप्त भईसकेको छ । त्यसै गरी व्यय तर्फ मिति २०७८ असार ४ गते सम्मको आंकडा हेर्दा चालु तर्फ रु. २६ करोड ५० लाख ५४ हजार ५ सय ४४ मध्ये रु. १८ करोड ८३ लाख ३४ हजार ९९ रुपैया १२ पैसा अर्थात ७१.०५ प्रतिशत खर्च भईसकेको छ भने पूजीँगत तर्फ रु. २१ करोड ५० लाख ३५ हजार ५ सय ९६ मध्ये रु. १० करोड ६६ लाख २५ हजार ८ सय ७६ रुपैया अर्थात ५९.५८ प्रतिशत खर्च भएको छ । जम्मा वजेट रु. ४८ करोड ९ हजार १ सय ४० मध्ये रु. २९ करोड ४९ लाख ५९ हजार ९ सय ७५ रुपैयाँ १२ पैसा अर्थात ६०.३२ प्रतिशत खर्च भईसकेको छ ।

**आर्थिक वर्ष २०७८/०७९ को बजेट निति तथा कार्यक्रम तर्जुमा गर्दा देहायको विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्वन वा आधारमा निर्माण गरिएको छ।**

- नेपालको सविधानले निर्देशित गरेको स्थानिय तहका काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्राथमिकताहरु
- नेपालको सविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेको अधिकारहरु
- स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेको विषयहरु
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानिय विकास तथा सामान्य प्रशासन मन्त्रालय, बजेट सिलिङ्, मार्गदर्शन एवम् निर्देशनहरु सुझावहरु
- पन्ध्रौं योजनाले निर्दिष्ट गरेको लक्ष्यहरु सवै दिगो विकासको रणनितिले अवलम्वन गरेको बचन प्रतिवद्धताहरु
- गाउँ बासी, नागरिक समाज, गैर सरकारी क्षेत्र, निजी तथा अन्य सम्वन्धीत क्षेत्रहरुको माग ,राय तथा सुझावहरु

गत आर्थिक वर्षको अन्त्यमा पनि विश्व महामारीले गर्दा हामीले आफ्नो नीति तथा कार्यक्रमहरु पूर्ण रुपमा संचालन गर्न पाइएन र धेरै वटा योजनाहरु हटाई प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी नागरिकलाई राहत वितरण गरिएको कुरा जगजाहेर नै छ। यस आर्थिक वर्षको पनि बैशाख महिना देखि पूर्ण रुपमा बन्दा बन्दीको कारण सवै नीति तथा कार्यक्रमहरु संचालन गर्न सकिएन यस्तो महामारीको वावजुत यातायात पूर्वाधार क्षेत्र र स्वास्थ्य क्षेत्रमा सन्तोष जनक काम भएको छ। यस महामारीले कहिलेसम्म कति असर र प्रभाव पार्छ भन्ने कुराले अहिले नै एकिन गर्न कठिन छ । यस्तै विपतको अन्योलताका विच भोक्राहा नरसिंह गाउँ पालिकाको आ.ब.२०७८/०७९ को वजेट तथा नीति तथा कार्यक्रम प्रस्तुत छ।

**आर्थिक वर्ष २०७८/०७९ मा आय तर्फ :**

नेपाल सरकार वित्तिय समानीकरण अनुदानको वापत रकम रु. १३ करोड ८ लाख, नेपाल सरकारकै शसर्त अनुदान वापतको रकम रु. १८ करोड ११ लाख प्राप्त हुनेछ। यसै गरी प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान वापद रु. ७६ लाख ३३ हजार र प्रदेश सरकारको शसर्त अनुदानको रकम रु. २६ लाख १८ हजार र प्रदेश सरकारकै समपुरक अनुदान वापतको रकम रु. १ करोड प्राप्त हुने अनुमान गरिएको छ। त्यसै गरी नेपाल सरकारको राजश्व बाँडफाँड वापतको रकम रु. ८ करोड ६० लाख ५१ हजार र प्रदेश सरकारको राजश्व बाँडफाँड वापतको रकम रु. ४३ लाख ५६ हजार ३ सय ४० रुपैया प्राप्त हने अनुमान गरिएको छ। त्यसै गरी त्रिपक्षिय साझेदारी कार्यक्रम अन्तर्गत करण फाउण्डेसनबाट रु १८ लाख ५९ हजार त्यसैगरी सूचना अधिकृतको तलब बापतको रकमको ७५ प्रतिशतले हुन आउने पि.एल.जि.पि.बाट रकम रु ३ लाख ५८ हजार ४ सय ३ रुपैया त्यसैगरी जिल्ल मालपोतबाट प्राप्त हुने मालपोत रजिष्ट्रेसन र अन्य रोयल्टीबाट प्राप्त हुने रकम रु ७० लाख त्यसै गरी आन्तरिक श्रोत तर्फ रु ५१ लाख त्यसै गरी अघिल्लो आर्थिक वर्षको बाकी रकम अर्थात नगत मोज्दात बापतको रकम रु. ३ करोड ५० लाख ५४ हजार ४ सय ९६ गरी जम्मा ४७ करोड १९ लाख ३३ हजार २ सय ३९ रुपैया प्राप्त हुने अनुमान गरिएको छ। त्यसै गरी व्यय तर्फ चालु खर्च रु २६ करोड ८४ लाख ४५ हजार २ सय ३९ रुपैया अर्थात ५६.८८ प्रतिशत रकम छुट्याएको छ।

# अनुसूची-२ को (२)

## भोक्राहा नरसिंह गाउँ पालिकाको आ.व. २०७८/०७९ को विषयगत क्षेत्र तर्फको व्यय अनुमान र नीति तथा कार्यक्रम

### १) आर्थिक विकास नीति

### क) कृषि :

- भोक्राहा नरसिंह गाउँ पालिका कृषि क्षेत्रको प्रचुर सम्भावना बोकेको ठाउँ हो । यहाँ अधिकांश भूमि खेति योग्य रहेको छ र सिँचाई गर्न पनि सहज र उर्वर भूमि भएकाले भोक्राहा नरसिंह गाउँपालिको समग्र विकास र समृद्धिको आधार स्तम्भ कृषि क्षेत्रलाई मानी पहिलो प्राथमिकतामा राखिएको छ ।
- सार्वजनिक नीजि र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको सिद्धान्तलाई आत्मसात गरी कृषि क्षेत्रलाई पूर्ण रुपमा व्यवसायिकरण गर्दै यहाँको सम्भावित अधिकतम उब्जनी हुन सक्ने बालीको पहिचान गरी त्यसलाई उत्पादन देखि बजारीकरणसम्मको कार्यमा गम्भीरताका साथ लाग्ने नीति लिएको छ ।
- व्यक्तिगत उत्पादन भन्दा सामुहिक कृषि उपज र उत्पादनलाई प्राथमिकता दिँदै साना किसानहरुलाई कृषि सहकारीमा र ठूला कृषकहरुलाई फर्म कम्पनीमा आवद्ध हुन प्रोत्साहित गरिने छ । गाउँपालिका क्षेत्र भित्र माटो परिक्षण गरी माटो र वातावरण अनुकुल वाली विकासमा कृषक, कृषक फर्म वा कृषि सहकारीहरुलाई अभिप्रेरित गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकालाई सक्षम र समृद्ध गाउँ पालिकाको रुपमा स्थापित गर्न यो बाकि समय भित्रमा आवश्यक सबै किसिमका संरचना र पद्धतिको विकास गर्ने तर्फ यस गाउँ पालिकाको ध्यान पूर्ण रुपमा केन्द्रित हुनेछ ।
- किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्दै कृषि उत्पादन, उत्पादकत्व बढाउन सिंचाईको उचित व्यवस्थापनको लागि योजना निर्माण र कार्यान्वयनमा ध्यान दिईनेछ ।
- बैकल्पीक सिंचाई व्यवस्थापनका लागि डिप बोरिङ्ग, स्टेट बोरिङ्ग, कृषि मोटर जस्ता उपकरणको माध्यमबाट सिंचाई सम्बन्धी समस्याको समाधान गरिनेछ ।
- कृषि उपजलाई व्यवस्थित गर्न निश्चत क्षेत्र तोकी कृषि जन्य थोक बजार, खुद्रा बजारको व्यवस्थापन गरी कृषि व्यावसायलाई व्यवस्थित गरिनेछ ।
- यस कृषि क्षेत्रको विकास, प्रवर्द्धन, आत्मानिर्भरता, आयातको प्रतिस्थापन गर्नको लागि शसर्त अनुदान सहित रु.८७ लाख रुपैया छुट्याएको छ ।

### ख) उद्योग :

- स्थानीय सरकार मजबुत र निर्भर हुनका लागि आन्तरिक राजश्वमा बढी जोड् दिनुपर्छ । आन्तरिक राजस्व नै हाम्रो मुल श्रोत र स्थायी श्रोत हो । त्यसैले करको दर भन्दा धेरै भन्दा धेरै उद्योग व्यवसायि संचालन गरी दायरा बढाउने तर्फ हाम्रो निति निर्देशी हुनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र संचालन गर्ने नयाँ उद्योगलाई प्रोत्साहन स्वरुप विभिन्न प्रकारको कर छुटको व्यवस्था गरिनेछ ।
- सार्वजानिक , नीजि र सर्वजनिक क्षेत्रको सहभागिता र विकास मार्फत स्थानिय अर्थतन्त्रलाई सुदृढ र मजबुद बनाउने नीति लिईने छ ।
- स्थानिय श्रम, सिप र क्षमताको पहिचान गरी त्यस्ता ईच्छा शक्ति भएका यूवाहरुलाई आवश्यक सिप तथा तालिमको व्यवस्था गरी आवश्यक उपकरण सहित हस्तान्तरण गरी लघु उद्यममा प्रोत्साहित गरीनेछ ।

- आर्थिक क्षेत्रका सबै गतिविधिहरुमा स्वच्छता, जवाफदेहीता र प्रतिष्पर्धा कायम गर्न आवश्यक नियमनको व्यवस्था गर्दै गाउँपालिकाको विकास र समृद्धिमा साझेदारी भूमिका निर्वाहका लागि प्रोत्साहन र परिचालन गरिनेछ ।
- सिमित श्रोत साधन अधिकतम परिचालन गरी प्राप्त उपलब्धीको न्यायोचित वितरण गरीनेछ ।
- घरेलु तथा साना उद्योगको विकास र सञ्चालनका लागि वैक तथा वित्तिय संस्थाहरुसगँ उचित समन्वय गरी एक अर्काको सेतुको रुपमा काम गर्ने नीति लिइनेछ ।
- वैदेशिक रोजगारमा रहेको उर्जाशिल युवाहरुलाई नेपालमा आई आफ्नो ज्ञान सिप र क्षमता अनुसारको आफ्नो पूँजी लगानी गरेको आफ्नो गाउँमै लघु उद्यम गरी स्थापित हुने उचित वातावरणको व्यवस्था गरी प्रोत्साहित र उचित सहयोग गर्ने नीति लिईनेछ ।
- घरेलु तथा साना उद्यागको व्यवसाय दर्ता गर्न सहज बनाउने र दर्ता गर्ने प्रोत्साहित गरिनेछ ।
- लघु उद्यम विकासको लागि शसर्त अनुदान सहित रु ३२ लाख रुपैया छुट्याइएको छ ।

**ग) जलश्रोत तथा सिचाई**

- कृषि क्षेत्रको विकास र प्रवर्द्धनको लागि सिचाईको आवश्यकता पर्दछ । भोक्राहा नरसिंह गाउँ पालिका भित्र आवश्यकता र प्रथामिकताका आधारमा स्थानिय श्रोत र साधनलाई परिचालन गरि सिचाईको अभाव हुन दिईने छैन ।
- कृषकहरुसगँको समन्वय र साझेदारीमा विभिन्न आवश्यक ठाउँहरुमा नहर निर्माण सम्वन्धी योजना बनाई कार्यान्वयन गरिनेछ ।
- नहरले भेट्न नसक्ने वा नहर भन्दा टाढा वा नहरको व्यवस्था नहुन्जेल सम्मको लागि वैकल्पिक व्यवस्थाको लागि बोरिङ्ग जडान तथा अन्य आधुनिक उपकरणको उपयोग गरी सिचाई सम्वन्धी समस्या समाधान गरिनेछ ।

**घ) पशु पन्छी विकास :**

- आर्थिक विकासको महत्वपुर्ण अंगको रुपमा पशु पन्छी विकासलाई पनि लिन सकिन्छ । यस भोक्राहा नरसिंह गाउँ पालिकामा सम्भावनाको पहिचान गरी उचित र वातारण अनुकुलको पशु पन्छी विकासको लागि उपयुक्त नीति लिईनेछ ।
- कुखुरा पालन, बाखा पालन, भैसी पालन, गाई, माछा, हाँस, बँगुर लगायतको अन्य सम्भावना भएको पशु पन्छी विकासमा सहकारी, निजि र सार्वजनिक क्षेत्रलाई उचित नियमन व्यवस्थापन गरी यस व्यावसायलाई व्यवस्थित र मर्यादित बनाई उपयुक्त वातावरणको निर्माण गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकारसगँ पनि उचित समन्वय र साझेदारी गरी यस क्षेत्रको विकास र प्रवर्द्धनमा विषेश जोड् दिई पहल गर्ने निति लिईनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको पकेट विकास कार्यक्रम अन्तर्गतको लोकप्रिय कार्यक्रमहरुसगँ साझेदारी गरी अझ बढि प्रभावकारी बनाईनेछ ।
- पशुपन्छी विकासमा संलग्न कृषक,कृषि फर्म, सहकारी लगायतको सम्वन्धीत व्यक्ति वा सस्थाहरुलाई आवश्यक तालिम र उपकरणहरुको व्यवस्थापन गरिनेछ ।
- पशुपन्छीको व्यापार व्यवसायलाई सु व्यवस्थित र मर्यादित बनाउन उपयुक्त स्थानमा बाधशाला तथा मासु वजारको व्यवस्थापन गरिनेछ ।
- मासुजन्य उत्पादन र दुधजन्य उत्पादनका लागि सम्बन्धीत कृषक, कृषि फर्म, कृषक समुह कृषि सहकारी लगायतलाई व्यावसायिक र आत्मानिर्भर बनाउन विषेश कार्यक्रम ल्याईने छ ।

- आवश्यकता अनुसार माछा मासु पसल तथा समग्र बजार अनुगमन गरी उचित नियमन गरी व्यवस्थापन गरिनेछ ।

## ङ) श्रम रोजगार नीति :

**प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धी नीति तथा कार्यक्रम :-**

- देशमा विद्यमान रोजगारी दर कम गर्नका लागि यस स्थानिय तहका रोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।
- स्थानिय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएको बेरोजगारीहरुलाई यूवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराईनेछ ।
- कोभिड १९ को कारण बाट बैदेशिक रोजगारमा जान नपाएका तथा विदेश बाट फर्कन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विषेश प्राथमिकता साथ रोजगार प्रदान गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी पालिका स्तरिय सिपमूलक तालिमका लागि रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारका क्षेत्र विस्तार गरिनेछ
- श्रमको सम्मान, पालिका अभियान, उपयुक्त पारिश्रमिक र समाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ । प्रधान मन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्दै गर्दा श्रमिकहरुलाई कुनै किसिमको दुर्घटना भएमा उपचारको व्यवस्था गरिनेछ । रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निज सहकारी तथा गैर सहकारी क्षेत्रसगँ समन्वय र सहकार्यमा जोड् दिईनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ । पालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
- संघीय सरकार बाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामग्री तथा औजारहरुको लागि पालिकाबाट वजेट विनियोजन गरिनेछ ।
- यस पालिका भित्र बसोवास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउ भन्ने उद्देश्यले आन्तरिक रोजगार वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ ।
- आर्थिक वर्ष २०७८/०७९ मा करिब २०० युवा यूवतीलाई व्यवसायिक तालिम दिई रोजगारी सिर्जना गरिनेछ ।
- बालश्रम लगायत बालशोषणका सवै रुपको अन्त्य गर्ने नीति लिईनेछ ।
- श्रमिक उद्यमी व्यवसायि विच सुसम्वन्ध कायम राख्दै व्यवस्थापनमा श्रमिकको सहभागितालाई प्रोत्साहन गदै लगिने छ ।
- बैदेशीक रोजगारमा जाने युवा युवतीहरु नठगिउन, नबेचिउन भन्नका लागि बैदेशिक रोजगारी सम्बन्धि विभिन्न चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

- बैदेशिक रोजगारबाट आर्जन भएको पुँजी,सिप, प्रविधि र अनुभवलाई आफ्नै गाउँमा उत्पादन मुलक क्षेत्रका लगाउन प्रोत्साहन गरिनेछ ।
- रोजगार प्रवर्द्धन, गरिब घर परिवार पहिचान, प्रधानमन्त्री रोजगार कार्यक्रम सहित जम्मा रकम रु. १ करोड छुट्याईको छ ।

**२) पूर्वाधार विकास नीति :**

**क) यातायात पूर्वाधार**

- यस भोक्राहा नरसिंह गाउँ पालिकाको सवै क्षेत्रमा स्रोत साधनको उपलब्धतालाई ध्यानमा राखी यातायात पूर्वाधार लाई विशेष प्राथमिकता दिई सवै क्षेत्रमा आवश्यकता अनुसार सडक संजाल जोडिने कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।
- सिमित स्रोत साधनलाई अधिकतम परिचालन गरी दिगो, भरपर्दो ,गुणस्तरिय र दिर्घकालीन परियोजनाहरु निर्माण गरिनेछ ।
- सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, लगायत अनुमान गरी वातावरण मैत्री र नागरिकको उच्चतम लाभको आधारमा भौतिक पुर्वाधारको निर्माण गरिनेछ ।
- सार्वजनिक स्थानमा निर्माण भएको घर, टहरा, पसल लगायतलाई हटाई निर्वाद, नियमित र साझा यातायात आवतजावतको लागि सहजीकरण गरिनेछ ।
- आगमी आर्थिक वर्षमा यातायात पूर्वाधार विकासको लागि रु.१० करोड ६८ लाख २४ हजार ९ सय ९६ रुपैया छुट्याईएको छ ।

**ख) भवन आवास तथा सहरी विकास :**

- वडा कार्यालय र वडा स्तरिय संरचना नभएको वडामा जग्गा उपलब्ध भएमा क्रमश वडा कार्यालय निर्माणका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- भवन आचारसंहितालाई मध्यनजर गरी यस भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र निर्माण हुने आवासिय भवनहरु मापदण्डका आधारमा मात्र निर्माण हुने व्यवस्था मिलाईनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिका भित्र विस्तार भईरहेका वजार वा बस्तीलाई व्यवस्थित गर्न आवश्यक ऐन तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- विकसित बजार क्षेत्रलाई व्यवस्थित , सफा र वातावरण मैत्री बनाउने विजुली, खानेपानी तथा ढलको व्यवस्था गरी स्वच्छ र सुन्दर शहरको रुपमा विकास गरिनेछ ।
- बजार क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गरी सडकको दायाँबायाँ वृक्षरोपण तथा रंगीचंगी फुल रोपी सुन्दर शहरको रुपमा विकास गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँपालिकामा रहेको सुकुम्बासी समस्यलाई मध्यनजर गरी नेपाल सरकारबाट गठित सुकुम्बासी आयोग नेपाल सरकार र प्रदेश सरकारसगँ पनि समन्वय गरी आवश्यकता अनुसार साझेदारी गरी समाधान गर्ने प्रतिवद्धता रहेको छ ।
- आगमी आर्थिक वर्षमा विशेष गरी सवै वडा कार्यालयको भवन निर्माण गर्नको लागि प्रदेश सरकारको समपुरक अनुदानको वापतको रकम रु. १ करोड सहित रु. ६ करोड रुपेया विनियोजन गरिएको छ । त्यसै गरि गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि रु.३ करोड ४० लाख १८ हजार २ सय ४१ रुपैया छुट्याइएको छ ।

**ग) पुननिर्माण :**

- झोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र रहेको विभिन्न सरकारी तथा अर्धसरकारी संरचनाहरुको पुन निर्माण तथा मर्मत संभार गरिनेछ ।
- सडक तथा पुल पुन निर्माण तथा मर्मत सम्भारको लागि हाम्रो आन्तरिक तथा नेपाल सरकार र प्रदेश सरकारसगँ समन्वय र साझेदारी गरी उक्त संरचनाको समयमै निर्माण गरिने नीति लिईनेछ ।

**३) सामाजिक विकास नीति :**

**क) शिक्षा**

- नेपालको संविधानले विद्यालय तहको शिक्षाको नियमन र अनुगमन र व्यवस्थापनको लागि स्थानिय सरकारलाई अधिकार प्रत्यायोजन गरेको कुरा सर्व विवितै छ । सो अनुसार संघीय शिक्षा ऐन र प्रदेशिक शिक्षा ऐन अधिनमा रहि यस झोक्राहा नरसिंह गाउँ पालिकाले तय गरेका शिक्षा ऐन प्रभावकारीसगँ कार्यान्वयन गरिनेछ ।
- झोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र भएका सम्पूर्ण सार्वजनिक र निजि विद्यालयहरुको नियमित अनुगमन तथा नियमन गरी गुणस्तरीय शिक्षा दिने निति लिईनेछ ।
- नेपालको खच्किदो शिक्षा क्षेत्रको कमी कमजोरी खोजी गरी वा सम्बन्धीत क्षेत्रका विज्ञहरुको सल्लाह सुझाव लिइ शिक्षा क्षेत्रलाई व्यवहारिक र प्रतिष्पर्धात्मक बनाउने नीति लिईनेछ ।
- विभिन्न विद्यालयहरुले शिक्षा प्रदान गर्दा आवश्यक समस्याहरुको परिचालन गरी समयमै समाधान गरि कुनै पनि कुराको अभाव हुन नदिने निति लिईनेछ ।
- कोरोना महामारी बाट प्रभावित शिक्षा क्षेत्रलाई कसरी सामान्य आवस्थामा ल्याउन सकिन्छ सो कुराको लागि विज्ञको सुझव अघि बढ्ने नीति लिईनेछ ।
- यस झोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र रहेको सामुदायिक विद्यालयका उत्कृष्ट छात्र छात्राहरुलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँ पालिका क्षेत्र भित्र रहेको बाल विकास केन्द्रहरुलाई सामुदायिकरण, एकिकरण र शसक्तिकरण गरिनेछ ।
- झोक्राहा नरसिंह गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- निजी विद्यालयहरुलाई नियमित अनुगमन, नियमन र व्यवस्थापन गरी आवश्यक निर्देशन दिइने छ ।
- प्रत्येक विद्यालयहरुमा शिक्षक र  विद्यार्थीहरुलाई पोशाक र परिचय पत्र अनिवार्य रुपमा लागु गरि विद्यालयलाई अनुशासित, मर्यादित र व्यवस्थित गरिनेछ ।
- शिक्षा क्षेत्रको विकास गर्न, व्यवस्थित गर्न गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक नियमावली, कार्यविधि,निर्देशिका बनाई जारी गरिनेछ ।
- आगामी आर्थिक वर्षमा शिक्षा क्षेत्रको लागि शसत् अनुदान रकम सहित रु १२ करोड ६४ लाख छुट्याईएको छ ।

**ख) स्वास्थ्य**

- नेपालको संविधानले मैलिक हकको रुपमा व्यवस्था गरेको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयनको लागि यस झोक्राहा नरसिंह गाउँ पालिका पूर्ण रुपमा प्रतिवद्धता रहने नीति लिएकोछ ।

- यस भोक्राहा नरसिंह गाउँ पालिका भित्र रहेको सबै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य चौकीलाई सुविधा सम्पन्न बनाई हाम्रो नागरिकलाई आधारभूत स्वास्थ्य उपचारमा कुनै पनि कमि हुन नदिने निति लिईनेछ।
- स्वास्थ्य सेवा सर्वसुलभ एवम् प्रभावकारी रुपमा आवश्यक जनशक्ति उपलब्ध गराई गुणस्तरीय औषधी र स्वास्थ्य सामाग्रीको सहज र प्रभावकारी आपुर्ति एवम् उपयोगको सुनिश्चत गरिनेछ।
- कोभिड १९ को विश्व महामारीले विश्व आक्रान्त पारेको छ। यस्ता किसिमको महामारी पटक पटक दाहोरिने भएकाले यस महामारी बाट पाठ सिक्दै अव आउने महामारीबाट बच्नका लागि पूर्व तयारीको उपयाहरु अपनाई सम्वन्धीत क्षेत्रहरुलाई सजक गराई आवश्यक तालिम, गोष्ठी, क्षमता विकास र सामाग्रीहरुको जोहो गरिनेछ।
- यस गाउँ पालिका क्षेत्र भित्र रहेको स्वास्थ्य शाखा र सबै स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकीहरको प्रभावकारी रुपमा समन्वय, अनुगमन र नियमन संयन्त्र प्रक्रिया द्धारा गुणस्तरिय स्वास्थ्य सेवा सुनिश्चत गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई संरक्षण र सम्वर्द्धन गरी आफ्नो जिम्मेवारीमा ईमान्दारिताका साथ तल्लीन हुन उत्पेरित गरिनेछ।
- यस भोक्राहा नरसिंह गाउँ पालिका अन्तर्गतको स्वास्थ्य चौकीहरुमा क्रमश ल्याव सेवा र चिकित्सकिय सेवा विस्तार गरी स्वास्थ्य चौकीहरुलाई २४ घण्टे प्राथमिक उपचार केन्द्रको रुपमा स्थापित गरिनेछ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकाको विपन्न, सिमान्तकृत जातजाती, आदिवासी तथा दिर्घरोगीहरुलाई स्वास्थ्य उपचार निशुल्क तथा निशुल्क उपचारको सिफारिस तथा आवश्यकता अनुसार आर्थिक सहायता गरिनेछ।
- बैकल्पिक स्वास्थ्य सेवा पद्धति (आयूर्वेद, होमियोप्याथी तथा अन्य विधि) लाई संरक्षण र सम्वर्द्धन गरिनेछ।
- प्रत्येक वडा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ।
- स्वास्थ्य क्षेत्र विकास र सेवा प्रभाह सुदृढिकरणको लागि शसर्त अनुदान रकम सहित रु.२ करोड १४ लाख छुट्याएको छ।
- त्यसै गरी स्थानीय स्वयसेविकाको मनोबल उच्च बनाउन तथा स्वयसेविकाले प्रदान गर्ने सेवा प्रभाहमा प्रभावकारीता ल्याउनको लागि स्थानिय स्वयसेविकाको अवलोकन भ्रमणको लागि रु.५ लाख र स्थानिय स्वयंसेवीकाहरुलाई साईकल खरिद गरि वितरण गर्नको लागि रु.५ लाख छुट्याएको छ।

**ग) खानेपानी तथा सरसफाई**

- यस भोक्राहा नरसिंह गाउँ पालिका भित्र प्राय कल वा मोटरको माध्यमबाट खानेपानी प्रयोग गरिदै आएको छ। त्यस्तो पानी सबै वडामा खान योग्य छन वा छैनन भनी सम्बन्धीत विज्ञबाट परामर्श लिई वा ल्यावमा जाच गरी स्वच्छ खानेपानीको लागि आवश्यक व्यवस्था गरिनेछ।
- नेपाल सरकार वा प्रदेश सरकारसगँ समन्वय र समभ्रुदारीमा यस भोक्राहा नरसिंह गाउँ पालिकामा स्वच्छ खानेपानीका लागि उचित पहल गरिनेछ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकामा विस्तार भईरहेको बजार क्षेत्रलाई सफा र सुन्दर बनाउन उचित समन्वय र सहकार्य गरिनेछ।
- पर्यावरणीय प्रभावलाई मध्यनजर गरी वातावरण संरक्षण र संबर्द्धन गरी स्वच्छ हावा पानीको लागि विषेश कार्यक्रम गरिनेछ।

**घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

- नेपालको संविधानले अंगीकार गरेको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीतिलाई यस भोक्राहा नरसिंह गाउँ पालिकाले आत्मासाथ गरी विषेश कार्यक्रमहरु संचालन गरिनेछ।

- यस भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र रहेको व्याप्त लैंगीक हिंसा अन्त्यको लागि वा लैङ्गिक हिंसा निरुत्साह गर्न विषेश अभियान तथा गोष्ठी व्यवस्था गरिनेछ।
- जोखिममा परेको, सामाजिक र परिवारिका वहिष्कारणमा परेको तथा हिंसा पिडित महिलाहरुलाई पुनर्स्थापना, संरक्षण र शसक्तिकरण गरी वा योग्यता र क्षमताको आधारमा सिप प्रदान गरी स्वारोजगार वा लघु उद्यमी बनाउन समुचित व्यवस्था गरिनेछ।
- आदिबासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाच्न पाउने अधिकार सुनिश्चत गर्न अवसर तथा लाभको लागि विशेष व्यवस्था गर्दै समुदायसगँ सरोकार राख्ने निर्णय वा विकास प्रक्रियामा अर्थपूर्ण र सकारात्मक सहभागिताको सुनिश्चत गरिनेछ।
- अल्प संख्या समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक तथा संस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभको लागि विशेष व्यवस्था गरिनेछ।
- मधेशी समुदाय, मुस्लीम र पिछाडा वर्गलाई आर्थिक सामाजिक तथा संस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभको लागि विशेष व्यवस्था गरिनेछ।
- ज्येष्ठ नागरिक तथा अपांगहरुको हेरचाहको लागि आवश्यक पुर्वाधार तथा संरक्षक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- राज्य बाट जारी भएको समावेशीकरण सम्बन्धी नितिलाई आत्मासाथ गरिने छ।

**ङ) युवा तथा खेलकुद**

- मानव संशोधन राज्यको विकास र समृद्धिको मुल स्तम्भ हो। त्यसै कारण युवा संशोधनको अधिकतम परिचालन उनीहरुको सिप, दक्षता र उर्जाशिल विचारलाई यस भोक्राहा नरसिंह गाउँ पालिकाको विकास र समृद्धिसगँ जोडिने विषेश नीति अवलम्वन गरिनेछ।
- युवा शसक्तिकरण र नेतृत्व विकास गर्न यस भोक्राहा नरसिंह गाउँ पालिकाले विशेष किसिमको कार्यक्रमहरु संचालन गरिनेछ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकामा एक खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनको लागि उपयुक्त स्थानको पहिचान गरी नेपाल सरकार र प्रदेश सरकारसगँ समन्वय र साझेदारीमा एक खेलकुद ग्राउनको स्थापना गर्न विषेश पहल गरिने छ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकामा वडा स्तरिय, गाउँ पालिका स्तरिय र अन्य खेलकुद प्रतियोगिता गरी यहाको खेलाडी र खेलसगँ सम्वन्धीतहरुको क्षमता विकासमा विषेश पहल गरिने छ।
- यस भोक्राहा नरसिंह गाउँ पालिका भित्र रहेका खेलकुल संघ संगठनको विकास र प्रबर्द्धनको लागि विषेश कार्यक्रम संचालन गरिनेछ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकाबाट अन्य स्थानहरु प्रतिनिधि गर्ने र गर्न जाने खेलाडि तथा संघ ,संस्थाहरुलाई आर्थिक तथा आवश्यक सहयोगको व्यवस्था मिलाईने छ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकाबाट राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिने खेलाडिहरुको लागि उच्च प्रोत्साह सहित आवश्यक विभिन्न सहयोग प्रदान गरिनेछ।
- नेपाल सरकार प्रदेश सरकारबाट खेलकुद क्षेत्रमा शसर्त अनुदानको रुपमा आएको बजेटमा यस स्थानिय सरकार बाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार साझेदारी गरी अझ बढी प्रभावकारी बनाईनेछ।
- आगमी आर्थिक वर्षमा राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता गर्नको लागि नेपाल सरकारको शसर्त अनुदान बापतको रकम सहित रु.३ लाख विनियोजन गरिएको छ।

### च) सामाजिक सुरक्षा तथा संरक्षण

- यस भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र रहेको सवै जाती ,धर्म,वर्ग, लिंग, भाषा, संस्कृती, सस्कार, प्रथा,परम्परा, प्रचलन, समुदाय, संप्रादाय तथा सामाजिक र सांस्कृतिक विविधताको आत्मासात गरी सवैलाई समान व्यवहार र उच्च सम्मान गर्ने निति लिईनेछ ।
- यस गाउँ पालिका भित्र बसोबास गर्नुहुने महिला, बालबालिका, बृद्ध, असहाय र फरक क्षमता भएको मानिसहरुलाई विशेष ध्यानमा राखी सामाजिक न्याय र सुरक्षाको लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- नेपाल सरकार बाट प्राप्त सामाजिक सुरक्षा भत्ता वापतको रकम प्रभावकारी रुपमा कसैलाई नछुट्याई वितरण गरिनेछ र आवश्यकता अनुसार थप सहयोग गरिनेछ ।
- ज्येष्ठ नागरिक,असाह र फरक क्षमता भएको मानीसहरुको हेरचाहका लागि आवश्यक पुर्वाधार तथा संरक्षण अभिमुखिकरण तालिम संचालन गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकामा निर्माण हुने पूर्वाधार संरचनाहरु अपांग मैत्री हुने प्रतिवद्धता रहेको छ
- आगमी आर्थिक वर्षमा नेपालका विभिन्न कालखण्डमा महत्वपुर्ण भूमिका निर्वाह गरी सहादत्त प्राप्त गनु भएको यस भोक्राहा नरसिंह गाउँ पालिकाके वीर सहिदहर प्रति सम्मान स्वरुप उहाँहरुको सम्झानामा गर्ने कार्यक्रमको लागि रु. ३ लाख छुट्याईएको छ ।

## ४) वातावरण तथा प्रकोप व्यवस्थापन विकास नीति

### क) वातावरण संरक्षण

- यस भोक्राहा नरसिंह गाउँ पालिकाको भौगोलिक अवस्थितीलाई हेर्दा डुवानको उच्च जोखिममा छौ । पर्यावरणीय प्रभावलाई विषेश ध्यान दिई यस भोक्राहा नरसिंह गाउँ पालिकाका क्षेत्र भित्र रहेको वातावरण स्वच्छ, सफा र संरक्षणको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न माध्यवाट नागरिकहरुलाई वातावरण संरक्षणको लागि सचेतनामुलक सूचना तथा कार्यक्रमहरु संप्रेषण गरिनेछ ।
- गाउँ पालिका क्षेत्र भित्र बढ्दै गईरहेको फोहोरमैला व्यवस्थापन गर्न आवश्यक कार्यविधि बनाई लागु गरिनेछ । विभिन्न क्षेत्रमा फोहोर मैला व्यवस्थापन गर्न टोल विकास संस्था र निजि क्षेत्रसगँ समन्वय र सहकार्य गरिनेछ । जताभावि फोहोर मैला फाल्नेलाई आवश्यक कार्वाही गर्न एउटा गाउँपालिका स्तरिय टोली गठन गरी प्रवद्धनात्मक, निषेधात्मक र दण्डात्मक अभियानलाई तिव्रता दिई विषेश सरसफाई अभियान संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सौदर्न्य कायम गर्न अव्यवस्थित फुटपाथ व्यवसायलाई व्यवस्थित गर्न पार्क, बगैंचा लगायत सम्भाव्य सम्पदाहरुको समुचित विकास तथा परिचालन गर्न सार्वजनिक निजी साझेदारी नीति मार्फत अघि बढाइने छ ।
- घरबाट निस्कने फोहरमैलालाई बर्गीकरण गरि श्रोतमा नै व्यवस्थापन गर्न सकिने जस्ता जनचेतनामुलक कार्यक्रमहरु सबै वडाहरुमा सञ्चालन गरी गाउँपालिका क्षेत्रको वातावरणलाई स्वच्छ, सुन्दर र सफा बनाउनको लागि विशेष अभियान सञ्चालन गरिने छ ।
- फोहोरमैला दिर्घकालिन व्यवस्थापनको लागि विशेष रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक जग्गा, सडक छेउ र ऐलानी जगाहरुमा वक्षरोपण गरिनेछ ।
- पूर्ण सरसफाई कार्यक्रमलाई सरकारी तथा गैह्रसरकारी र अन्तर्राष्ट्रिय संघ-संस्थासँग समन्वय गरी वडा कार्यालयहरुको सक्रियतामा प्रभावकारी ढंगले सञ्चालन गरिने छ ।

### ख. प्रकोप तथा विपद व्यवस्थापन :

- पटक-पटकको महामारीबाट पाठ सिक्दै आउने दिनहरुमा आइपर्न सक्ने सम्भावित संकट, प्रकोप तथा विपद्को लागि पूर्व तयारीको लागि कार्यपालिकामा भएको प्रकोप तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय रुपमा परिचालन तथा सञ्चालन गरिनेछ ।
- यस भोक्राहा गाउँपालिकामा आउन सक्ने संभावित प्रकोप तथा विपद् हुनसक्ने स्थानको पहिचान गरी समयमै सुरक्षित स्थानमा स्थानान्तरणको लागि गाउँपालिकाले विशेष पहल गर्नेछ ।
- बाढी तथा डुबान हुनसक्ने ठाउँको पहिचान गरी समयमै रोकथाम गर्न कार्यक्रम तथा परियोजना बनाई कार्यान्वयन गरिनेछ ।
- महामारी, भूकम्प, ज्वालामुखि जस्ता दैविक प्रकोपको क्षती न्युनिकरण तथा नागरिकको सुरक्षा र संरक्षणको लागि पूर्व तयारी तथा आवस्यक सुरक्षाका सामग्रीको जोहो समयमै गरिनेछ ।
- विपद तथा उच्च जोखिम परेको घर परिवारलाई तत्काल राहत उद्धार र पुर्नस्थापना सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् रोक्न प्रतिकारात्मक कार्यहरु सञ्चालन गरिनेछ ।
- नदी कटान नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गर्न गाउँपालिका स्तरीय नर्सरी तथा आवस्यक ठाउँमा वृक्षरोपण गरिनेछ ।
- प्रकोप व्यवस्थापनको लागि आगामी आर्थिक वर्षमा रु. ३० लाख छुट्याइएको छ ।

## ५. शुसासन/संस्थागत तथा अन्तरसम्बन्धित क्षेत्र विकास नीति :

### (क) शान्ती तथा सु-व्यवस्था :

- यस भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्र सुख, शान्ती, अमनचयन र सुरक्षाको प्रत्याभूती भोक्राहा नरसिंह गाउँकार्यपालिकाले लिनेछ ।
- हरेक नागरिकको सम्मानपुर्वक बाँच्न पाउने र स्वतन्त्रताको हक कार्यान्वयन तथा पुरा गर्नको लागि यस स्थानीय सरकार प्रतिवद्ध रहने छ ।
- समाजमा अराजकता फैलाउने, विखण्डनकारी समुह, सामाजिक सद्भाव भड्काउने तथा साम्प्रदायिक द्वन्द फैलाउन खोज्नेलाई सुन्य सहनसिलताको नीति अपनाई नियमानुसारको कार्वाही, दण्ड, जरिवाना गराई निरुत्साहित गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँपालिकामा रहेका हरेक नागरिकलाई आवस्यक नागरिक शिक्षा विभिन्न माध्यमबाट होस वा अभियान गोष्ठि आयोजना गरेर होस सामाजिक सद्भाव, ऐक्यवद्धता र सामन्जस्यता कायम गर्नको लागि अपिल साथ जिम्मेवार र साझेदार बनाईनेछ ।
- यस क्षेत्रमा रहेको बहु भाषा, बहु संस्कृति र बहु सम्प्रदायलाई एक अर्कालाई सम्मान र एक अर्काको अस्तित्व स्विकारी समाज निर्माणको स्तम्भको रुपमा साझेदार बनाईने छ ।
- कानुन भन्दा माथि कोहि छैन र हामी सबै कानुनको पालक हौं भनि कानुनी राज्यको असल अभ्यास गरी एक उदाहरणिय स्थानीय तहका रुपमा विकास गरिनेछ ।

### (ख) गरिबी निवारण

- यस भोक्राहा नरसिंह गाउँपालिका यस क्षेत्रको गरिबी निवारणको लागि विशेष किसिमका कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँपालिका भित्र रहेको बेरोजगार नागरिकको लगत संकलन गरी रोजगार बैंक तथा रोजगार सेवा केन्द्र मार्फत निजी क्षेत्रसँग समन्वय गरी वा अन्य सिपमुलक तालिम प्रदान गरी लघु तथा साना उद्योग व्यापार-व्यवसायमा प्रोत्साहन गरी गरिबी न्युनिकरणको लागि विशेष पहल गरिनेछ ।
- स्थानीय श्रोत, साधन, पूँजी र क्षमताको पहिचान गरी स्वरोजगा बन्नको लागि यस गाउँपालिकाले महत्वपूर्ण परामर्श सेवा र अन्य कार्यमा सहजिकरण गर्नेछ ।
- गरिबी निवारणको लागि नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेको ऐन, नियम, विधि, प्रकृया वा सिद्धान्त यस भोक्राहा नरसिंह गाउँपालिकाले पनि अवलम्बन गर्नेछ ।
- गरिबी निवारणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न क्षेत्रहरुको विकास र प्रवर्द्धन गरी आवस्यक सहयोग र सहजिकरण गरिनेछ ।

### (ग) प्रशासकिय सुशासन तथा संस्थागत विकास :

- सार्वजनिक प्रशासन सरकारको नीति तथा कार्यक्रम नागरिकको पहुँचसम्म लाने एक माध्यम हो त्यसैकारण सेवाप्रवाह प्रभावकारी, छिटो, छरितो, चुस्त, दुरुस्त र सेवामुखि बनाउन सार्वजनिक प्रशासनलाई रुपान्तरण गरिँदै लगिनेछ ।
- बढीरहेको प्रशासनिक खर्चलाई न्युनिकरण गर्न आर्थिक अनुशासन निर्देशिका बनाई लागू गरिनेछ । अत्यावस्यक बाहेक अन्य दरबन्दी सृजना, भर्ना गरिने छैन, हाल रिक्त रहेको दरबन्दीलाई पुनरावलोकना गर्दै अनावस्यक दरबन्दी खारेज गर्दै संगठनमा चुस्तता ल्याईनेछ ।
- गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुको संगठन संरचना नेपाल सरकारबाट जारी भए अनुरुप लागू हुनेछ ।
- गाउँपालिकाको कार्यालयमा विभिन्न शाखा-उपशाखाहरु आवस्यकता र औचित्यको आधारमा खोलिनेछ ।
- कर्मचारी तथा पदाधिकारीसँग कार्य सम्पादन सम्झौता गरिनेछ । कार्यसम्पादन सम्झौताको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा पदाधिकारीहरुलाई पुरष्कृत गरिनेछ ।
- कार्यालयका आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयमा व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ ।
- कार्यालय भित्र हुनसक्ने अनियमिततालाई रोक्न शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ । सेवा प्रवाहमा पारदर्शिता एवम् जवाफदेहिता कायम गर्न गुनासो सुनुवाई, उजुरी व्यवस्थापनलाई शिघ्र प्रभावकारी बनाईनेछ । सेवा प्रवाहमा विद्युतिय सुशासनको मान्यता अनुसार कार्यालयको कामलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

# भोक्राहा नरसिंह गाउँपालिकाको विनियोजन ऐन २०७८

भोक्राहा नरसिंह गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत मिति २०७८/०३/१०

**प्रस्तावना :**

भोक्राहा नरसिंह गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भोक्राहा नरसिंह गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) "यस ऐनको नाम भोक्राहा नरसिंह गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ ।

(ख) " गाउँपालिका" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकालाई सम्झनुपर्छ ।

(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

## ३. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि -१ मा उल्लेखित चालु खर्च र पुँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु. ४७,१९,३३,२३९ (सट्चालिस करोड उन्नाईस लाख तेत्तीस हजार २ सय उनान्चालिस रुपैया मात्र) रहेको छ ।

**४. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्ति विनियोजन गरिनेछ ।

(२) उपलदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका ,वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ ।यसरी रकम सर्दा एक शिर्षक बाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को

एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च तर्फ शिर्षक सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यान्त्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि एक शिर्षक बाट सो शिर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती वा अनुमोदन लिनु पर्नेछ।

(४) यस ऐन वमोजिमका कार्यक्रमका शिर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सोको कारण र आधार खोली त्यस्तो कारण र आधार समेतलाई आधार मानि कार्यपालिकाले खर्च हुने अर्को शिर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर रकमान्तर गर्ने त्यस्तो निर्णयलाई सभाबाट अनुमोदन गर्नु पर्नेछ।

(५) सभाद्धारा स्वीकृत कार्यक्रम मध्ये कुनै कार्यक्रम चैत्र मसान्तसम्म संचालन हुन नसक्ने भनि कार्यपालिकामा सर्वसम्वत निर्णय भएकोमा विनियोजित रकम अर्को स्वीकृत कार्यक्रमको शिर्षकमा रकमान्तर गरी खर्च गर्न सकिनेछ।

(६) कार्यपालिकाले योजना तथा कार्यक्रम संशोधन गर्नु परेमा सम्पूर्ण योजना संख्याको १० प्रतिशतमा नबढ्ने गरी २०७८ चैत्र मसान्तसम्म संशोधन गर्ने निर्णय गर्न सक्नेछ।

(७) समपुरक कोषमा विनियोजित रकम संघ र प्रदेश सरकारबाट अनुदान कुनै किसिमको प्राप्त हुन नसकेमा पनि सभाले स्वीकृत गरेको कार्यक्रममा खर्च गर्न कुनै बाधा पर्ने छैन।

**५. कार्यविधि बनाई लागू गर्न सक्ने :-** यस ऐन कार्यन्वयनका लागि कार्यपालिका बाट आवश्यक कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सकिन्छ।

**६. खारेज र बचाउ :-**

(१) यो ऐन पारित भई लागू भए पछि विनियोजित ऐन, २०७७ खारेज हुनेछ।

(२) विनियोजित ऐन, २०७७ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूचि १
## भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०७८/०७९ को आयको अनुमानित विवरण :

| क्र.स | स्रोत समुह | बजेटको स्रोत, तह | स्रोत | प्राप्तीको विधि | जम्मा बजेट सिमा |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानीकरण अनुदान | नगद अनुदान | १३०८००००० |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान | नगद अनुदान | १८११००००० |
| | | | **जम्मा** | | ३११९००००० |
| ३ | प्रदेश सरकार | प्रदेश नं. १ | समानीकरण अनुदान | नगद अनुदान | ७६३००० |
| ४ | प्रदेश सरकार | प्रदेश नं. १ | शसर्त अनुदान | नगद अनुदान | २६१८००० |
| ५ | प्रदेश सरकार | प्रदेश नं. १ | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | १०००००००० |
| | | | **जम्मा** | | २०२५४००० |
| ६ | राजश्व | प्रदेश सरकार | ढुंगा, गिटी, विज्ञापन, | नगद | ४३५६३४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | वाँडफाँड | | मनोरञ्जन र सवारी कर | | |
| ७ | राजश्व वाँडफाँड | संघीय सरकार | मु.अ.क. र अ.शु.कर | नगद | ८६०५१००० |
| जम्मा | | | | | ९०४०७३४० |
| ८ | संस्थागत श्रोत | पि.एल.जि.एस.पी | नगद अनुदान | नगद | ३५८४०३ |
| ९ | संस्थागत श्रोत | करुणा फाउन्डेसन | नगद अनुदान | नगद | १८५९००० |
| १० | राजश्व वाँडफाँड | अन्य | मालपोत रजिष्टेशन र अन्य रोयल्टी(जिल्ला) | नगद | ७०००००० |
| ११ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक राजश्व तथा बेरुजु | नगद | ५१००००० |
| १२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद मौज्दाता | नगद | ३५०५४४९६ |
| जम्मा | | | | | ४९३७१८९९ |
| कुल जम्मा | | | | | ४७१९३३२३९ |

## अनुसूची २

### भोक्राहा नरसिंह गाउँपालिका

### व्यय अनुमान

आ.व. : २०७८/७९

| शीर्षक | आ.व.२०७६/७७ को यथार्थ | आ.व. २०७७/७९ को संशोधित अनुमान | आ.व. २०७७/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सहकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसह | वैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| व्यय | ३२,२०,८८,९५२.१० | ४८,४३,३७,५५५ | ४७,१९,३३,२३९ | १३,९७,७९,२३९ | ३१,१९,००,००० | २,०२,५४,००० | ० | ० | ० | ० |
| चालु | १७,६६,२४,५८४.१० | २६,५६,७३,५५४ | २६,८४,४५,२३९ | ९,६२,२७,२३९ | १६,९६,००,००० | २६,१८,००० | ० | ० | ० | ० |
| २०००० खर्च | १७,६६,२४,५८४.१० | २६,५६,७३,५५४ | २६,८४,४५,२३९ | ९,६२,२७,२३९ | १६,९६,००,००० | २६,१८,००० | ० | ० | ० | ० |
| पूँजीगत | १४,५४,६४,३६८ | २१,८६,६४,००१ | २०,३४,८८,००० | ४,३५,५२,००० | १४,२३,००,००० | १,७६,३६,००० | ० | ० | ० | ० |
| ३०००० सम्पत्ति तथा दायित्व | १४,५४,६४,३६८ | २१,८६,६४,००१ | २०,३४,८८,००० | ४,३५,५२,००० | १४,२३,००,००० | १,७६,३६,००० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वित्तिय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३०००० सम्पत्ति तथा दायित्व | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

**अनुसूची ३**

**भोक्राहा नरसिंह गाउँपालिका**

**राजश्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व. : २०७८/०७९

| शिर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| आय | ४४,०२,९६,६८०.३४ | ४७,२९,७१,५५५ | ४७,१९,३३,२३९ |
| राजश्व | १६,०३,४०,६८०.३४ | १४,८२,७७,५५५ | १३,९६,७९,२३९ |
| आन्तरिक श्रोत | ९,९५,५३,९१७.३९ | ५,८४,५८,४१५ | ४,९३,७१,८९९ |
| ११३१३ एकीकृत सम्पत्ती कर | | २५,००,००० | ४,००,००० |
| ११३१४ भूमिकर/मालपोत | ३६,०४,९७७ | ७७,००,००० | ८०,००,००० |
| ११३२१ घर बहाल कर | | ५१,००० | ५,००,००० |
| ११३२२ बहाल विटौरी कर | ६३,८३० | २,००,००० | ५०,००० |
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | ७,००,००० | |
| ११६९१ अन्य कर | १३,१९,६२३ | ४,००,००० | १२,९८,४०३ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | | २६,२८,४१५ | |
| १४२१९ अन्य सेवा शुल्क तथा विक्रि | | ६५,००० | ६०,००० |
| १४२२१ न्यायिक दस्तुर | ६३,३०० | | १०,००० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | २,००० | | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | ४८,००० | ५५,००० |
| १४२४२ नक्सा पास दस्तुर | ३५,२२४ | ६०,००० | ५०,००० |
| १४२४३ सिफारिश दस्तुर | १,७०० | ५०,००० | ४,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ७,५९,३०५ | १,७०,००० | ५,००,००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६९,०४० | ० | ७५,००० |
| १४२४९ अन्य दस्तुर | ३,४८,७७५ | ६०,००० | ६०,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रशन | ५०,४८० | ३६,००० | ४०,००० |

| | | | |
|---|---|---|---|
| दस्तुर | | | |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २७,००,००० | ६०,००० | ६०,००० |
| ३२१२१ नगद | | ० | १८,५९,००० |
| ३२१२२ बैंक मौज्दाता | ९,०५,३५,६६३.३९ | ४,३७,३०,००० | ३,५०,५४,४९६ |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | ६,०७,८६,७६२.९५ | ८,९८,१९,१४० | ९,०४,०७,३४० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ५,८२,८२,११७.६७ | ० | ४,३०,२५,५०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | ४३,७०,००० | ४,३०,२५,५०० |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २५,०४,६४५.२८ | ० | ४३,५६,३४० |
| अन्य आय | | ० | ९,००,००० |
| १५१११ बेरुजू | | ३२,४६,९४,००० | ९,००,००० |
| अन्तर सहकारी वित्तीय हस्तान्तरण | २७,९९,५६,००० | ३०,७८,८१,००० | ३३,२१,५४,००० |
| संघीय सरकार | २६,४५,८२,००० | १२,७४,००,००० | ३१,१९,००,००० |
| १३३११ समानिकरण अनुदान | १२,७२,००,००० | १८,०४,८१,००० | १३,०८,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | १३,७३,८२,००० | ० | १६,९६,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | १,६८,१३,००० | १,१५,००,००० |
| प्रदेश सरकार | १,५३,७४,००० | ७४,३४,००० | २,०२,५४,००० |
| १३३११ समानिकरण अनुदान | ७४,६३,००० | २३,७९,००० | ७६,३६,००० |
| १३३१२ शसर्त अनुदान चालु | ६४,११,००० | | २६,१८,००० |
| १३३१३ विशेष अनुदान चालु | १५,००,००० | ७०,००,००० | |
| १३३१६ समपुरक अनुदान चालु | | | १,००,००,००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | | |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

# अनुसूची ५

## भोक्राहा नरसिंह गाउँपालिका

### क्षेत्रगत बजेट विनियोजन

आ.व. : २०७८/०७९

| सि.न | संकेत | शिर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सहकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसह | वैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | २ | आर्थिक विकास | १,२३,००,००० | ५,००,००० | १,१८,००,००० | ० | ० | ० | ० | |
| १ | २०१ | कृषि | ९१,००,००० | ५,००,००० | ८६,००,००० | ० | ० | ० | ० | |
| २ | २०२ | उद्योग | ३२,००,००० | ० | ३२,००,००० | ० | ० | ० | ० | |
| २ | ७ | सामाजिक विकास | १६,३५,३६,००० | ३७,१८,००० | १५,७२,००,००० | २६,१८,००० | ० | ० | ० | |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | १,१९,००,००० | ० | १,१९,००,००० | ० | ० | ० | ० | |
| २ | ७०३ | युवा तथा खेलकुद | १,००,००० | ० | १,००,००० | ० | ० | ० | ० | |
| ३ | ७०६ | शिक्षा | १२,२८,००,००० | ० | १२,२८,००,००० | ० | ० | ० | ० | |
| ४ | ७०७ | स्वास्थ्य | २,६१,३६,००० | ३७,१८,००० | १,९८,००,००० | २६,१८,००० | ० | ० | ० | |
| ५ | ७०८ | लैगिक समनता तथा सामाजिक समावेशीकरण | २६,००,००० | ० | २६,००,००० | ० | ० | ० | ० | |
| ३ | ३ | पुर्वाधार विकास | १८,९१,८८,००० | ३,५०,५२,००० | १३,६५,००,००० | १,७६,३६,००० | ० | ० | ० | ० |
| १ | ३०१ | यातायात पुर्वाधार | ९,२६,९३,००० | ३,३१,०७,००० | ५,१९,५०,००० | ७६,३६,००० | ० | ० | ० | ० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ९,५६,९५,००० | १९,४५,००० | ८,३७,५०,००० | १,००,००,००० | ० | ० | ० | ० |
| ३ | ३०३ | उर्जा | ८,००,००० | ० | ८,००,००० | ० | ० | ० | ० | ० |
| ४ | ४ | सुशासन तथा अन्तर सम्वन्धीत क्षेत्र | ३९,००,००० | ० | ३९,००,००० | ० | ० | ० | ० | ० |
| १ | ४१० | गरिबी निवारण | २३,००,००० | ० | २३,००,००० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ४१४ | तंथ्यांक प्रणाली | १६,००,००० | ० | १६,००,००० | ० | ० | ० | ० | ० |
| ५ | १ | कार्यालय संचालन तथा प्रशासनिक | १०,३०,०९,२३९ | १०,०५,०९,२३९ | २५,००,००० | ० | ० | ० | ० | ० |
| १ | १०१ | कार्यालय संचालन तथा प्रशासनिक | १०,३०,०९,२३९ | १०,०५,०९,२३९ | २५,००,००० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | | ४७,१९,३३,२३९ | १३,९७,७९,२३९ | ३१,१९,००,०००० | २,०२,५४,०००० | ० | ० | ० | ० |

# अनुसूची ६
## भोक्राहा नरसिंह गाउँपालिका
### क्षेत्रगत बजेट विनियोजन
### आ.व. : २०७८/७९

| सि. न | शिर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सहकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागिता | वैदेशिक |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | भोक्राहा नरसिंह गाउँपालिका | २,६२,७१५.२३ | १,२४,२७९.२३ | १,३०,८०० | ७,६३६ | ० | ० | ० | ० |
| २ | प्रदेश सरकारबाट हस्तानतरण समपुरक अनुदान | १०,००० | ० | ० | १०,००० | ० | ० | ० | ० |
| ३ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. १ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ४ | भोक्रहा नरसिंह गाउँपालिका वडा न. २ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ५ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ३ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ६ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ४ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ७ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ५ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ८ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ६ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ९ | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ७ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| १० | भोक्राहा नरसिंह गाउँपालिका वडा न. ८ | ८०० | ८०० | ० | ० | ० | ० | ० | ० |
| ११ | भोक्राहा नरसिंह गाउँपालिका | ३,६०० | ३,६०० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | | | | |
| १२ | भोक्राहा नरसिंह गाउँपालिका स्वास्थ्य | ५,००० | ५,००० | ० | ० | ० | ० | ० | ० |
| १३ | भोक्राहा नरसिंह गाउँपालिका कृषि | ५०० | ५०० | ० | ० | ० | ० | ० | ० |
| १४ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | २,६१८ | ० | ० | २,६१८ | ० | ० | ० | ० |
| १५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १,८१,१०० | ० | १,८१,१०० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४,७१,९३३.२३ | १,३९,७७९.२३ | ३,११,९०० | २०,२५४ | ० | ० | ० | ० |

## अनुसूचि ७
### भोक्राहा नरसिंह गाउँपालिका
### साझेदारी कार्यक्रमको माध्यमबाट आ.व. २०७८/७९ को लागि प्रस्तावित वडाहरुको योजना, आयोजनाहरु यस प्रकार रहेका छन :-

प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरु (यूवारुप तथा कामका लागि पारिश्रमिक) :-

**वडा नं. १ को योजना**

१. आगनी रेखा निर्माण
२. भिसा मर्मत तथा सरसफाई
३. सार्वजनिक शौचालय निर्माण २ स्थानमा
४. चोतारा निर्माण २ स्थानमा
५. राम जानकी जाने बाटो मर्मत
६. सामुदायिक वन भित्र पोखरी निर्माण
७. आर्यघाट जाने बाटो मर्मत
८. साबिक भोक्राहा ४ स्थित आर्यघाट घेराबेरा निर्मत
९. हनुमान मन्दिर देखि दक्षिण पट्टि रहेको छठ मेला स्थानमा वृक्षारोपण
१०. शारदा मार्ग चोकमा प्रतिक्षालय निर्माण
११. मिलन चोक देखि हनुमान मन्दिर सम्म को बाटो नाली निर्माण
१२. चिरौली प्रकाशपुर जाने बाटो नाली निर्माण

**वडा न. २ को योजना**

१. मन्सुरी चोक देखि पश्चिम मधुवन जाने बाटो सदेरेलको खेत सम्म जाने बाटो मर्मत तथा सरसफाई कार्य गर्ने
२. मन्सुरी चोक मधुवन जाने बाटो देखि दक्षिण जाने भिसी मर्मत तथा सरसफाई
३. वडा कार्यालय पूर्व नहर चोक देखि पश्चिम जाने भिसी मर्मत तथा सरसफाई कार्य गर्ने
४ आकाहा बजार देखि दक्षिण आकाहा जामे मस्जिद हुदै मुसहरी टोल सम्मको बाटो मर्मत कार्य गर्ने
५. वडा कार्यालय कम्पौन्ड भित्रको सरसफाई कार्य गर्ने

**वडा न. ३ को योजना**

१. खुनिय धार देखि नन्मोहर यादव को घर हुदै राजाजी थान सम्म जाने भिसि मर्मत
२. सरवरिया बाद देखि विन्दी यादवको खेत सम्म जाने भिसी मर्मत
३. सलेश थान देखि बालकृष्ण यादवको खाए सम्म जाने भिसी मर्मत
४. महेन्द्र राजमार्ग देखि राम टोल सम्म जाने भिसी मर्मत
५. रामदेव शाह महेन्द्र राजमार्ग देखि उत्तर ताहिर मिया को घर सम्मको बाटो मर्मत

**वडा नं ४ योजना**

१. सार्वजनिक खाली जग्गा, विद्यालय, मदर्सा कम्पाउण्डमा वृक्षारोपण
२. चिरौली चोक देखि उत्तर कोलापत्रे सडकको दुवै छेउमा पानी निकासको लागि ढल बनाउने
३. वडा न ४ को सवै कुलो पैनी मर्मत गर्ने
४. सडकको दुवै छेउमा रहेको झारपात अनावश्यक वोटविरुवा टाट बेरा परालको थुप्रो गोइठा गोवर गाई वस्तु आदि हटाउने

**वडा नं ६ योजना**

पइनी तथा भि.सी.हरु

१. सुरजा खेत देखि सुकसेना शाखा नहर सम्म नहर सम्म (६००मि)
२. मुर्तुजा उराँवको खेत देखि पश्चिम खेरा बाद सम्म जाने भि.सी (९००मि)
३. जिब्राईलको जग्गाबाट पश्चिम जाने भि.सी (५५० मि)
४ श्याम शाहको खेत हुर्द पश्चिम इसराइल मिया हाजीको खेत सम्म (४५०मि)
५. जुगेश्वर मण्डलको खेत देखि पश्चिम तिर जाने भि.सी (९०० मि)
६. सुकसेना नहर दखि कलको उत्तर जाने भि.सी (४००मि)
७. बउवा लाल उराँवको खेत पूर्व तिर जाने भि.सी (७५० मि)
यस भोकाहा नरसिंह गाउँपालिका अन्तर्गतका वडा कार्यालय भवन निर्माणको लागि दशौं गाउँ सभाबाट रु.६ करोड विनियोजन भई नपुग रकम गाउँपालिकाको प्रमुख प्रशासकीय भवनको लागि विनियोजन भएको रकममा नेपाल सरकारबाट प्राप्त अनुदान राखी यस सभाबाट विनियोजन भई आएको रकमबाट भूक्तानी दिई बाकी रहेको रकमबाट वडा कार्यालय निर्माणको लागि श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८**
दशौं गाउँ सभाबाट बहुवर्षीय योजनाहरुको स्रोत सुनिश्चित गरेको हुँदा निरन्तरता दिने निर्णय सर्व सहमती गरियो

**निर्णय नं.१९**
यस भोक्राहा नरसिंह गाउँपालिकामा गाउँपालिका स्तरीय मिडिया सेन्टर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**
यस सभाबाट तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

**तपशिल**
१. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
३. स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८

## संघीय सरकारबाट प्राप्त मार्गदर्शन:

१. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवम्विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यमध्ये स्थानीय सरकारबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,

क. स्थानीय सरकारको शिक्षा सम्बन्धी नीति, कानुन, योजना कार्यान्वयन कार्य

ख. स्थानीय स्वास्थ्य सम्बन्धी नीति, कानुन, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,

ग. विद्युत, सिंचाई, खानेपानी, सरसफाई तथा परिवहन सम्बन्धी स्थानीय नीति, कानुन,योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,

घ. कृषि तथा पशु विकास सम्बन्धी स्थानीय नीति, कानुन, योजना कार्यान्वयन र नियमनसम्बन्धी कार्य।

ङ. स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्य,

२. साविकमा संघीय तथा प्रादेशिक सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारलेनिरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम वा आयोजनाहरु,

३. स्थानीय सरकारले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु,

४. सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछिपरेका वर्ग वा समूहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पु-याउने कार्यक्रम तथाआयोजनाहरु,

५. प्रशासनिक खर्चका लागि आवश्यक रकम आन्तरिक राजस्व र राजस्व बाँडफाँडबाट प्राप्तरकम मध्येबाट मात्र गर्नुपर्नेछ ।

६. वित्तिय समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिकएवम् सञ्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माण तर्फ खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

**३. प्रदेश सरकारबाट प्राप्त बजेट खर्च मार्गदर्शन:**

१. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य, स्थानीय सरकारसंचालन ऐन, २०७४ एवं नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनमा विभिन्न तहको उल्लेखित कार्यहरुमध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने ।

क. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य,

ख. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य,

ग. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,

घ. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,

ङ. स्थानीय खानेपानी सम्बन्धी नीति, योजना कार्यान्वयन र नियमन एवं खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,

च. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको, सञ्चालन र मर्मत-संभार सम्बन्धी कार्य,

छ, स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,

ज. सामुदायिक भू-संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,

झ. विकास र प्रवर्द्धन सम्बन्धी कार्य,

ज. स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,

२. साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरु।

३. स्थानीय तहले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु ।

४. सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मकरुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउनेकार्यक्रम तथा योजनाहरु ।

५. प्रशासनिक खर्चका लागि आवश्यक बजेट आन्तरिक राजस्व र राजस्व बाँडफाँडबाट प्राप्त रकम मध्येबाट मात्र विनियोजन गर्नुपर्नेछ।

६. वित्तिय समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सन्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणतर्फ खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

७. वित्तिय समानीकरण अनुदानबाट बजेट विनियोजन एवम् खर्च गर्दा स्थानीय तहले देहाय बमोजिम प्राथमिकताक्रम निर्धारण गरी खर्च गर्नुपर्दछ ।

**४. स्थानीय सरकार संचालन ऐन २०७४ (परिच्छेद ६ को दफा ४ देखि ६ सम्म) योजना तर्जुमा सम्बन्धी भएको व्यवस्था ।**

(क) गाउँपालिकाले योजना बनाउँदा तथा दिर्घकालिन प्रकृतिका योजनाको सूचि समेत तयार गर्नु पर्नेछ ।

(ख) गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नु पर्नेछ ।

(ग) योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

(घ) वडा समितिले प्राप्त आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण मापदण्डको आधारमा टोल वा बस्तीस्तरबाट प्राप्त कार्यक्रमहरुलाई निम्नानुसारका विषयगत समिति अनुसार छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति मासिफारिस गरि पठाउनु पर्नेछ ।

## अनुसूची-२ को ५ संग सम्बन्धित
## सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व.०७७०७८ को अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य क्षेत्र** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या | पुगेको देखिन्छ । | २ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, खोप केन्द्र, गाउँघर क्लिनिकबाट निरन्तर सेवा प्रवाह भइरहेको । स्वास्थ्यको सहज पहुँचको लागि बाटो ग्राभेल, पिच, कल्भर्ट मर्मत सम्भारका कार्य भएको । | समथर-भू-भाग, सञ्चालनमा आएका स्वास्थ्य संस्थाले पालिकाबासी नागरिकमा आधारभूत स्वास्थ्य उपचारको पहुँच स्थापित भएको । |
| ५ बर्ष मुनिका बालबालिकाहरुको शिशु मृत्युदर/बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) प्रतिशत । | ०-७ दिनका ५ जना । ८-२८ दिनसम्मको थप १ जना | ०७८/०७९ मा शुन्य बनाउन सफल । सुनौलो हजार दिनका आमाहरुका लागि आवस्यक कार्यक्रम संचालन गरिएको । प्रभावकारी खोप कार्यक्रम संचालन गरिएको । फोलिक एसिड चक्की वितरण गरि स्वस्थ बच्चा जन्मको आवस्यक कार्यक्रम सञ्चालन गरिएको । सुत्केरी आमा तथा नवजात शिशुको (Postnatal Chekup) जाँच पर्ताल कार्य गरिएको । पोषण सम्बन्धि कार्यक्रम संचालन गरिएको । सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला बितरण जस्ता कार्यक्रम संचालन भएको | मातृ तथा शिशु मृत्युदर न्यून बनाउन सफल । कुपोषणको दर घटेको । न्यून तौल भएका शिशुहरु कम हुँदै गएका । |
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका बालबालिकाको आधारमा । | बि.सि.जि.२०००, रोटा २२५५, पोलियो ३४६०, एफ.आइ.पि.भि. २४६०, पि.सि.भि. ३२२६,डि.पि.टि.-हेपाटाइटिस बि ३६६०, दादुरा-रुबेला २२१०, जे.इ. ११०० | बि.सि.जि. १०२.१%, रोटा प्रथम १०१.३,%, रोटा दोश्रो ९१%, पोलियो प्रथम ९७.२%, दोश्रो ६%, तेश्रो ७५.१%, एफ.आइ.पि.भि. प्रथम ९७.२, %, दोश्रो ७५.३%, पि.सि.भि. प्रथम १०२.७%, दोश्रो ५.६%, तेश्रो ७८.६%, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम १०१.३%, दोश्रो ९१%, तेश्रो १.१%, दादुरा-रुबेला प्रथम ७८.६%, दोश्रो ६१% र जे.इ.६७.३% । कोभिड १९ को महामारीमा पनि नियमित खोप कार्यक्रम संचालन गरिएको । ८ वटा खोप केन्द्र मार्फत खोप संचालन गरिएको । ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरिएको । खोप कार्यक्रमको समिक्षा गरिएको । | खोप तर्फका कार्यक्रमहरु पूर्ण रुपमा प्रभावकारी रहेको । नियमित खोपका कारण कुनै बच्चा बन्चित नभएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या /प्रतिशतमा । | प्रथम भिजिट १२७६, प्रोटोकल चौथो भिजिट ७८६ | प्रोटोकल चौथो भिजिट ७८.५% रहेको । प्रोटेबल भिडियो एक्सरे मेसिनद्वारा गर्भवतीको भिडियो एक्सरे गरिएको । | ४ पटक गर्भवती जाँच गराउनुपर्छ भन्ने सोचको विकास भएको । मातृ मृत्युदरमा कमि आएको |

| | | | |
|---|---|---|---|
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या /प्रतिशतमा । | १३८ जना | तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट गाउँपालिका अन्तरगत १ वटा बर्थिङ् सेन्टरबाट १५६ जना आमाहरुले बच्चा जन्माउन सफल रहेको साथै नयाँ थप वर्थिङ सेन्टर समेत सञ्चालन गरि निरन्तर सेवा प्रवाहको सोच रहेको । आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । | दक्ष प्रसुति कर्मीबाट सुत्केरी गराउने महिलाको संख्यामा उल्लेखनिय सुधार भएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या । | शुन्य रहेको । | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको । खुल्ला दिसापिसाव मुक्त गाउँपालिका घोषणा जस्ता कार्यक्रम संचालन गरिएको । पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । | स्वास्थ्य तथा सरसफाई प्रति बढ्दो चेतनाको कारण यस रोगका कारण मृत्यु हुनेको संख्या नभेटीएको । |

| शिक्षा क्षेत्र | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७।०७८ को अवस्था** | **प्रयासहरु** | **उपलव्धी** |
| आधा घण्टा भित्र आधारभुत विद्यालय नपुग्ने बालबालिकाको संख्या | बालबालिकाको पहुँच भएको । | २६ सामुदायिक विद्यालय, १५ धार्मिक विद्यालय र ७ वटा संस्थागत विद्यालयमा संघीय सशर्त, प्रदेश र स्थानीय तहबाट बालबालिकाको विद्यालयको पहुँचको लागि बाटो ग्राभेल, पिच, कल्भर्ट मर्मत सम्भारका कार्य भएको । भवन र शैक्षिक सुधारका कार्यक्रमहरु गरिएको । बालबिकास केन्द्रहरुलाई सक्रिय बनाइएको । | आधारभूत तहमा आधा घण्टाभित्र बालबालिकाको पहुँच रहेको । |
| बाल शिक्षामा खुद भर्नादर | विद्यालय तर्फ १२७१ । छात्रा ५९० र छात्र ६८१ । समुदाय तर्फ ५२४ । | ५९ वटा बाल विकास केन्द्र रहेको । विद्यालय तर्फ १४४३ । समुदाय तर्फ ४०२ भर्ना भएका विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको । बालबिकास केन्द्रहरुलाई सक्रिय गरिएको । | सिकाई उपलब्धीमा सुधार भई बाल शिक्षामा भर्नादर बढेको । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत । | विद्यालय बाहिर बालबलिका नरहेको । | विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको । दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । | विद्यालय उमेर समुहका बालबालिका विद्यालयमा भर्ना भएको । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | भर्ना भएको कुल संख्या १२८३ । छात्रा ६६२ र छात्र ६०१ | भर्ना भएको कुल संख्या १३३६ । छात्रा ७१० र छात्र ६२६ । विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको । दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । दलित तथा अपांग छात्राबृत्तिका कार्याक्रमहरु संचालन गरिएको । | उमेर समुहका सबै बालबालिका विद्यालय गएका दिवा खाजा कार्यक्रमको व्यवस्थाबाट राम्रो प्रतिफल । |

| | | | |
|---|---|---|---|
| आधारभुत तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर | आधारभुत तहमा कक्षा छोड्ने दर देखिन्छ । कक्षा दोहोऱ्याउने दर छैन र कक्षा उत्तीर्ण हुने दर शतप्रतिशत | आधारभुत तहमा कक्षा छोड्ने दर ठूलो संख्यामा देखिन्छ । कक्षा दोहोऱ्याउने दर छैन र कक्षा उत्तीर्ण हुने दर शतप्रतिशत रहेको ।<br>तालिम प्राप्त शिक्षकको व्यवस्था गरिएको ।<br>बालमनोविज्ञान, खेलकुद, अतिरिक्त क्रियाकलापका कार्यक्रम संचालन गरिएको । | कक्षा छोड्ने दर न्यून रहेको, कक्षा दोहोऱ्याउने दर सुन्य रहेको र उत्तिण दर शतप्रतिशत रहेको । |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या | ९७ प्रतिशत भन्दा माथि | इमिस सम्बन्धि ८० जना र विद्यालय लेखाङ्कन तालिम ८० जनालाई तालिम प्रदान गरिएको ।<br>सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । | ९७ प्रतिशत भन्दा माथि शिक्षकहरूले तालिम प्राप्त गरेका । कोभिड १९ को कारण यस वर्ष भने ठोस कार्यक्रम गर्न नसकिएको |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | ३८.८६ जना | पालिका भित्रका विद्यालयहरुमा कक्षा कोठामा विद्यार्थीको चापलाई हेरी आवश्यक पूर्वाधार निर्माणको कार्य भएको साथै न्यून विद्यार्थी भएका विद्यालयहरुलाई मर्ज गर्दै लैजाने नीति अवलम्बन गरिएको । | ३१.११<br>प्रति कक्षा कोठा विद्यार्थी अनुकुलन रहेको । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | आवश्यकताका आधारमा गरिएको । | कक्षाकोठा निर्माण, लैगिक, मैत्री शौचालय निर्माण, खेलकुदमैदान निर्माण, कम्पाउन्ड वाल निर्माण । विद्युत पङ्खा जडान, कम्प्युटर खरिद तथा मर्मत जस्ता कार्य गरिएको । | पूर्वाधार तर्फ आवश्यकताका आधारमा स्थानीय तहले सहयोग गर्दै गरेको पाइयो । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ११०७ जना मध्ये कक्षा १-५ छात्रा ४३०, छात्र ४३६, कक्षा ६-८ छात्रा ७४, छात्र ८१, कक्षा ९-१० छात्रा ४२, छात्र ३९ र कक्षा ११-१२ मा छात्रा ३ र छात्र २ जना | (क) आधारभुत तह कक्षा १ देखि ५ सम्मका छात्रा ३७० तथा छात्र ३५३ जना लाई छात्रवृति प्रदान गरिएको ।<br>(ख) आधारभूत तह कक्षा ६ देखी ८ तहमा छात्रा तथा छात्रलाई छात्रवृतिप्रदान गरिएको । | ९६८ जना<br>कक्षा १-५ छात्रा ३७०, छात्र ३५३, कक्षा ६-८ छात्रा ९६, छात्र ९६, कक्षा ९-१० छात्रा २७, छात्र २६ र कक्षा ११-१२ मा छात्रा ३ र छात्र ३ जना |

| खानेपानी तथा सरसफाई | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७०७८ को अवस्था** | **प्रयासहरु** | **उपलब्धी** |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | पालिका भित्रका अधिकांश नागरिक ट्युबेलको पानी पिइरहेका छन् | पानीका श्रोतहरुको संरक्षण कार्य भएको ।<br>खानेपानीका लागि ट्युबेल वितरण गरिएको ।<br>खानेपानीको ओभरहेड टंकी निर्माणको परिकल्पना गरिएको । | शुद्ध पानी पिउनुपर्छ भन्ने सोचको विकास भएको । |
| शौचालय भएको विद्यालयको संख्या वा प्रतिशत । | १०० प्रतिशत | सबै विद्यालयहरुमा शौचालय निर्माण भएको ।<br>सबै घरपरिवारमा एक घर एक चर्पी निर्माण प्रक्रिया पुरा भई खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको । | खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको । |

| | | | |
|---|---|---|---|
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | १०० प्रतिशत | प्राथमिक विद्यालयमा पिउने पानीको सुविधा भएको । | पिउने पानीको पहुँच स्थापित भएको । |
| शौचालय भएको परिवार संख्या/ | ९९ प्रतिशत | अधिकांश घरहरुमा शौचालय निर्माण भएको ।<br>खुला दिसापिसाव मुक्त गाउँपालिका घोषणा गरिएको । | कतिपय घरमा २ परिवारले एक शौचालयका कारण शतप्रतिशत नभएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | - | सुधारिएको चुलो तथा बायोग्याँस जडान कार्यलाई तिब्रताका साथ कार्य गरिएको । | सुधारिएको चुलो तथा बायो ग्याँस निर्माणमा कार्य गरिदै गइएको । |

| महिला, बालबालिका तथा समावेशी क्षेत्र | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७।०७८ को अवस्था** | **प्रयासहरु** | **उपलव्धी** |
| बाल बिवाहको संख्या | रेकर्ड नभएको | बाल विवाह विरुद्धको सचेतनामूलक अभियान संचालन गरिएको ।<br>वडा स्तरिय ८ वटा समावेशी बाल सञ्जाल र पालिका स्तरको १ वटा समावेशी बाल संजाल गठन भएको ।<br>समावेशी बालक्लवमा अभिमुखिकरण गरिएको । | भारतसंग नजिकको खुला सिमाका कारण लुकीछिपी बिवाह गरि जाने र ल्याउने कार्यले केही प्रतिशत बालबिवाह देखिन्छ । |
| सामाजिक बिकृति र बिसंगती | छिटफुट हुने गरेको । | ९ वटा हिंसाका घटना भएका ।<br>बालविवाह, बालबालिकामा हुने हिँसा विरुद्धका सचेतना कार्यक्रम संचालन गरिएको ।<br>महिला हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन गरिएको ।<br>कुरीति, कुप्रथा, लैङगिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार बिरुद्धका सचेतना कार्यक्रम संचालन गरिएको ।<br>यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाइजो प्रथा बिरुद्धका कार्यक्रमहरु संचालन गरिएको । | ९ वटा हिंसाका घटना भएका ।<br>चेतना स्तरमा सुधार हुदै गएको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा कार्यक्रमले सबैलाई समेटेको । | सामाजिक सुरक्षा कार्यक्रमले समाजमा रहेका जेष्ठ नागरिक, एकल महिला, अपांगता, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातीलाई सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिएको । माध्यमबाट साथै स्वास्थ्य उपचार लगायतका कार्यक्रमबाट सरकारको अनुभूति दिलाउन सफल भएको ।<br>महिला सशक्तिकरणका कार्यहरु भएको ।<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपांगता, लोपोन्मुख जातीहरुका लागि महिला सशक्तिकरण कार्यक्रम, बालबालिकाका लागि बालबिवाह, यौनजन्य हिंसा जस्ता कार्यक्रम, जेष्ठ | न्यायपूर्ण समाजमा एउटा फड्को मारेको । |

| | | | |
|---|---|---|---|
| | | नागरिकका लागि अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम, अपांगका लागि स्वास्थ्य शिविर, परिचयपत्र वितरण, सहायक सामग्री वितरण जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालन गरिएको । | |

| जनचेतना तथा गरिबि निवारण | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७I०७८ को अवस्था** | **प्रयासहरु** | **उपलव्धी** |
| बालश्रमको अवस्था | रेकर्ड नभएको । | ८ वटै वडा वडामा समावेशी बालक्लव, पालिकामा १ समावेशी बाल संजाल गठन तथा परिचालन गरिएको । | विद्यालय स्तरमा बाल क्लबको अवधारणा रहेको । |
| बाल क्लवहरूको अवस्था | बाल क्लब गठन तथा विस्तार भएको | वडा स्तरिय ८ वटा समावेशी बाल क्लब र पालिका स्तरिय १ वटा समावेशी बाल क्लबले विभिन्न समयमा बैठक जस्ता महत्वपूर्ण कार्य गरेको । | बाल क्लब विस्तार हुदै गएको । |
| महिला हिंसा | महिला हिँसाका ८ वटा घटना । | ४ वटा महिला हिँसाका घटना दर्ता भएका ।<br>महिला हिँसा बिरुद्धका अन्तराष्ट्रिय दिवस, सभा, गोष्ठी र सेमिनार संचालन गरिएको ।<br>पालिका स्तरीय न्यायिक समिति, वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भएको । | महिला हिंसा न्युनिकरण हुदै गइरहेको । |
| रोजगारीको अबस्था | ५७१ जना सुचिकृत भएका जसमा पुरुष ४१३ र महिला १५८ | ७५३ जना सुचिकृत भएका जसमा पुरुष ४७४ र महिला २७९ । सुचिकृत भएका मध्ये १६८ जनालाई रोजगारी दिइएको ।<br>बैदेशिक रोजगारीमा गएका व्यक्तिको मृत्यु भएमा घरसम्म शव निशुल्क ल्याउने कार्य भएको । बैदेशिक रोजगारीमा गएका व्यक्ति हराएमा खोज पर्ताल गरि घरसम्म ल्याउने वातावरण मिलाइएको । | बेरोजगारीको अवस्था सहितको तथ्याङक संकलन कार्य सुरुवात भएको । |
| स्वरोजगारका प्रयासरहरु | ५७१ जना सुचिकृत भएका | सुचिकृत भएका मध्ये १६८ जनालाई रोजगारी दिइएको ।<br>पालिका भित्रनै रोजगार शाखा स्थापना गरि प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न शिपमूलक तालिमहरु प्रदान गरिएको । | लघु उद्यम कार्यक्रम मार्फत रोजगारीको सृजना गर्दै उत्पादन सम्म गर्ने कार्यको क्रियाकलाप सुरु भएको । |
| गरिवी निवारणका प्रयासहरू | गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम सुरुवात भएको | सुचिकृत भएका मध्ये १६८ जनालाई रोजगारी दिइएको शिपमुलक तालिम, धानको बिउ, मकैको बिउ, अनुदानमा वितरण गरिएको । श्रम घटाउनको लागि त्रिपाल, कोदाली, मिनिटिलर, स्प्रे टेंकी, तरकारीका बिउ ५०% अनुदानमा वितरण गरिएको । | लक्ष्य अनुसारको उपलब्धी हासिल हुँदै गएको । |
| सामाजिक परिचालन | सामाजिक परिचालन नभएको । | अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम सहकार्यमा सामाजिक परिचालनका काम भएको । | समाज रुपान्तरण तर्फ अघि बढेको । |

| | | | |
|---|---|---|---|
| वातावरण सुधारका प्रयासहरु | वातावरण सुधारका प्रयासहरु नीति तथा कार्यक्रममा नै रहेको । | सिमसार संरक्षण, जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको ।<br>वातावरण मैत्री पूर्वाधारको नीति लिइएको ।<br>खुल्ला क्षेत्र सार्वजनिक ऐलानी जग्गामा बृक्षरोपण, घेराबारा तथा ऐलानी जग्गा नियन्त्रण जस्ता महत्वपूर्ण कार्य गरिएको ।<br>फोहोरमैला संकलन तथा व्यवस्थापनका कार्य भएको । | सुधार उन्मुख रहेको । |
| एच.आइ.भि र एड्स | – | आमा तथा बच्चामा हुने HIV जाँच गर्भावस्थामानै गर्ने गरिएको ।<br>क्षयरोगका बिरामीहरुलाई समेत HIV जाँच गर्ने गरिएको । | आमा तथा बच्चामा हुने HIV जाँच गराउनु पर्छ भन्ने सोचको बिकास भएको र रोग नभेटिएको । |

| विकासमा समान सहभागिता सेवाहरूमा पहुँच | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७।०७८ को अवस्था** | **प्रयासहरु** | **उपलब्धी** |
| स्थानीय बजार पुग्न लाग्ने समय | १ घण्टा | कृषि बजारका लागि भौतिक पूर्वाधारका कार्यको शुरुवात भएको ।<br>कृषि बजारको पहुँच स्थापना गर्न सफल भएको । | स्थानीय बजारलाई व्यवस्थित गरि राजश्वमा टेवा पुग्ने देखिन्छा । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १ घण्टा | स्थानीय तहमा नै कृषिशाखा स्थापना भएको ।<br>प्राविधिकहरुबाट माटो परीक्षण, महामारी रोग, किरा र आवस्यक कृषि उपचार लगायतको सेवा आवस्यकताका आधारमा घर-घरमा नै दिने कार्यको शुरुवात भएको । | सेवामा क्रमश : विस्तार हुदै गएको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा सीमान्तकृत वर्गाको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विषेश अवसरहरु | विपन्न नागरिकहरुको लागि सिप, अभिमुखिकरण, , दलित छात्रवृत्ति, लगायत नीति, कार्यक्रम र बजेटको व्यवस्था गरिएको । | जेष्ठ नागरिक, आदिबासी, महिला, पिछडीएका तथा सीमान्तकृत वर्ग, बालबालिका, अपाङ्गता, युवा, दलित, भूमिहिन, विपन्न नागरिकहरुको लागि सिप, दलित छात्रवृत्ति, अभिमुखिकरण, घरबस्ती निर्माण, लगायत समग्र क्षेत्र समेटेको नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन गरिएको ।<br>सरकारले विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको । | वर्ग उत्थानका कार्यक्रम र अवसरहरु पालिकाको नीति तथा कार्यक्रममा समावेश भएको । |

| जनशक्ति | | |
|---|---|---|
| जनशक्ति विकासमा भएका प्रयासहरु | प्रमुख प्रशासकिय अधिकृत १, प्रशासन अधिकृत १ लेखा अधिकृत १, अधिकृत छैटौं ३, बैध निरिक्षक अधिकृत छैटौं १, स्वास्थ्य संयोजक १, शाखा अधिकृत १, सूचना अधिकृत १, आ.ले.प. १, सामाजिक परिचालक १, कविराज पाँचौं १, ना.सु. १, अमिन १, सब इन्जिनियर ४, रोजगार सहायक १, एम.आइ.एस. अपरेटर १, अ. सब इन्जिनियर १, सह कम्प्युटर अपरेटर १, स.म.वि.नि. २, खरिदार ६, फिल्ड सहायक १, गरिबसँग विश्वेश्वर सामाजिक परिचालक १, सवारी चालक १, कार्यालय सहयोगी ५ । | माग अनुसार लोक सेवा आयोगले पदपुर्ति गर्दै गरेको । |

| | | | |
|---|---|---|---|
| नीति तथा कार्यक्रमहरु | नीति निर्माण गरि कार्यक्रम संचालन भएको । | **क. आर्थिक विकास सम्बन्धी नीति**<br>(क) कृषि (ख) उद्योग (ग) जलश्रोत तथा सिँचाई (घ) पशुपंक्षी विकास (ङ) श्रम र रोजगार नीति ।<br>**प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धि नीति**<br>**ख. पूर्वाधार विकास सम्वन्धि नीति**<br>(क) यातायात पूर्वाधार (ख) भवन आवास तथा शहरी विकास (ग) पुनर्निर्माण ।<br>**ग. सामाजिक विकास सम्बन्धि नीति**<br>(क) शिक्षा (ख) स्वास्थ्य (ग) खानेपानी तथा सरसफाई (घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (ङ) युवा तथा खेलकुद (च) सामाजिक सुरक्षा तथा संरक्षण ।<br>**घ. वातावरण तथा प्रकोप व्यवस्थापन विकास नीति**<br>(क)वातावरण संरक्षण (ख)प्रकोप तथा विपद व्यवस्थापन ।<br>**ङ. शुसासन/संस्थागत तथा अन्तरसम्बन्धित क्षेत्र विकास सम्बन्धि नीति**<br>(क) शान्ती तथा सु-व्यवस्था (ख) गरिबी निवारण (ग) प्रशासकिय सुशासन तथा संस्थागत विकास । | |
| भौतिक अवस्था | वडा नं २ र ७ स्वास्थ्य चौकी २ वटा भवन रहेको | पालिका भवन निर्माणाधिन, ६ वटा वडा कार्यालय भवन निर्माणाधिन, कृषि बजार निर्माणाधिन, वडाहरुबाट पालिका, स्वास्थ्य संस्था, विद्यालय, कृषि केन्द्र, पशु केन्द्रसम्म वर्षभरी नै यातायातको सरल र सहज ढंगबाट संचालन गर्न सडक पिच, ग्राभेल कल्भर्ट तथा सडक स्तरोन्नतीका कार्य गरिएको । | वडा कार्यालय देखि स्वास्थ्य संस्था र सडक तर्फ राम्रै काम भएको देखिन्छ । |
| समन्वय र सहकार्यका प्रयासहरु | केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी पालिका, संघ संस्थासंग समन्वय र सहकार्यमा कार्य गरिएको । | केन्द्र सरकार, प्रदेश सरकार, साझेदार संघ संस्था करुणा फाउण्डेशन, गरिबसँग विश्वेश्वर कार्यक्रम, सामाजिक परीक्षणका लागि रेडियो सुसेली, सार्वजनिक सुनुवाईका लागि स्थानीय मिडिया, तालिम लगायतका कार्यक्रम समन्वय र सहकार्यमा कार्य गरिएको । | उल्लेखनिय समन्वय र सहकार्य भएको पाइयो । |

| कृषि शाखा | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७७।०७८ को अवस्था** | **प्रयासहरु** | **उपलव्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विऊ ढुवानी । | बालिका बिउहरु ५०% अनुदानमा वितरण ।<br>इलेक्ट्रोनिक मोटर, बोरिङ ५० प्रतिशत अनुदानमा वितरण गरिएको । | साझेदारीमा सहकारी खेति व्यवसायिक उत्पादनका लागि उन्नत जातका तरकारी तथा बालिका बिउहरु ५० % अनुदानमा वितरण ।<br>इलेक्ट्रोनिक मोटर, बोरिङ ५० प्रतिशत अनुदानमा वितरण गरिएको ।<br>सामुहिक खेतिका लागि बोरिङ अनुदान ।<br>उन्नत जातका धान र मकैका बिऊ वितरण | कृषिमा युवाहरु सहकारी खेति मार्फत व्यवसायिक बन्दै गएका ।<br>सिंचाइको क्षेत्रमा बृद्धि भएको । उन्नत जातका बिउ मार्फत स्थानीय जातको बिउ भन्दा प्रति हेक्टरमा बढी उत्पादन |

| | | | |
|---|---|---|---|
| | | गरिएको ।<br>सहकारी तथा समुह मार्फत मल ढुवानी तथा वितरण कार्य गरेको । | भएको । |
| नगदे बाली | नगन्य मात्रामा ऊखु तथा सनपाट उत्पादन भएको । | कृषकहरुले ऊखु उत्पादनका लागि ऊखु मिलसँगको साझेदारीमा संघीय इकाई मार्फत पालिकाले सिफारिस उपलब्ध गराई अनुदान केन्द्रित कार्यक्रम भएको । सनपाट उत्पादन भइरहेको । | उत्पादन बृद्धि हुदै गरेको |
| तरकारी तथा बाली विकास कार्यक्रम | तरकारीका मिनिकिट, मकै पकेट र मकै प्रवर्द्धन कार्यक्रम भएको । | तरकारीका मिनिकिट, धान, मकैको बिउ ५० % अनुदानमा वितरण गरिएको ।<br>मकै पकेट, मकै प्रवर्द्धन कार्यक्रम र तरकारी पकेट विकास कार्यक्रम सञ्चालन गरिएको । | बाली विकास मार्फत उत्पादनमा बृद्धि भएको । |
| माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | माटो जचाउनु पर्छ भन्ने सोचको विकास भएको । | माटोको गुणस्तर बारे कृषकको माटो परिक्षणका लागि कृषकलाई सचेतना जगाइएको । | माटो सुहाउँदो बालीको खोजी गर्ने सुरुवात भएको । |
| कृषि प्रसार कार्यक्रम | संचालन भएको | कृषि सम्बन्धिका तालिमहरु संचालन गरिएको ।<br>धान, गहुँ मकैमा लाग्ने किराहरुको समाधानका लागि कार्य गरिएको । माइकिङ तथा सूचना गरिएको । | कृषि प्रति युवाहरुको आकर्षण बढेको । |

| स्थानीय तहको पशु सेवा सम्बन्धि | | | |
|---|---|---|---|
| सामाजिक जिम्मेवारीको क्षेत्र | ०७७।०७८ को अवस्था | प्रयासहरु | उपलव्धी |
| पशु विकास कार्यक्रम | कृतिम गर्भाधानका कार्यक्रम गरिएको । | ५६० वटा गाई र १८८ भैंसीमा कृतिम गर्भाधान गरि उन्नत जातका पशुहरु उत्पादन गरिएको । | पशु विकास कार्यक्रम मार्फत गाउँपालिकाका नागरिकको जीवनस्तरमा परिवर्तन आएको |
| पशु स्वास्थ्य कार्यक्रम | खोप कार्यक्रम सञ्चालन भएको । | मेडीकल उपचार ७३६ पशुमा गरिएको ।<br>भाइचर सर्जरी उपचार २२७, गाइनोकोलोजिकल उपचार ८७, इपिडियोलोजिकल उपचार १२, पारासाइनोलोजिकल उपचार ४००<br>पशुमा देखिने माहामारी जन्य रोगहरुको रोकथामका साथै (एफ.एम.डी.१०,००० गाई-भैंसीमा र पि.पि.आर. १०,००० बाखामा) जस्ता रोगहरुका लागि रोग विरुद्धका खोप, कार्यक्रम संचालन गरिएको ।<br>३४ वटा गाई-भैंसीको बिमा गरिएको । ७३३ पशुहरुमा बन्ध्याकरण गरिएको | पशुलाई देखिने जटिल तथा समान्य रोगहरुको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | घाँसका बिउ वितरण गरिएको । | उन्नत जातका घाँसका बिउहरु, बहुबर्षे घाँसका बिरुवाहरु वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन तथा अनुगमन कार्यक्रम | पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरु संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । | पालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |

| | | | |
|---|---|---|---|
| | संचालन गरिएको । | | |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रचार-प्रसार कार्यक्रम संचालन गरिएको । | पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको ।<br>यवसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको ।<br>खोर सुधार कार्यक्रम संचालन गरिएको<br>नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>माहामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा बृद्धि भएको । |

## अनुसूची-३

### भोक्राहा नरसिंह  गाउँपालिका सुनसरीको आर्थिक वर्ष २०७८/०७९ को
**सामाजिक परीक्षण प्रतिवेदन (बृहत सभामा प्रस्तुत गरिएको)**

### १. विषयगत शाखा :  स्वास्थ्य

**राष्ट्रिय लक्ष्य**

- देशका सम्पूर्ण नागरिकहरुको स्वास्थ्य स्थिति सुधार गर्ने ।

### २. गाउँपालिकाको नीति :

- भोक्राहा नरसिंह गाउँपालिका भित्र रहेको सवै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य चौकीलाई सुविधा सम्पन्न बनाई हाम्रो नागरिकलाई आधारभूत स्वास्थ्य उपचारमा कुनै पनि कमि हुन नदिने नीति लिईनेछ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई संरक्षण र सम्वर्द्धन गरी आफ्नो जिम्मेवारीमा ईमान्दारिताका साथ तल्लीन हुन उत्पेरित गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिका अन्तर्गतको स्वास्थ्य चौकीहरुमा क्रमश ल्याव सेवा र चिकित्सकिय सेवा विस्तार गरी स्वास्थ्य चौकीहरुलाई २४ घण्टे प्राथमिक उपचार केन्द्रको रुपमा स्थापित गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँ पालिकाको विपन्न, सिमान्तकृत जातजाती, आदिवासी तथा दिर्घरोगीहरुलाई स्वास्थ्य उपचार निशुल्क तथा निशुल्क उपचारको सिफारिस तथा आवश्यकता अनुसार आर्थिक सहायता गरिनेछ ।
- प्रत्येक वडामा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- पालिकाबासी नागरिकलाई कोभिड १९ विरुद्धको खोप उपलब्ध गराउने ।
- सुत्केरी जाँच सेवा घरघरमा पुऱ्याउनु ।
- नेपाल सरकारले लिएको P1(प्राथमिक नं. १) कार्यक्रमलाई सफल तुल्याउने ।
- स्वास्थ्य पूर्वाधार नभएका वडाहरुका स्वास्थ्य इकाइहरुमा जग्गा व्यवस्थापन गरि स्वास्थ्य सेवा प्रदान गर्न जोड दिने ।
- बाल तथा मातृ मृत्युदर घटाउने ।

- जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जन-समुदायको स्वास्थ्य अवस्थामा सुधार गर्नु ।
- सेवाको पहुँच नपुगेका वर्ग, लिङ्ग, क्षेत्र, जनजातीको पहिचान गरि उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्ने ।
- स्वास्थ्य विपद् पूर्व तयारी र प्रतिकार्य श्रोत साधनलाई व्यवस्थित बनाउदै लैजाने ।

## ३. पालिका स्तरिय मुख्य उद्देश्य :

- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- पालिकाबासी नागरिकहरुमा औषधी आपूर्ती बढाउनका लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरि स्वास्थ्य रहन चेतना अभिबृद्धि गर्ने ।
- स्वास्थ्य संस्थाको माध्यमबाट स्वास्थ्य प्रतिकारात्मक,प्रवर्द्धनात्मक र उगचारात्मक र पूर्नस्थापनात्मक सेवा उपलब्ध गराउनु ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम /आयोजना | लक्ष्य | क्रियाकलाप/उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य | सुरक्षित मातृत्व कार्यक्रम संचालन गर्ने ।<br>महिला स्वास्थ स्वयम् सेविका परिचान गर्ने ।<br>मातृ तथा शिशु मृत्युदर शुन्य बनाउने । | **क्रियाकलाप :** सेवा प्रदायक र सेवाग्राहीको बिचमा राम्रो समन्वय ।<br>गुणस्तरिय स्वास्थ्य सेवा प्रदान ।<br>व्यवस्थापन समितिको सक्रिय भूमिका ।<br>सुपानेट झुल, फोलिक एसिड तथा क्याल्सियम टेबलेट निःशुल्क वितरण ।<br>सुत्केरीलाई थप पोषण खर्च गा.पा.बाट उपलब्ध ।<br>**उपलब्धि :** मातृ तथा बाल मृत्युदरको रेकर्ड शुन्य रहेको स्वास्थ्य संस्थामा प्रसुती गराउनेको संख्या बृद्धि भएको ।<br>बच्चा पैदा हुने क्रममा हुने जोखिम न्युनिकरण गर्न सहायता मिलेको । भि.आइ.ए स्कृनिय कार्यक्रम आवस्यकताका आधारमा |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने ।<br>भइरहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गर्ने ।<br>आधारभुत स्वास्थ्य केन्द्र थप गरि सेवा विस्तार गर्ने ।<br>महामारीजन्य रोगहरुको व्यवस्थापनमा अगाडी बढ्ने । | **क्रियाकलाप :** आठ वटै वडामा आधारभूत स्वास्थ्य सेवा उपलब्धता ।<br>स्वास्य संस्थाको संक्रमण रोकथामको राम्रो व्यवस्थापन ।<br>महामारी रोगको समयमै रोकथाम, व्यवस्थापन तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन ।<br>१५ बेडको अस्पताल संचालनको लागी निर्णय भई प्रकृया अगाडी बढेको ।<br>**उपलब्धि :** सर्वसुलभ स्वास्थ्य सेवामा भरपर्दो सेवाको सुरुवात भएको ।<br>पालिकाका सबै वडाहरुमा स्वास्थ्य सेवा संचालनमा आई जनताले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सफल<br>८ वटा स्वास्थ्य केन्द्र, २ वटा बर्थिङ सेन्टर संचालनमा आएको ।<br>१५ शैया अस्पताल संचालनको लागि जग्गा प्राप्ति भई निर्माण चरणको तयारीमा गएको । |

| | | |
|---|---|---|
| क्षयरोग नियन्त्रण कार्यक्रम | नयाँ क्षयरोगी पत्ता लगाउने, पत्ता लागेका क्षयरोगीहरुलाई उपचारमा ल्याई निदान गर्ने | **क्रियाकलाप :** म.स्वा.से. तथा स्वास्थ्य कर्मिद्वारा स्क्रिनिङ कार्यक्रम<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।<br>जनचेतनामुलक कार्यक्रम ।<br>**उपलब्धि :** क्षयरोगी मृत्यु हुने दरमा कमी आएको ।<br>समुदायमा रोग सर्ने दरमा कमि आएको । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम संचालन गर्ने ।<br>परिवार नियोजन कार्यक्रम संचालन गर्ने ।<br>आमा सुरक्षा गर्भवती उत्प्रेरण सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम संचालन गर्ने | **क्रियाकलाप :** -परिवार नियोजनका कोमिडिटीको सकेकम्म उपलब्धता ।<br>– मोबाईल सम्पर्क द्वारा ANC , PNC जाँचको लागी Follow up गर्ने गरेको ।<br>– Onsite Coaching Monitoring and up date treaning.<br>– आमा समुह, म.स्वा.से. तथा गाउँघर क्लिनिक सेवा सक्रिय र समयमा परिचालन ।<br>**उपलब्धि :** कुपोषित बच्चाहरुको संख्यामा कमी आएको<br>कुपोषणका कारण मातृ तथा शिशु मृत्युदरमा कमि आएको ।<br>जन्मान्तरको कारण आमा तथा बच्चाहरुको स्वास्थ्य तथा बृद्धि विकासमा सहायता मिलेको ।<br>आमा सुरक्षा कार्यक्रम संचालन भएको ।<br>गर्भवती जाँच सेवा कार्यक्रम प्रभावकारी भएको ।<br>न्यानो झोला वितरण कार्यक्रम प्रभावकारी भएको ।<br>सुरक्षित गर्भपतन कार्यक्रम प्रभावकारी रुपमा रहेको ।<br>झुल बितरण कार्यक्रम प्रभावकारी रहेको । |
| एकिकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम | कुपोषित बच्चाहरुको खोजी तथा व्यवस्थापन गर्दै कुपोषण रहित पालिका निर्माण गर्ने ।<br>ओ.टि..सि. सेन्टर नियमित गर्ने । | **क्रियाकलाप :** –म.स्वा.से.तथा स्वास्थ्यकर्मीहरुलाई वृहत पोषण प्याकेजको तालिम गराएको ।<br>– पोषण रजिष्टर अध्यावधिक गरेको ।<br>**उपलब्धि :** पोषणको कारण हुने मृत्युदरमा कमी आएको<br>भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रम मार्फत बालबालिकाको जीवनस्तरमा परिवर्तन आएको ।<br>न्यून तौल भएका बच्चाहरुमा कमी आएको ॥ |
| अपांगता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | जन्मबाट नै हुने अपांगता शुन्य बनाउने । | **क्रियाकलाप :**<br>सम्पुर्ण वडामा LPEP कार्यक्रम संचालन गरेको<br>– स्वास्थ्य संस्था प्रमुख र फोकल पर्सनहरुलाई CLT तालिमको व्यवस्थापन गरको ।<br>**उपलब्धि :** ए.एन.सी, पि.एन.सि कार्यक्रम प्रभावकारी रुपमा संचालनमा रहेको । |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | पालिका स्तरको अस्पताल संचालन गर्ने ।<br>चौमासिक एवं वार्षिक समिक्षा गर्ने । | १५ बेडको अस्पताल स्थापनाको लागि छलफल भएको<br>वार्षिक समिक्षा भएको । |
| राष्ट्रिय, स्वास्थ्य, शिक्षा, सूचना तथा संचार | स्वास्थ्य सचेतनामा सुधार गर्ने । | **क्रियाकलाप :** प्रत्येक सेवाको सेवा रजिष्टर, Tally sheet, HMIS 9.3, Monthly monitoring prophyle |

| | | |
|---|---|---|
| कार्यक्रम | | ,DHIS 2, eLMIS Systeam, Grop communication बारे नियमित मासिक बैठकमा विस्तृत छलफल गर्ने गरेको ।<br>**उपलब्धि :** स्वास्थ्य र शिक्षा जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भएको जसबाट स्वस्थ जीवन जिउनुपर्छ भन्ने सोचको विकास भएको । |
| उपचारात्मक सेवा कार्यक्रम | सबै स्वास्थ्य चौकी तथा सबै वडाका स्वास्थ्य संस्थाबाट आभारभूत देखी ओपिडी सेवा संचालन गर्ने । | **क्रियाकलाप :** स्वास्थ्यकर्मीहरु कार्यलयमा पुरा समय बस्ने गरेको ।<br>- ओ. पी. डी. सेवालाई गुणस्तर तथा प्रभावकारी बनाईएको ।<br>- औषधीको नियमित व्यवस्थापन ।<br>- आवश्यक उपकरणहरुको समयमा व्यवस्थापन<br>**उपलब्धि :** नागरिकहरुलाई आधारभूत स्वास्थ्य उपचारात्मक सेवा मार्फत टेवा पुगेको । |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम संचालन गर्ने । | **क्रियाकलाप :** सामुदायिक म.स्वा.स्व.से.हरु सक्रिय भई कामकाज गरिरहेका ।<br>**उपलब्धि :** स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुलाई आवस्यकता अनुसारको तालिम लगायतको व्यवस्था गरिएको |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य केन्द्र नभएका वडाहरुमा स्वास्थ्य केन्द्र थप बर्थिङ सेन्टर स्थापना गरि संचालनमा आएको ।
- जनताको स्वास्थ्य सुरक्षाको मध्य नजर गर्दै पालिका स्तरिय १५ बेडको अस्पताल स्थापना गरी संचालन गर्न छलफल हुनु ।
- महामारी नियन्त्रण तथा अन्य विपद् व्यवस्थापनका लागि प्राथमिकताका साथ श्रोत छुट्याइने नीतिमा नै व्यवस्था हुनु ।
- जन्म देखि नै हुने आपांगता रोकथामको कार्य प्रभावकारी रुपमा संचालनमा आउनु गर्भवती महिलाहरुलाई निःशुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य संस्थाहरुलाई सुदृढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापकीय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिनु ।
- निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि र स्वास्थ्य सामाग्री तथा उपकरण खरिद र वितरण कार्यक्रम संचालन गरिनु ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याउन प्रचार प्रसारको व्यवस्था भई कार्यान्वयनमा आउनु ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सुचक सहित कामको विवरण |
|---|---|
| ५ वर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । | बि.सि.जि. १०२.१%, रोटा प्रथम १०१.३,%, रोटा दोश्रो ९१%, पोलियो प्रथम ९७.२%, दोश्रो ६%, तेश्रो ७५.१%, एफ.आइ.पि.भि. प्रथम ९७.२, %, दोश्रो ७५.३%, पि.सि.भि. प्रथम १०२.७%, दोश्रो ५.६%, तेश्रो ७८.६%, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम १०१.३%, दोश्रो ९१%, तेश्रो १.१%, दादुरा-रुबेला प्रथम ७८.६%, दोश्रो ६१% र जे.इ.६७.३% । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | २ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, खोप केन्द्र, गाउँघर क्लिनिकबाट निरन्तर सेवा प्रवाह भइरहेको । स्वास्थ्यको सहज पहुँचको लागि बाटो ग्राभेल, पिच, कल्भर्ट मर्मत सम्भारका कार्य भएको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा । | बि.सि.जि. १०२.१%, रोटा प्रथम १०१.३,%, रोटा दोश्रो ९१%, पोलियो प्रथम ९७.२%, दोश्रो ६%, तेश्रो ७५.१%, एफ.आइ.पि.भि. प्रथम ९७.२, %, दोश्रो ७५.३%, पि.सि.भि. प्रथम १०२.७%, दोश्रो ५.६%, तेश्रो ७८.६%, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम १०१.३%, दोश्रो ९१%, तेश्रो १.१%, दादुरा-रुबेला प्रथम ७८.६%, दोश्रो ६१% र जे.इ.६७.३% । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या । | प्रोटोकल चौथो भिजिट ७८.५% रहेको ।<br>प्रोटेबल भिडियो एक्सरे मेसिनद्वारा गर्भवतीको भिडियो एक्सरे गरिएको ।<br>सबै स्वास्थ्य संस्थाबाट महिलाहरुको लागि चारपटक जाँच गर्ने सेवा उपलब्ध गराइएको । |
| दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाको संख्या ६% रहेको । | तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट गाउँपालिका अन्तरगत १ वटा बर्थिङ् सेन्टरबाट १५६ जना आमाहरुले बच्चा जन्माउन सफल रहेको साथै नयाँ थप वर्थिङ सेन्टर समेत सञ्चालन गरि निरन्तर सेवा प्रवाहको सोच रहेको ।<br>आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको ।<br>आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | शुन्य रहेको ।<br>प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको ।<br>खुल्ला दिसापिसाव मुक्त गाउँपालिका घोषणा जस्ता कार्यक्रम संचालन गरिएको ।<br>पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- नीति कार्यक्रम र बजेट व्यवस्था भएपनि कोभिड १९ का कारण प्रभावकारी कार्यान्वयन गर्न समस्या हुनु ।
- स्थानीय स्वास्थ्य संस्थाबाट भरपर्दो सर्व सुलभ र भरपर्दो स्वास्थ्य सेवा प्रदान हुन्छ भन्ने सोचको विकास पालिकाबासी नागरिकमा पुऱ्याउन कठिनाई रहेको ।
- पूर्वाधार मात्र विकास हो भन्ने सोच समाज तथा जनमानसमा रहनु ।
- पि.एन.सि.को सेवाका लागि पूर्ण रुपमा संचालनमा जनशक्ति अभाव हुनु ।
- पुरै साईकल बालभिटा नखानु र बालभिटा उपलब्ध समेत नहुनु ।
- CBIMNCI/CBNCP कोभिड १९ का कारण सेवा लिन नआउनु ।
- ANC/PNC सेवान्यून ।
- औषधी आपूर्तिमा समस्या ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था गर्न कठिनाई रहनु ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदम र सुझावहरु :

- नियमित खोपबाट छुटेका बच्चालाई खोजी गरी खोप दिन सुझाब दिइन्छ ।
- पालिका स्तरिय अस्पताल संचालन गरी विषेशज्ञ सेवा चाँडो संचालनमा ल्याउन सुझाव दिइन्छ ।
- पालिका भित्र सञ्चालनमा आएका आधारभूत स्वास्थ्य केन्द्रनिमाृणलाई पहिलो प्राथमिकतामा राखि स्तरिय आधुनिक ल्याबको व्यवस्था गर्न सुझाव दिइन्छ ।
- ८ पटक गर्भवती जाँच तथा संस्थागत सुत्केरी गराउनेको संख्यामा देखिएको तथ्याङ्क न्यून भएकोले बृद्धि गर्नुपर्ने ।
- महामारी जन्य सरुवा रोगको संक्रमण र व्यवस्थापनका निमित्त स्वास्थ्य विपद् कोषको परिचालन पहिलो प्राथमिकतामा राख्नुपर्ने ।
- स्वास्थ्य विपद्को समयका लागि तालिम प्राप्त केही दक्ष प्राविधिकहरु तयारी अवस्थामा राख्ने ।
- समय अनुकुल स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने ।
- MDGको प्रगतीका आधारमा SDG का लक्ष्यलाई प्राप्त गर्न रणनीति तयार गरी कार्यान्वयन गर्नु पर्ने ।
- सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलब्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने ।
- कार्यक्रम र सेवाको विस्तार भए वमोजिम जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभूत सेवा लिनको लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनु पर्ने
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध व्यवस्थापन समितिले गर्न सक्ने कानुनी व्यवस्था हुनु पर्ने ।
- पालिकाबासी नागरिकको स्वास्थ्य अवस्थाका लागि नीति अनुरुपका कार्यक्रम र बजेटको यथेष्ठ प्रवन्ध मिलाई नियमन र अनुगमनमा जोड दिनुपर्ने देखिन्छ ।
- दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गरिएका महिलाको प्रतिशत न्यून देखिएको तर बाहिरी अस्पतालमा गई प्रशुति गरिएको अवस्था ग्रामिण सर्वेक्षणमा देखिएको हुँदा बर्थिङ सेन्टर थप गर्ने र डि.पि.टि.हेप.बि. हिव प्रथम.र दादुरा दोश्रो खोपको संख्या बिचमा फरक देखिएको हुँदा यसको समाधानको लागि पहल गर्न सुझाव दिइन्छ ।
- यूवा लक्षित Blood Grouping कार्यको शुरुवात गर्ने

- नसर्ने रोगलाइ समयमै सचेतना बढाउन स्वास्थ्यकर खानपान र व्यायाम संबन्धि स्वास्थ्य शिक्षामा जोड दिने ।
- जेष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी घरदैलो सेवाको सुरुवात र निरन्तरता दिने ।
- स्वास्थ्य संस्थामा SBA कमीको कारण बर्थिङ सेन्टर प्रभावित भएको हुँदा नर्सिङ कर्मचारीलाई तालिमको व्यवस्था गर्ने ।

## अनुसुचि ६ सँग सम्बन्धित

### १. विषयगत शाखा : शिक्षा

### २. लक्ष्य :

- शत प्रतिशत विद्यालय उमेरका विद्यार्थीलाई शिक्षाको पहुँचमा समेट्ने ।
- शिक्षामा सुचना र प्रविधिको पहुँच प्रवर्द्धन गर्ने ।
- प्रविधिमा आधारित विद्यालय शिक्षाको विकास गर्ने ।

### ३. पालिका स्तरिय नीतिहरु :

- भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र भएका सम्पूर्ण सार्वजनिक र निजि विद्यालयहरुको नियमित अनुगमन तथा नियमन गरी गुणस्तरीय शिक्षा दिने नीति लिईनेछ ।
- नेपालको खस्किदो शिक्षा क्षेत्रको कमी कमजोरी खोजी गरी वा सम्बन्धीत क्षेत्रका विज्ञहरुको सल्लाह सुझाव लिइ शिक्षा क्षेत्रलाई व्यवहारिक र प्रतिष्पर्धात्मक बनाउने नीति लिईनेछ ।
- कोरोना महामारी बाट प्रभावित शिक्षा क्षेत्रलाई कसरी सामान्य आवस्थामा ल्याउन सकिन्छ सो कुराको लागि विज्ञको सुझव अघि बढ्ने निति लिईनेछ ।
- भोक्राहा नरसिंह गाउँ पालिका क्षेत्र भित्र रहेको सामुदायिक विद्यालयका उत्कृष्ट छात्र छात्राहरुलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेको बाल विकास केन्द्रहरुलाई सामुदायिकरण, एकिकरण र शसक्तिकरण गरिनेछ ।
- निजी विद्यालयहरुलाई नियमित अनुगमन, नियमन र व्यवस्थापन गरी आवश्यक निर्देशन दिइने छ ।
- प्रत्येक विद्यालयहरुमा शिक्षक र विद्यार्थीहरुलाई पोशाक र परिचय पत्र अनिवार्य रुपमा लागू गरि विद्यालयलाई अनुशासित, मर्यादित र व्यवस्थित गरिनेछ ।
- शिक्षा क्षेत्रको विकास गर्न, व्यवस्थित गर्न गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक नियमावली, कार्यविधि,निर्देशिका बनाई जारी गरिनेछ ।
- आगामी आर्थिक वर्षमा शिक्षा क्षेत्रको लागि शसर्त अनुदान रकम सहित रु १२ करोड ६४ लाख छुट्याईएको छ ।
- गाउँ भित्र संचालित सामुदायिक विद्यालय शिक्षालाई कोभिड मैत्री बनाउदै लैजाने ।
- विद्यालय क्षेत्रसम्म पुग्ने सडकको स्तरोन्नती गर्ने ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउदै लैजाने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | **बालविकास र शिक्षा**<br>● बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।<br>**आधारभूत शिक्षा**<br>● अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,<br>**माध्यमिक शिक्षा**<br>● नि:शुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।<br>**उच्च शिक्षा**<br>● सस्थागत क्षमता विकास र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति दिने<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्ने ।<br>● प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।<br>**शिक्षक व्यवस्थापन र विकास**<br>● विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिने । | **बालविकास र शिक्षा**<br>● ५९ बाल विकास केन्द्रलाई सञ्चालन र व्यवस्थापन गरिएको ।<br>● **आधारभूत शिक्षा**<br>● विभेदपूर्ण बातावरणमा विद्यालय सञ्चालनका साथै आधारभूत तहका सबै कक्षामा नि:शुल्क पाठ्यपुस्तक र छात्रा तथा दलित छात्रवृत्ति वितरण ।<br>**माध्यमिक शिक्षा**<br>विद्यालय शिक्षामा नि:शुल्क पाठ्यपुस्तक वितरण ।<br>**उच्च शिक्षा**<br>● गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि विशेष व्यवस्था गरिने ।<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● स्थानीय पाठ्यक्रम निर्माणको सोचमा विकास भएको (कक्षा १- ८)<br>● विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरेको | विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत बहुसंख्यक बालबालिका लाभान्वित भएको र बालबालिकामा शिक्षाको पहुँचमा बृद्धि हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| शिक्षा गुणस्तर सुधारका प्रयास | **शैक्षिक समता र समावेशीकरण**<br>✓ शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्ने ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>✓ विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि व्यापारसँग जोड्ने।<br>सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था तथा महिला स्वयम् सेवक परिचालन गर्ने ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>✓ विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन ।<br>**शिक्षामा सूचना र प्रविधि**<br>✓ विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।<br>**आपतकालिन शिक्षा**<br>✓ कोभिड १९ का कारण भौतिक कक्षा संचालन गर्न नसकिए पनि व्यवस्थापन समिति, विद्यालयको तर्फबाट वैकल्पिक शिक्षाको थालनि गर्ने । | **शैक्षिक समता र समावेशीकरण**<br>• शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुर्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गरीएको ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>• विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिसँग जोड्दै विद्यालयमा आधारित खाजा प्रणाली लागू गरिएको ।<br>• सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था गरेको । सेनिटरी प्याड वितरण गरिएको तथा महिला स्वयम् सेविका आंसिक परिचालन गरीएको<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>• विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन गरिएको।<br>• **शिक्षामा सूचना र प्रविधि**<br>• IEMIS क्षमता विकास तालिम कार्यक्रम सञ्चालन ।<br>**आपतकालिन शिक्षा**<br>• कोभिड १९ का कारण भौतिक कक्षा संचालन गर्न नसकिए पनि व्यवस्थापन समिति, विद्यालयको तर्फबाट टोल सिकाइ कार्य भएको<br>• वितरण गरिएको । | शिक्षा गुणस्तर सुधारका प्रयासहरु समय सापेक्ष सुधार आएको देखिन्छ । कार्य सम्पादन सम्झौता |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- ❖ प्राविधिक शिक्षाको विकास र विस्तार लाई प्राथमिकतामा राखि रोजगारमूलक शिक्षामा जोड दिएको देखिन्छ ।
- ❖ कोभिड १९ को रोकथाम न्यूनीकरण गरि विद्यालयमा वैकल्पिक शिक्षा प्रणालीको अवलम्बन गरिएको ।
- ❖ न्यून दरबन्दि भएका विद्यालयहरुमा अस्थाई अतिरिक्त शिक्षक थप गरि प्रभावकारी शिक्षा प्रदान गर्दै जाने नीति लिइएको ।
- ❖ विद्यालयको भौतिक पुर्वाधार निमाण तथा विद्यालय जाने बाटोको स्तरोन्नती कार्यलाई प्राथमिकतामा राखि निर्माण कार्य हुदै गएको ।
- ❖ दिवा खाजा कार्यकमलाई थप प्रभावकारी बनाउन IEMS का आधारमा विद्यालय खाजा कार्यक्रम निर्धारण गरिएको साथै IEMS लाई सक्रिय गरिएको ।
- ❖ शिक्षक तथा विद्यार्थीको नियमितताको लागि E Attendence जडान गरिएको ।
- ❖ केहि विद्यालयमा इन्टरनेट जडान गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| समावेशी शिक्षा | **गाउँपालिकामा रहेका कूल बालबालिका मध्ये :**<br>● दलित बालबालिका:,अपाङ्गता बालबालिका, आदिबासी जनजाती, दलित, पिछडिएको समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन शिक्षामा लक्षित वर्गको सहभागितामा  वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा ९६८ छात्रवृत्ति प्रदान गरिएको । |
| पहुँच अभिवृद्धि | ● दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>● आधारभूत र मा.वि मा नि:शुल्क पाठ्यपुस्तक वितरण गरिएको ।<br>● बालविकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरिएको । आवश्यकता अनुसार बालविकास केन्द्रको संख्या थप गरिदै लगिएको । |
| समावेशिकरण | ● सकारात्मक विभेद र आरक्षणका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको ।<br>● अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गरिएको ।<br>● दलित, अपाङ्ग, पिछडिएको समुदायका वालवालिकालाई छात्रवृत्ति प्रदान गरिएको । |
| गुणस्तरीय सुधार | ● शिक्षालाई सूचना संचार र आजको प्रविधिसंग जोड्दै लाने कार्यको सुरुवात भएको ।<br>● तालिम प्राप्त शिक्षकहरुको माध्यमबाट विद्यालय शिक्षा प्रदान गरिएको<br>● वैकल्पिक शिक्षण सिकाइको खोजी भएको ।<br>● आवश्यकता अनुसार अतिरित्त शिक्षकहरु थप गरि कक्षा संचालन गरिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- शिक्षक दरबन्दि न्यून रहनु ।
- शुद्ध पिउने पानीको अभाव रहेको ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि बहुसंख्यक विद्यार्थीमा पहुँच स्थापित गर्न नसकिएको ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि बहुसंख्यक शिक्षकहरुलाई प्रविधि संग शिक्षण सिकाईका क्रियाकलाप संचालन गर्न कठिनाई रहेको ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि गाउँ पालिकाका सबै विद्यालय तथा विद्यार्थीको पहुँचमा तत्काले प्रविधिको विकास गर्न नसकिएको ।
- शिक्षासँग सम्वन्धित योजना, कार्यक्रमहरु तयार गर्दा पालिकाको तत् शाखासँग समन्वय नहुनु ।
- विद्यालयमा विद्यार्थीको नियमितताको अभाव रहनु ।
- विद्यालयमा कार्यारत शिक्षकहरुलाई समय समयमा पुर्नताजकी तालिमको प्रभावकारी व्यवस्थापन गर्न नसकिनु ।
- विद्यालयसम्मको सडकको स्तरीकरण तथा कालोपत्रे योजना अनुरुप तयार गर्न नसकिनु ।
- दिवा खाजा कार्यक्रम प्रभावकारी रहेता पनि स्रोतको न्यूनता तथा उपलब्ध गराइने दर न्यून भएकोले कार्यान्वयनमा कठीनाई भएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- दिवा खाजा कार्यकम उपलब्धिमुलक भएता पनि यसको दर न्यून भएकोले यसलाई थप गरिनुपर्ने ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको लागि पालिकाका सबै विद्यालय तथा विद्यार्थीको पहुँचमा तत्काले प्रविधिको विकास गर्नुपर्ने ।
- शिक्षा सम्बन्धि लक्ष्य, योजना, कार्यक्रमहरु तय गरिदा साथै कार्यान्वयन गरिदा सम्बन्धित सरोकार पक्षसँग समन्वय गरि गरिनुपर्ने ।
- सवै विद्यालयमा ल्याव कक्षा संचालनका लागि पालिकाले आवश्यक पहल तथा सहयोग गरिनुपर्ने ।
- विद्यालय तथा विद्यालय पहुँच सम्मको पुर्वाधार विकासमा प्राथमिकतासाथ योजना संचालन गर्नुपर्ने ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यका लागि  शतप्रतिशत विद्यार्थीमा पहुँच स्थापित गर्नुपर्ने ।
- सवै विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्थापन गर्नुपर्ने ।
- शिक्षकहरुलाई समय समयमा पुर्नताजकी तालिमको व्यवस्था गरिनुपर्ने जसले शिक्षण सिकाईलाई थप प्रभावकारी वनाउन सहयोग गर्दछ ।
- स्थानीय पाठ्यक्रम तय गरि स्थानीय स्तरमा पठन-पाठन गर्ने योजना उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने ।
- कृषिमा आत्मनिर्भर रहेको पालिकाले आफ्नो स्थानीय पाठ्यक्रममा स्थानीय कृषिको थप प्रवर्द्धनको लागि पाठ्यक्रममा नै सो कुरा समावेश गर्नुपर्ने ।
- वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यका लागि शतप्रतिसत शिक्षकहरुलाई प्रविधिसंग शिक्षण सिकाईका क्रियाकलाप संचालन गर्न सक्षम बनाउनुपर्ने ।

## अनुसुचि ६ सँग सम्बन्धित

### १. विषयगत शाखा : कृषि

### (क) भोक्राहा नरसिंह गाउँ पालिका कृषि नीति :

- भोक्राहा नरसिंह गाउँपालिको समग्र विकास र समृद्धिको आधार स्तम्भ कृषि क्षेत्रलाई मानी पहिलो प्राथमिकतामा राखिएको ।
- सार्वजनिक नीजि र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको सिद्धान्तलाई आत्मसात गरी कृषि क्षेत्रलाई पूर्ण रुपमा व्यवसायिकरण गर्दै यहाँको सम्भावित अधिकतम उब्जनी हुन सक्ने बालीको पहिचान गरी उत्पादन देखि बजारीकरणसम्मको कार्यमा गम्भीरताका साथ लाग्ने नीति ।
- व्यक्तिगत उत्पादन भन्दा सामुहिक कृषि उपज र उत्पादनलाई प्राथमिकता दिँदै साना किसानहरुलाई कृषि सहकारीमा र ठूला कृषकहरुलाई फर्म कम्पनीमा आवद्ध हुन प्रोत्साहित गरिने छ । गाउँपालिका क्षेत्र भित्र माटो परिक्षण गरी माटो र वातावरण अनुकुल वाली विकासमा कृषक, कृषक फर्म वा कृषि सहकारीहरुलाई अभिप्रेरित गरिनेछ ।
- यस भोक्राहा नरसिंह गाउँपालिकालाई सक्षम र समृद्ध गाउँ पालिकाको रुपमा स्थापित गर्न यो बाकि समय भित्रमा आवश्यक सबै किसिमका संरचना र पद्धतिको विकास गर्ने तर्फ यस गाउँपालिकाको ध्यान पूर्ण रुपमा केन्द्रित हुनेछ ।
- किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्दै कृषि उत्पादन, उत्पादकत्व बढाउन सिंचाईको उचित व्यवस्थापनको लागि योजना निर्माण र कार्यान्वयनमा ध्यान दिईनेछ ।
- बैकल्पीक सिंचाई व्यवस्थापनका लागि डिप बोरिङ्ग, स्टेट बोरिङ्ग, कृषि मोटर जस्ता उपकरणको माध्यमबाट सिंचाई सम्बन्धी समस्याको समाधान गरिनेछ ।
- कृषि उपजलाई व्यवस्थित गर्न निश्चत क्षेत्र तोकी कृषि जन्य थोक बजार, खुद्रा बजारको व्यवस्थापन गरी कृषि व्यावसायलाई व्यवस्थित गरिनेछ ।
- यस कृषि क्षेत्रको विकास, प्रवर्द्धन, आत्मानिर्भरता, आयातको प्रतिस्थापन गर्नको लागि शसर्त अनुदान सहित रु.८७ लाख रुपैया छुट्याएको छ ।
-

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| संचालित आयोजना/कार्यक्रम | लक्ष्य | क्रियाकलाप | उपलव्धी |
|---|---|---|---|
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने । | आधुनिक प्रविधि हस्तान्तरण गर्दै श्रम बजार सहज बनाउने ।<br>जोखिम व्यवस्थापनका साथै रोग किरा नियन्त्रणका लागि प्राविधिक सेवा उपलब्ध गराउने । | साझेदारीमा सहकारी खेति व्यवसायिक उत्पादनका लागि उन्नत जातका तरकारी तथा बालिका बिउहरु ५० % अनुदानमा वितरण ।<br>इलेक्ट्रोनिक मोटर, बोरिङ ५० प्रतिशत अनुदानमा वितरण गरिएको ।<br>सामुहिक खेतिका लागि बोरिङ अनुदान ।<br>उन्नत जातका धान र मकैका बिऊ | कृषिमा युवाहरु सहकारी खेति मार्फत व्यवसायिक बन्दै गएका ।<br>सिंचाइको क्षेत्रमा बृद्धि भएको । उन्नत जातका बिउ मार्फत स्थानीय जातको बिउ भन्दा प्रति हेक्टरमा बढी उत्पादन भएको । |

| | | | |
|---|---|---|---|
| | | वितरण गरिएको ।<br>सहकारी तथा समुह मार्फत मल ढुवानी तथा वितरण कार्य गरेको । | |
| बाली बिकास कार्यक्रम | मकै, धान, तरकारी उन्नत जातको विउ मार्फत उत्पादन बढाउन | तरकारीका मिनिकिट, धान, मकैको बिउ ५० % अनुदानमा वितरण गरिएको ।<br>मकै पकेट, मकै प्रवर्द्धन कार्यक्रम र तरकारी पकेट विकास कार्यक्रम सञ्चालन गरिएको । | उत्पादन बृद्धि हुदै गरेको |
| आईपीएम पाठशाला | अर्गानिक उत्पादनमा जोड दिने । | किरा तथा मल खादको प्रयोग न्यून गराउन सचेतनाको कार्यक्रम गरिएको | कृषकहरू प्रति कडा विषादीहरूको प्रयोग न्यून बनाउन सचेतना जगेको |
| कृषि तालिम संचालन गर्ने । | तालिम प्राप्त कृषक बनाई कृषिबाट आत्मानिर्भर बनाउने । | तरकारी बाली सम्बन्धि तालिम, व्यवसायिक खेति सम्बन्धि तालिम कृषि सम्बन्धिका अन्य विभिन्न तालिमहरु सञ्चालन गरिएको । | कृषि प्रति युवाहरुको आकर्षण बढ्दो रहेको । |
| कृषि बिमा | कृषि बिमाको प्रवन्ध मिलाउने । | सबै वडाका व्यवसायिक कृषि फर्महरुलाई कृषि बिमा गर्नुपर्छ भन्ने सोचको विकास गराउन सफल भएको । | कृषिमा देखिने जोखिम व्यवस्थापन हुने सम्भावना रहेको । |
| अनुदान लक्षित कार्यक्रम | उत्पादन बृद्धि गर्ने ।<br>स्वरोजगार निर्माण गरि आत्मानिर्भर बनाउने । | कृषि यान्त्रिकरण, बीउ, बिरुवा, टनेल, पोखरी अनुदानका कारण कृषकहरु आकर्षित भइ कृषि व्यवसाय प्रतिको सामुहिक सोचको विकास भएको । | महंगो बन्दै गएको श्रम बजार सरलीकरण गर्न सफल भएको । |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- तरकारी र मकै उत्पादनलाई थप व्यापक बनाउँदै लैजाने नीति रहनु ।
- उत्पादकत्व बृद्धि गर्न कृषिमा यान्त्रिकरण मार्फत राहत उपलब्ध गराउने परिपाटी बसाउनु ।
- बढी उत्पादन हुने बालिको बिउ बिजनको प्रयोग गर्न उत्प्रेरण गर्ने कार्यक्रम सुरुवात भएको
- कृषि कर्जा र युवा वर्गलाई सामुहिक खेति प्रणालीमा अनुदानको व्यवस्था मिलाउने नीतिगत व्यवस्था हुनु ।
- सिँचाईका लागि यन्त्रिक बस्तुहरुको अनुदान तथा वितरणको शुरुवातले सिँचीत क्षेत्रमा बृद्धि भएको देखिन्छ ।

## ६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- बाटो मात्र विकास हो भन्ने सोच नेतृत्व तथा जनतामा कायमै रहनु । गाउँपालिकाको प्राथमिकतामा कृषि भन्दै गैह्र कृषि क्षेत्र पर्नु ।
- कृषिबालिमा माहामारीको रुपमा देखिएको किरा नियन्त्रण तथा व्यवस्थापन गर्न नसक्दा कृषि उत्पादनमा कमि आएको ।
- फलफूल तथा तरकारी भण्डारणका लागि चिसान केन्द्र सहितको संकलन केन्द्र बिस्तार गर्ने नीतिगत रुपमा व्यवस्था भएपनि कोभिड १९ को कारण प्रभावित भएको ।
- ठूलो क्षेत्र सीमित साधन र असिमित मागको वीचमा तालमेलका विच काम गर्न असहज भएको ।
- कृषि बिमालाई तल्लो तहसम्म पुऱ्याउन नसक्नु ।
- वडा स्तर बाटै योजना छनोटमा कृषिलाई प्राथमिकतामा नराख्नु ।

## ७. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- कृषकहरुलाई प्रदान गरिने विभिन्न अभिमुखीकरण तालिमहरुमा माटोको प्राङ्गारीकपन पि.एच. लेवल, नाईट्रोजन लेवललाई हेरी प्राङ्गारीक मलहरुमा थप प्रभावकारी रुपमा अघि सार्नुपर्ने साथै रसायनयुक्त मलखादको सट्टा भर्मि कम्पोष्ट मल तर्फ अनुदान कार्यक्रम ल्याउन आवस्यक देखिन्छ ।
- गह्रा सुधार तथा माटोको लागि कृषि चुन लगायतको प्रयोगमा जान आवस्यक देखिन्छ ।
- बाटो मात्र विकास हो भन्ने सोचलाई बदल्दै गाउँपालिकाको प्राथमिकतामा कृषि क्षेत्र पहिलो प्राथमिकतामा राखि उत्पादन भइरहेको मकै, तरकारीबाट कृषि उद्यमको विकास गर्न आवस्यक देखिन्छ ।
- प्राविधिक जनशक्तिको व्यवस्थापन गरि उत्पादनमुलक र संरक्षणमूलक कृषि प्रणालीलाई जोड दिनुपर्ने ।
- उत्पादित मकै बालिको भण्डारण र कृषकलाई उचित मुल्यको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- कृषि उत्पादन र कच्चा पदार्थ संग सम्बन्धित साना र लघु उद्योग व्यावसाय संचालन गरि युवाहरुलाई समेट्नु पर्ने ।
- बालिमा देखिने जटिल खालका रोगको समाधानका लागि प्राविधिक टोली व्यवस्थापन गर्नुपर्ने
- कृषि पकेट ब्लक र जोन तिर प्रवर्द्धन गर्दै लैजाने ।
- कृषि बिमालाई थप प्रभावकारी बनाउदै लैजानुपर्ने ।

# १.विषयगत शाखा : पशुपंक्षी

## (क) भोक्राहा नरसिंह गाउँ पालिका पशुपंक्षी नीति :

- कुखुरा पालन, बाखा पालन, भैसी पालन, गाई, माछा, हाँस, बँगुर लगायतको अन्य सम्भावना भएको पशु पन्छी विकासमा सहकारी, निजि र सार्वजनिक क्षेत्रलाई उचित नियमन व्यवस्थापन गरी यस व्यावसायलाई व्यवस्थित र मर्यादित बनाई उपयुक्त वातावरणको निर्माण गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकारसगँ पनि उचित समन्वय र साझेदारी गरी यस क्षेत्रको विकास र प्रवर्द्धनमा विषेश जोड् दिई पहल गर्ने निति लिईनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको पकेट विकास कार्यक्रम अन्तर्गतको लोकप्रिय कार्यक्रमहरुसगँ साझेदारी गरी अझ बढि प्रभावकारी बनाईनेछ ।
- पशुपन्छी विकासमा संलग्न कृषक,कृषि फर्म, सहकारी लगायतको सम्वन्धीत व्यक्ति वा सस्थाहरुलाई आवश्यक तालिम र उपकरणहरुको व्यवस्थापन गरिनेछ ।
- पशुपन्छीको व्यापार व्यवसायलाई सु व्यवस्थित र मर्यादित बनाउन उपयुक्त स्थानमा बाधशाला तथा मासु वजारको व्यवस्थापन गरिनेछ ।
- मासुजन्य उत्पादन र दुधजन्य उत्पादनका लागि सम्बन्धीत कृषक, कृषि फर्म, कृषक समुह कृषि सहकारी लगायतलाई व्यावसायिक र आत्मानिर्भर बनाउन विषेश कार्यक्रम ल्याईने छ ।
- आवश्यकता अनुसार माछा मासु पसल तथा समग्र बजार अनुगमन गरी उचित नियमन गरी व्यवस्थापन गरिनेछ ।
- ग्रामिण क्षेत्रमा दुधको उत्पादन तथा उत्पादकत्व बढाउन दुध तथा दुग्ध पदार्थको उत्पादनलाई व्यवसायीक र प्रतिष्पर्धी बनाउदै दुध संकलन, ढुवानी व्यवस्थापन एवम् प्रशोधन उद्योगहरुको विस्तार गराउने ।

**गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण :**

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | उन्नत जातका गाई, बाख्रा, माछा, कुखुरा, भैंसी नश्ल सुधार मार्फत व्यवसायिक उत्पादन दिने लेवलको बनाउनु । | • ७८८ गाई भैसीमा कृतिम गर्भाधान कार्यक्रम संचालन गरिएको ।<br>• अव्यवस्थित रहेका पोखरीको संरक्षण भइ माछा उत्पादनमा व्यवसायिक माछा उत्पादनको शुरुवात भएको । | पशु विकास कार्यक्रम मार्फत ग्रामिण भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |

| | | | |
|---|---|---|---|
| पशु स्वास्थ्य कार्यक्रम | स्वस्थ तथा निरोगी पशु बनाउने लक्ष्य रहेको । | ❖ २० हजार पशुलाई देखिने महामारी जन्य रोगहरुको रोकथामका साथै भ्यागुते, चर्चरे खोरेत, पि.पि.आर. जस्ता रोगहरुका लागि रोग विरुद्धका खोप कार्यक्रम संचालन गरिएको<br>❖ २१३२ पशुपंक्षी लाई घुम्ती शिविर तथा विभिन्न उपचार मार्फते आवस्यक औषधी उपचारको व्यवस्था गरिएको । | पशुलाई देखिने जटिल तथा समान्य रोगहरूको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | उत्पादन बृद्धिका लागि पशु आहारा सेवा कायक्रम संचालन गर्ने । | ❖ घासको बिउ कृषकलाई वितरण गरिएको ।<br>❖ उन्नत जातका घाँसका बिउहरु, बहुबर्षे घाँसका बिरुवाहरु वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन गर्ने । | ❖ पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरू संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ्या उत्पादनमा क्रमिक सुधार भएको । | पालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको । | ❖ पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको ।<br>❖ व्यवसायिक पशु फर्महरू व्यवस्थित रूपमा संचालनको सुरूवात भएको ।<br>❖ खोर सुधार कार्यक्रम संचालन गरिएको<br>❖ नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>❖ माहामारीजन्य रोगहरू बिरूद्धको प्रचारात्मक कार्यक्रमहरू संचालन गरिएको | पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निमार्ण हुनका साथै आय आर्जनमा बृद्धि भएको । |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- मेडिकल उपचार सेवा सर्जरी सेवा, गाइनो सेवा बन्ध्याकरण, सरुवा रोग जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालनमा रहनु ।
- उन्नत तथा व्यवसायिक पशु व्यवसायका लागि कृतिम गर्भाधानका कार्यक्रम सञ्चालनमा रहनु ।
- पशुपंक्षी जन्य रोगहरुको रोकथाम, उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको ।
- स्थानीय पोखरी संरक्षण गर्दै व्यवसायिक माछा पालनको परिकल्पना गरिनु ।
- पशुपंक्षी जन्य रोगहरुको रोकथाम, उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रम संचालन गर्ने नीति लिइएको ।

**६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- पशुपंक्षी उपचार सेवा शाखा/व्यवस्थित ल्यावका व्यवस्था नभएको कारण पशुमा देखिने जटिल तथा सामान्य खाले रोगहरुको चाँडै पहिचान गर्न कठिन भएको ।
- युवा लक्षित व्यवसायिक फर्महरु संचालनमा आएपनि अनुदान केन्द्रित कार्यक्रम प्रति बढी फोकस हुनु ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा बजारीकरणको समस्या रहेको ।
- अधिकांश कृषकहरुले निर्वाहमुखि पशुपालन प्रणाली मै विश्वास गर्नु ।

**७. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- अनुदान केन्द्रित कार्यक्रमका कारण व्यवसायिक फर्महरु संचालनमा आएपनि अनुदान केन्द्रित कार्यक्रम प्रति बढी फोकस भएकाले व्यवसायिक बन्ने तर्फ जोड दिन सुझाव दिइन्छ ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मुल्य र सहज बजारीकरणको समस्या रहेकोले बजारको उचित व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- नव प्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरुलाई उद्यम ब्यावसाय सुरु गर्न व्यवसायिक योजनाका आधामा सुरुवाती पूँजी उपलब्ध गराउनु पर्ने ।
- उचित पशु बधशाला निर्माणमा जोड दिइन्छ ।
- स्वच्छ मासु, स्वच्छ दुध जस्ता खाद्य अनुगमनका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

# अनुसुचि ९ को ७ सँग सम्बन्धित

## (८) सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु :

सामाजिक परीक्षण प्रकृयाले सामाजिक उत्तर दायित्व निर्वाह गर्ने काम स्थानीय सरकारले कति गरिरहेको छ ? भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- मेडिकल उपचार सेवा सर्जरी सेवा, गाइनो सेवा बन्ध्याकरण, सरुवा रोग जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालनमा रहनु ।
- वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य केन्द्र नभएका वडाहरुमा स्वास्थ्य केन्द्र थप बर्थिङ सेन्टर स्थापना गरि संचालनमा आउनु ।
- जन्म देखि नै हुने आपांगता रोकथामको कार्य प्रभावकारी रुपमा संचालनमा आउनु गर्भवती महिलाहरुलाई नि:शुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य संस्थाहरुलाई सुदृढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापकीय क्षेत्रमा विशेष कार्यक्रम संचालन  गरिनु ।
- नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि र स्वास्थ्य  सामाग्री तथा उपकरण खरिद र वितरण कार्यक्रम संचालन गरिनु ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याउन प्रचार प्रसारको व्यवस्था भई कार्यान्वयनमा आउनु ।
- उन्नत तथा व्यवसायिक पशु व्यवसायका लागि कृतिम गर्भाधानका कार्यक्रम सञ्चालनमा रहनु ।
- पशुपंक्षी जन्य रोगहरुको रोकथाम, उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रम सञ्चालन गर्नु
- तरकारी र मकै उत्पादनलाई थप व्यापक बनाउँदै लैजाने नीति रहनु ।
- उत्पादकत्व बृद्धि गर्न कृषिमा यान्त्रिकरण मार्फत राहत उपलब्ध गराउने परिपाटी बसाउनु ।
- कृषि कर्जा र युवा वर्गलाई सामुहिक खेति प्रणालीमा अनुदानको व्यवस्था मिलाउने नीतिगत व्यवस्था हुनु ।
- कृषि क्षेत्रमा तरकारी उत्पादन, मत्स्य पालन, मकै व्लक क्षेत्रको विस्तार गरी उत्पादकत्वमा वृद्धि गर्न कृषिमा यन्त्रिकरण र सिँचाई सुविधा तथा पूर्वाधारका सुविधा उपलव्ध गराउने उद्देश्य अनुरुप कार्यको शुरुवात हुनु ।
- बढी उत्पादन हुने बालीको बिउ बिजनको प्रयोग गर्न उत्प्रेरण गर्ने कार्यक्रम सुरुवात भएको ।
- सिँचाईका लागि  यन्त्रिक बस्तुहरुको अनुदान तथा वितरणको शुरुवातले सिँचीत क्षेत्रमा बृद्धि भएको देखिन्छ
- वेरोजगार यूवा-यूवतिहरुलाई सुचि बनाई रुचि अनुसारको तालिम तथा उत्पादन प्रक्रियामा जोडदिने उद्देश्य अनुरुप बेरोजगार सूचिकृत गरि रोजगारीको अवसर दिने कार्यको प्रारम्भ हुनु ।
- पालिकाको प्रस्तावित बजेट क्षेत्रगत रुपमा विनियोजन गरिएको
  १ आर्थिक विकास
  २. पूर्वाधार विकास
  ३. सामाजिक विकास
  ४.वातावरण तथा प्रकोप व्यवस्थापन विकास
  ५.शुसासन/संस्थागत तथा अन्तरसम्बन्धित क्षेत्र विकास लाई समेटेर वजेट आउनु ।

- आन्तरिक श्रोत पहिचान गर्दै आर्थिक विकासका लागि सम्पति कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घरनक्सा पास दस्तुर, लगायत करको दायरा बृद्धि गरि आन्तरिक श्रोतमा सुधारको नीति रहेको ।
- आर्थिक वर्ष २०७८/०७९ बजेट तथा कार्यक्रम समयमा नै आउनु ।
- वडा स्तरिय योजना तर्जुमा भेला तथा वडा समितिको सिफारिस, विषयगत समिति र योजना तर्जुमा समिति मार्फत सिफारिस भई आएका योजनाहरुलाई समेटी स्थानीय जनताको आवस्यकताको पहिचान गरि कार्यक्रम ल्याइनु ।
- राजश्व परामर्श समिति तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरु कार्यान्वयनमा आउनु ।
- गाउँपालिकाले गरेका नीतिगत निर्णय, वार्षिक बजेट तथा कार्यक्रम आम सञ्चार, वेभसाइट, लगायतका माध्यमबाट सार्वजनिक हुने प्रकृया अपनाउनु ।
- गाउँपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय सरकार संचालन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघि बढ्नु ।
- गा.पा.को सेवा प्रवाहलाई जवाफदेहि बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका आदिको प्रबन्ध हुनु ।
- बाल भेला मार्फत समावेशि बाल क्लव, बाल सञ्जाल, लगायतलाई अधिकार संरक्षणका कार्यक्रम सञ्चालन हुनु ।
- गाउँपालिका भित्रका सबै वडाहरुमा आभारभूत स्वास्थ्य केन्द्र स्थापना, आवस्यक भौतिक पूर्वाधार निर्माण, १५ बेडको पालिका अस्पताल निर्माणका लागि जमिन प्राप्तीका साथै आवस्यक ल्याव सेवा सञ्चालन, व्यवस्थित बर्थिङ सेन्टर सञ्चालन जस्ता स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्ने नीति रहनु ।
- अपांगता रोकथाम तथा पुर्नस्थापनका लागि त्रिपक्षिय सहकार्यमा प्रदेश सरकार, स्थानीय तह तथा करुणा फाउन्डेसनसंग सहकार्य गरि अपांगताको क्षेत्रमा उल्लेख्य कार्य हुनु ।
- गरिबसँग विश्वेश्वर कार्यक्रम मार्फत विपन्न परिवारको आर्थिक सुधार गर्ने कार्यको शुरुवात हुनु ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन प्रारम्भ हुनु ।
- कृषि पर्यटनलाइ ध्यानमा राखि कृषि नै रोजगारीको मूल आधार हो भन्ने उद्देश्य सहित तरकारी उत्पादन, मत्स्य पालन, मकै पकेटका कार्यक्रमहरु सञ्चालनमा रहनु ।
- दुध, माछा, बाखा, बंगुर पालनबाट व्यवसायिक उत्पादन गर्दै आयात प्रतिस्थापन र निर्यात योग्य पालिका बनाउने नीति कार्यक्रममा रहनु ।
- सामुदायिक विद्यालयको पहुँच अभिबृद्धि गर्न दलित छात्रबृत्ति, दिवा खाजासम्मको व्यवस्था गर्दै आधारभूत देखि उच्च शिक्षासम्म गुणस्तरिय तथा प्राविधिक शिक्षालाई जोड दिन आइ.सि.टी. ल्यावदेखि अंग्रेजी माध्यमको पठन-पाठन, विद्यालयको अनुगमन, निरिक्षण, पृष्ठपोषण, शिक्षकहरुलाई पुर्नताजकी, अभिभावक सचेतना जस्ता कार्यक्रम सञ्चालनमा रहनु ।

## अनुसुचि ९ को ७ सँग सम्बन्धित

### भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. ०७८/०७९ का मुख्य उपलब्धीहरु :

आ.व. २०७८/०७९ मा भोक्राहा नरसिंह गाउँपालिका सुनसरीमा निम्नानुसार सामाजिक उपलब्धिहरु देखिएका छन् ।

१ तरकारी र मकै उत्पादनलाई थप व्यापक बनाउँदै आत्मनिर्भर भई निर्यात गर्न सफल रहेको ।

२ व्यवसायिक उत्पादनका लागि माटोको प्राङ्गारिक लेबल, माटोको नाइट्रोजनको अवस्था, पि.एच. लेबलको अवस्थालाई मध्यनजर गर्दै माटोको सोयल चेकजाँच गर्दै माटोको गुणस्तर सम्बन्धि कृषकलाई जानकारी गराई माटोको उर्बरता बचाइराख्ने कार्यक्रम मार्फत दिगो उत्पादन तर्फ पालिका सकारात्मक देखिन्छ ।

३ कृषिमा व्यवसायिक उत्पादनका लागि यन्त्रिकरणमा जोड दिँदै विभिन्न यन्त्रिक बस्तुहरुको अनुदान केन्द्रित वितरणका कार्यक्रम सञ्चालन गरि श्रम बजार सरल बनाएको देखिन्छ भने लागत मुल्य घट्न थालेको देखिन्छ ।

४ उन्नत जातका बीउ-बीजन वितरण मार्फत उत्पादनमा बृद्धि भएको देखिन्छ ।

५ पशु विकास तर्फ कृतिम गर्भादान कार्यक्रम मार्फत ७४८ गाई-भैंसीलाई कृतिम गर्भादान कार्यक्रम मार्फत नश्ल सुधार गरि उन्नत जातका पशु उत्पादन गर्ने कार्य भएको । पशु स्वास्थ्य तर्फ २० हजार भन्दा बढी पशुलाई विभिन्न खोप कार्यक्रम मार्फत स्वस्थ पशु बनाउने कार्य भएको ।

६ १ देखि ८ वटै वडामा उत्पादित कृषि उपजका साथै शिक्षा स्वास्थ्यको सहज पहुँच स्थापित गर्न सबै वडामा सहज यातायातको पहुँच स्थापना गर्न सफल भएको ।

७ सडक पूर्वाधार मार्फत स्थानीय उत्पादन सहज बजारीकरणका उद्देश्यले कृषि सडक माटो भर्ने तथा ग्राभेल सडक निर्माण भएको देखिन्छ ।

८ यातायातको सहज पहुँच स्थापित गर्न सडकहरुमा ग्राभेल गर्ने तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको देखिन्छ ।

९ सडक पूर्वाधार र जनताको यातायातमा सहज पहुँच स्थापित गर्न अत्यावश्यक स्थानमा आर.सि.सि कल्भर्ट निर्माण तथा सडक ढलान कार्य सम्पन्न गरेको देखिन्छ ।

१० आन्तरिक श्रोत पहिचान गर्दै आर्थिक विकासका लागि सम्पति कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घरनक्सा पास दस्तुर, लगायत करको दायरा बृद्धि गरि आन्तरिक श्रोतमा सुधार भएको देखिन्छ ।

११ बिपद् तथा रोग बिरुद्धको प्रतिकार्य र रोकथाममा संस्थागत सुढृढिकरणमा सुधार आएको पाइयो ।

१२ आधारभूत स्वास्थ्य जनताको पहुँचयोग्य बनाउँदै विपन्न परिवारमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने कार्यको थालनी भएको देखिन्छ ।

१३ आधारभूत स्वास्थ्य सेवा जनताको पहुँचयोग्य बनाउन ८ वटै वडामा स्वास्थ्य संस्था स्थापना र भौतिक पूर्वाधारको कार्य शुरु भएको देखिन्छ साथै उपचार सेवाका लागि पालिका स्तरीय १५ शैयासम्मको अस्पताल संचालनको लागि जमिन प्राप्तीको प्रक्रिया पुरा भएको देखिन्छ ।

### सामाजिक विकास :

१४ करुणा फाउन्डेसन, गरिबसँग विश्वेश्वर र गाउँपालिकाको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुर्नस्थापनाका कार्यक्रम मार्फत सबै अपाङ्गता भएका तथा जन्मजात हुने अपाङ्गता रोकथाम जस्तो महत्वपूर्ण कार्यक्रम संचालन गरि राम्रो उपलब्धी हासिल गरेको पाइन्छ । अन्य संघ-संस्थाको साझेदारीमा हिँसा, बालबिबाह जस्ता महत्वपूर्ण कार्यक्रम सञ्चालन भई सामाजिक जीवनमा परिवर्तन आएको देखिन्छ ।

१५ स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित गर्दै आवस्यकता अनुसार स्वास्थ्य संस्थामा भिडियो एक्सरे सेवा, फोलिक एसिड, खोप कार्यक्रम, स्वास्थ्य चौकीहरुलाई व्यवस्थित गर्दै बर्थिङ् सेन्टर संचालनमा आएको देखिन्छ ।

१६ विद्यालयहरुको आवश्यक भौतिक पूर्वाधार निर्माण, विद्यालय संचालन तथा व्यवस्थापन शैक्षिक गुणस्तर सुद्दिढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन जस्ता कार्यक्रम संचालन गरेको पाइयो ।

१७ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा वालविकास केन्द्र, मदरसा जस्ता माध्यमको प्रयोग साथै कोभिड १९ मा समेत वैकल्पिक शिक्षाको खोजी गरि विद्यार्थीमा शैक्षिक पहुँच सुनिश्चताको लागि कार्य भएको देखिन्छ ।

१८ बस्ती स्तरिय योजना छनोट, वडा स्तरिय योजना छनोट, पालिका स्तरिया योजना छनोट गरि समयमा नै गाउँसभा सम्पन्न गरेको देखिन्छ ।

१९ दुधजन्य पदार्थमा आत्मानिर्भर हुने उद्देश्यका साथ उन्नतजातका घाँसका बिउ बितरण गरि कृषकहरुको जिवन स्तर उकास्ने खालका कार्यक्रम कोभिड १९ का बेलामा पनि गरेको देखिन्छ ।

२० सामाजिक सुरक्षा भत्ता वैंक मार्फत उपलब्ध गराउने सतप्रतिशत परिपाटीको शुरुवात अभिलेख व्यवस्थापन कम्प्युटराइज यसै आ.व. बाट भएको देखिन्छ ।

२१ व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सफ्टवेयर मार्फत सबै वडामा प्रमाणपत्र वितरणमा निरन्तरता दिइएको देखिन्छ ।

२२ सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरि वातावरणीय स्वच्छतता नीति तथा कार्यक्रममा समाबेश गरि कार्य गरेको देखिन्छ ।

## अनुसुचि ९ को ८ सँग सम्बन्धित

### सामाजिक परीक्षणबाट देखिएका चुनौती र कमि कमजोरीहरु :

- ❖ व्यवसायिक उत्पादनका लागि माटोको प्राङ्गारिक लेबल, माटोको नाइट्रोजनको अवस्था, पि.एच. लेबलको अवस्थालाई मध्यनजर गर्दै माटोको सोयल चेकजाँच गर्दै माटोको गुणस्तर सम्बन्धि कृषकलाई जानकारी गराई माटोको उर्बरता बचाइराख्ने कार्यक्रम मार्फत दिगो उत्पादन तर्फ पालिका पूर्ण रुपमा नगएको देखिन्छ ।
- ❖ मकै उत्पादन क्षेत्र नीति कार्यक्रममा रहेको र मकैको उत्पादन पनि प्रशस्त रहेको देखिन्छ तर यसको बिक्री वितरण र कृषकको उत्पादित बस्तुको उचित भण्डारण तथा बजारीकरणको अभावले उचित मुल्य पाउन नसकेका कारण मकै बालीबाट कृषकहरु पलायन हुने देखिन्छ ।
- ❖ यस क्षेत्रमा रहेको तरकारी बालीले सिङ्गो पालिका नै आत्मनिर्भर भई निर्यात गर्न योग्य देखिन्छ तर समयमा मलको अभावको परिपूर्ति गर्न नसक्दा कृषकहरु जोखिममा पर्दै गएको देखिन्छ ।
- ❖ पशु व्यवसाय गर्दै आएका व्यवसायीको दुध, मासुको उचित मुल्य निर्धारण नहुँदा व्यवसायीहरु पलायन हुने अवस्था देखिन्छ ।
- ❖ खोपको प्रगतीमा ड्रप आउट एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गर्न नसकिएको ।
- ❖ स्थानीय स्वास्थ्य संस्थाबाट भरपर्दो सर्वसुलभ स्वास्थ्य सेवाप्रदान हुन्छ भन्ने सोचको विकास पालिकाबासी नागरिकमा पुऱ्याउन कठिनाई रहेको । पूर्वाधार मात्र विकास हो भन्ने सोच समाज तथा जनमानसमा रहनु । ANC/PNC सेवा पूर्ण रुपमा संचालनमा जनशक्ति अभाव हुनु ।
- ❖ विनियोजन तथा खर्च व्यवस्थापन एवं यसको रेखाङ्कनका मान्य सिद्धान्त/मानकहरु अभ्यासमा आई नसक्दा आर्थिक सुशासन कायम गर्न चुनौती छ, साथै खर्चको गुणस्तर कायममा केहि समस्या देखिन्छ ।

- खर्च कार्यको राष्ट्रिय मानक बनि नसकेकोले बार्षिक विकास कार्यक्रममा पूँजीगत र चालु खर्चको अनुपात निर्धारण भएको छैन । साधारण खर्चको प्रकृतिमा उत्साहित छन्, यहि प्रबृति रहेमा खर्चको दायित्व र प्रतिबद्धता सामर्थ्य र सिमा भन्दा माथि हुने सम्भावना छ ।
- ३ वर्षमा हुने खर्चको प्रक्षपण मध्यकालिन खर्चको संरचना (**Midtrem Expenditue Framework= MTEF**) अनुसार समेत तयार पारि प्रस्तुत गर्नुपर्ने गर्न नसकिएको ।
- आर्थिक क्रियाकलाप विस्तार गरि आन्तिरिक आय बढाउनमा भन्दा अनुदान र वित्तिय हस्तान्तरण मै केन्द्रित रहेको देखिन्छ । नीजि तथा सामुदायिक क्षेत्रसंग सहकार्य गरि वित्तिय भार घटाउने सोचको विकास हुन नसक्नु ।
- योजना छनौट गर्दा संचालित योजना दिर्घकालिन तथा लिङ्क योजनाको रुपमा छनौट गर्न नसकिएको ।
- खुल्ला दिशा मुक्त गाउँपालिका घोषणा भई सकेको भएपनि पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरि शौचालय प्रयोग तथा थप शाौचालय निर्माणमा जोड दिन नसकिएको ।

## अनुसुचि ९ को ९ सँग सम्बन्धित :

### सामाजिक जिम्मेवारी पुरा गर्न जहदा गाउँपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरु

१. दिगो विकासको लक्ष्य, पन्धौं योजनालाई स्थानीयकरण गर्दै पालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचनासँगै क्षेत्रगत सूचकका आधारमा वजेट, नीति तथा कार्यक्रम निर्माण गर्नु आजको टड्कारो आवस्यकता रहेको देखिन्छ ।

- सन् २०३० सम्ममा दक्ष प्रसुतिकर्मिबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरुको संख्या ९० % पुऱ्याउने लक्ष्य अनुसार हालको अवस्था ७८.६ प्रतिशत देखिन्छ साथै गाउँमा गरिएको सर्वेक्षणबाट घरैमा सुत्केरी गराउनेको संख्या पनि न्युन देखिएकोले शहर केन्द्रित अस्पतालहरुको तथ्याङ्क खोजि गरि वास्तविक अवस्थाको पहिचान गरि लक्ष्यलाई बृद्धि गर्नुपर्ने देखिन्छ ।
- पूर्णखोप सुनिश्चित बनाइ स्वस्थ समाज निर्माण गर्न हालको खोपको अवस्था बि.सि.जि. १०२.१%, रोटा प्रथम १०१.३,%, रोटा दोश्रो ९१%, पोलियो प्रथम ९७.२%, दोश्रो ६%, तेश्रो ७५.१%, एफ.आइ.पि.भि. प्रथम ९७.२, %, दोश्रो ७५.३%, पि.सि.भि. प्रथम १०२.७%, दोश्रो ५.६%, तेश्रो ७८.६%, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम १०१.३%, दोश्रो ९१%, तेश्रो १.१%, दादुरा-रुबेला प्रथम ७८.६%, दोश्रो ६१% र जे.इ.६७.३% देखिएको छ । यसलाइ बृद्धि गर्दै खोज र खोपको नीति अनुसार गतिविधि गरि पूर्णखोप सुनिश्चित तर्फ जान आवस्यक देखिन्छ ।
- ५ वर्ष मुनिका न्युन तौल तथा कुपोषित बच्चाहरु शुन्य बनाउने लक्ष्य अनुसार पोषण लगायतका कार्यक्रमहरु प्रभावकारी हुन नसकेको देखिन्छ यसलाइ थप प्रभावकारी बनाई कुपोषण रहित पालिका निर्माण गर्न सुझाव दिईन्छ ।
- नसर्ने रोगबाट हुने असामयिक मृत्युलाई कम गर्न थप प्रभावकारी कार्यक्रमको सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- सन् २०३० सम्ममा प्राथमिक तहमा खुद भर्नादर ९९.५ % माध्यमिक तहमा ९९ % कक्षा १ मा भर्ना भएका विद्यार्थिहरु मध्ये कक्षा ८ सम्म ९५ % पुग्ने कुराको सुनिश्चितता गर्ने लक्ष्य अनुसार यस वर्ष भर्ना भएको कुल संख्या १३३६ । छात्रा ७१० र छात्र ६२६ जना भर्ना भएका छन् भने कक्षा ८ को परिक्षा उत्तिर्ण दरमा विद्यालय नआएका बच्चाहरु रहेका कारण ड्रपआउट बच्चाको खोजि गरि शिक्षा सुनिश्चित गर्न आवस्यक देखिन्छ ।

- हाल तथ्याङ्क प्रविष्ट गर्ने व्यवस्थाले एउटै विद्यार्थि विभिन्न विद्यालयमा भर्ना भएको देखिन्छ । एक विद्यालयमा भर्ना भएपछि अर्को विद्यालयमा पुन: भर्ना हुन नमिल्ने व्यवस्थ ागर्न आवस्यक देखिन्छ । बाल कक्षामा आएका बालबालिका, कक्षा १ मा भर्ना भएका बालबालिका र विद्यालय तह पार गर्दा उत्तिर्ण भएका बालबालिका बिचको खाडललाई हेर्दा शिक्षा क्षेत्रमा भयावह अवस्था देखिन्छ यसको स्थायी समाधानका लागि पालिकाले सिप, व्यवसायिक क्षमता लगायतका कार्यक्रम मार्फत अगाडी बढ्नुपर्ने देखिन्छ ।
- सन् २०३० सम्ममा महिला कर्मचारीहरुको हिस्सा ३३ % पु¥याउने लक्ष्य अनुसार शिक्षा क्षेत्रमा छात्राहरुको विद्यालयको उपस्थिति निरिक्षण गर्दा छात्रा र छात्रको उपस्थिति बराबर देखिन्छ र केहि जातीमा भने विद्यालयको पहुँच स्थापित गर्न थप कार्यक्रमहरु लैजानुपर्ने आवस्यक देखिन्छ ।
- सन् २०३० सम्ममा ९०- ९५ % सुधारीएको सरसफाई र ९९ % परिवारको पाइपबाट आपूर्ति गरिएको पानीको व्यवस्था गर्ने लक्ष्य अनुरुप हालसम्म हाम्रो अवस्था कमजोर देखिन्छ यस तर्फ आवस्यक कदम चाल्न जरुरी देखिन्छ ।
- भारतिय सिमानासँग जोडिएको र शहरको नजिक रहेको पालिका रहेकोले कृषि उत्पादनमा समेत निर्यातयोग्य पालिका भएकोले औद्योगिक ग्राम निर्माण गरि स्थानीय कच्चा पदार्थबाट विभिन्न बस्तुहरुको उत्पादनका लागि औद्योगिककरणमा जोड दिनुपर्ने आवस्यक देखिन्छ ।
- मकै, तरकारी तथा धान उत्पादनको प्रचुर सम्भावना रहेको र हाल उत्पादन पनि भइरहेकोले सहज सिँचाईका लागि विद्युतिकरण, कृषि मीटर र दिनमा मात्र स्वचालित सोलार पम्प जस्ता कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- प्रत्येक वडाबाट उत्पादित बस्तुको तथ्याङ्क, मल-बिउको प्रयोग, माटो परीक्षण, श्रम बजार, रोजगारीको अवस्था, निर्यात तथा आयात भएको बस्तुहरुको यकिन विवरण र उक्त बस्तुको भण्डारणका विषयमा आवस्यक पहल गर्नुपर्ने देखिन्छ ।
- व्यवस्थित बस्ती तथा शहर निर्माण गर्नका लागि चाक्लाबन्दीमा रहेको जमिनलाई बचाइ राख्न निस्चित ठाउँहरु तोकी दिर्घकालिन बस्ती विकासको योजना बनाउन आवस्यक देखिन्छ ।
- खेतीयोग्य भू-भाग, पोखरी, खोला किनार र सिमसार संरक्षण गर्दै बहुबर्षिय उत्पादन दिने फलका बिरुवा लगाई दिर्घकालिन वातावरणिय स्वच्छता जोगाइ राख्न आवस्यक देखिन्छ ।
- भारतिय सिमानासँग जोडिएको र आदिबासी, जनजाती, मुस्लिम, पिछडिएको वर्ग साथै समान प्रकृतिको बस्ती रहेकोले बालबालिकाको अधिकारको सुनिश्चितता र सहभागिताको अवस्था केहि कमजोर भएकोले यस तर्फको कार्यक्रमलाई थप सशक्त बनाउन आवस्यक देखिन्छ ।
- भारतिय सिमानासँग जोडिएको र आदिबासी, जनजाती, मुस्लिम, पिछडिएको वर्ग साथै समान प्रकृतिको बस्ती रहेकोले बालबिबाहको अवस्थाको चेतनास्तरमा कमि रहेकोले सामाजिक रुपमा बाल बिबाहका घटनाहरु तथ्याङ्कमा नभेटिए पनि हाम्रो ग्रामिण सर्वेक्षणबाट छिटफुट देखापरेकोले यस्ता कार्यक्रमलाई सशक्त रुपमा सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- भारतिय सिमानासँग जोडिएको र आदिबासी, जनजाती, मुस्लिम, पिछडिएको वर्ग साथै समान प्रकृतिको बस्ती रहेकोले घरेलु हिँसा, यौनजन्य घटना थोरै मात्र देखापरे पनि ग्रामिण सर्वेक्षणलाई हेर्दा यसतर्फ प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- कृषि व्यवसाय, पशुपालन व्यवसाय मत्स्यपालन क्षेत्रको विस्तार र उत्पादकत्व बृद्धि गर्ने उद्देश्यलाई पूर्णता दिन जहदा भित्र कृषि व्यवसायीहरुको अवस्था सहितको सर्वेक्षण, पशु व्यवसायिहरुको अवस्था

सहितको सर्वेक्षण कार्य गरि व्यवसायमा देखिएका समस्या र उत्पादनको बजारीकरण र व्यवस्थापनमा कृषि तथा पशु शाखा क्रियाशिल रहन सुझाव दिइन्छ ।

- तरकारी, खाद्यन्न एवम् नगदे बालीमा आत्मनिर्भर बनाउने उद्देश्य पूर्ण सफल बनाउन हाल तरकारी एवं नगदेबालीको व्यवसायिक उत्पादन गरिरहेका कृषकहरुको अवस्था सहितको सर्वेक्षण गरि भइरहेको उत्पादन र उत्पादन बृद्धिको सम्भावना सहितको कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- कृषि रोजगारको नारालाई सफल पार्न कृषि तथा पशुपालनलाई व्यवसायिक बनाउँदै सरकारले प्रदान गर्ने सहुलियत उद्यमशिल कर्जा लगानीको वातावरण श्रृजना गर्दै कृषिबाट रोजगार उत्पादिन बस्तुको उचित मुल्य सहितको व्यावसायिक उत्पादनमा जोड दिइन्छ र उत्पादनमा बृद्धि गर्न सुझाव दिइन्छ ।
- शिक्षा, स्वास्थ्य, र सडक पूर्वाधारलाई जनताको सरल-सहज पहुँचयोग्य बनाउन बहुवर्षिय कार्यक्रमहरु समावेश गरि प्राथमिकता नं. १,२, ३ गरि अगाडी बढ्नुपर्ने देखिन्छ ।
- कर्मचारीहरुको कार्यसम्पादन सम्झौता तयार गरि उचित पुरस्कार र दण्डको नीति लिनुपर्ने देखिन्छ ।

## पञ्जिकरण शाखा

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध विच्छेद | विवाह | बसाइ सरी आएको | | बसाइ सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | १६४ | १५१ | | ३१५ | २८ | ३२ | | ६० | | १६४ | ७५ | २२९ | २४ | ५७ | ६३८ |
| २ | २६४ | २९८ | | ५५३ | ३४ | ३४ | | ६८ | १ | २०४ | २७ | ७८ | ५९ | २०७ | ९१२ |
| ३ | १२९ | १२३ | | २५२ | २२ | ८ | | ३० | | ९४ | ५५ | १७० | १८ | ५४ | ४४९ |
| ४ | २०५ | २२९ | | ४३४ | ३३ | ३२ | | ६५ | | १७४ | ३५ | १३२ | १९ | ५४ | ७२७ |
| ५ | २९६ | ३१२ | | ६०८ | १९ | २४ | | ४३ | २ | १६६ | ३५ | १४६ | ४५ | २११ | ८९९ |
| ६ | १९८ | २३१ | | ४२९ | ३३ | २६ | | ५९ | ५ | १९२ | ४६ | १६० | ६२ | २२० | ७९३ |
| ७ | २२७ | २२२ | | ४४९ | २२ | ३४ | | ५६ | | १८४ | ३९ | १७० | ३७ | १३० | ७६५ |
| ८ | ३३७ | ३८२ | | ७१९ | २६ | २४ | | ५० | | २६५ | २५ | ७७ | २९ | १४० | १०८८ |
| जम्मा | १८२० | १९३९ | ० | ३७५९ | २१७ | २१४ | ० | ४१३ | ८ | १४४३ | ३३७ | ११६२ | २९३ | १०७३ | ६२७१ |

## सन्दर्भ सामग्री

- भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम
- भोक्राहा नरसिंह गाउँपालिकाको वेबसाइट
- भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम
- नेपालको संविधान २०७२
- नेपालको संविधान २०७२ को अनूसूची- ८
- भोक्राहा नरसिंह गाउँपालिकाको संकलित राजश्व
- स्थानीय तहको क्षमता अभिबृद्धिका लागि क्षमता विकासका अवयवहरु
- राष्ट्रिय जनगणनाको तथ्याङ्क
- भोक्राहा नरसिंह गाउँपालिकाको ऐन, कानुन तथा निर्देशिका
- भोक्राहा नरसिंह गाउँपालिकाको बजेट तथा कार्यक्रम
- स्थानीय निकाय आर्थिक प्रशासन नियामवली २०६४
- जिल्लाका अन्य स्थानीय तहहरुको प्रोफाइल
- भोक्राहा नरसिंह गाउँपालिकाको आर्थिक ऐन, २०७५
- स्थानीय तहको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन,

## भोक्राहा नरसिंह गाउँपालिकाका जनप्रतिनिधिहरुको नाम र सम्पर्क नम्बरहरु :

| क्र.सं. | वडा नं. | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | | **गाउँपालिका अध्यक्ष** | अजमल अख्यतर मियाँ | ९८५२०८८३८० |
| २ | | **गाउँपालिका उपाध्यक्ष** | सुनिता कुमारी उराँव | ९८५२०८८२५८ |
| **१ नं. वडा कार्य समिति** | | | | |
| १ | १ | **वडाध्यक्ष** | लक्ष्मण मेहता | ९८१७३२६१३५ |
| २ | १ | वडा सदस्य | अक्लु मेहता | ९८०३७२३६५७ |
| ३ | १ | वडा सदस्य | अमजाद मिया | ९८११३२५९८० |
| ४ | १ | वडा सदस्य | सरिता देवि उराँव | ९८१४३२१५४८ |
| ५ | १ | वडा सदस्य | आरती देवी शर्मा | ९८१७३९२००४ |
| **२ नं. वडा कार्य समिति** | | | | |
| १ | २ | **वडाध्यक्ष** | आलम अन्सरी | ९८४२०७९४५० |
| २ | २ | वडा सदस्य | अजिव मन्सुरी | ९८१४३७३३६३ |
| ३ | २ | वडा सदस्य | बलदेव मेहता | ९८१५३४९११७ |
| ४ | २ | वडा सदस्य | रिता पोदार | ९८०४०९४८१७ |
| ५ | २ | वडा सदस्य | ललितादेवी खत्वे | ९८१९०६२८४० |
| **३ नं. वडा कार्य समिति** | | | | |
| १ | ३ | **वडाध्यक्ष** | धिरेन्द्र कुमार यादव | ९८११०८५८६२ |
| २ | ३ | वडा सदस्य | खुसी लाल मण्डल | ९८१९०१३४०९ |
| ३ | ३ | वडा सदस्य | पनालाल खत्वे | ९८०८११९१३८ |
| ४ | ३ | वडा सदस्य | कमलादेवी यादव लिम्वु | ९८०७३८५९१२ |
| ५ | ३ | वडा सदस्य | महावती चमार | ९८०६३४८४९५ |
| **४ नं. वडा कार्य समिति** | | | | |
| १ | ४ | **वडाध्यक्ष** | हारुन अन्सारी | ९८५२०५४२९४ |
| ३ | ४ | वडा सदस्य | मजरुद अन्सारी | ९८११३५११४४ |
| ४ | ४ | वडा सदस्य | शिव नारायण महेता | ९८११०२५३२९ |
| ५ | ४ | वडा सदस्य | राधाकुमारी राउँव | ९८१४३३५७६६ |
| ५ | ४ | वडा सदस्य | कमला परिवार | ९८०५३२९४०५ |
| **५ नं. वडा कार्य समिति** | | | | |
| १ | ५ | **वडाध्यक्ष** | हबिब मन्सुरी | ९८१५३८८८६२ |
| २ | ५ | वडा सदस्य | कामुद मिया | ९८२०३९३६७० |
| ३ | ५ | वडा सदस्य | अजिव मिया | ९८१४३३००८३ |
| ४ | ५ | वडा सदस्य | फर्जना खातुन | ९८१४३३९०३१ |
| ५ | ५ | वडा सदस्य | कल्पना कुमारी विश्वकर्मा | ९८०४०५१९७५ |
| **६ नं. वडा कार्य समिति** | | | | |
| १ | ६ | **वडाध्यक्ष** | सराजुदिन अंसारी | ९८०४०२९७६८ |
| २ | ६ | वडा सदस्य | हरी उराँव | ९८०७३५४४२२ |
| ३ | ६ | वडा सदस्य | किशोरी मण्डल सरवरिया | ९८०४०३०४५५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ६ | वडा सदस्य | जरिना प्रविन अन्सारी | ९८११०३००३५ |
| ५ | ६ | वडा सदस्य | छेदनी देवि ऋषिवेद | ९८२६३८१३४७ |
| **७ नं. वडा कार्य समिति** | | | | |
| १ | ७ | **वडाध्यक्ष** | बौवालाल यादव | ९८१७३१०६३९ |
| २ | ७ | वडा सदस्य | जय किशेर यादव | ९८१०४५५७७८ |
| ३ | ७ | वडा सदस्य | हिरालाल उराँव | ९८०४३९०३४८ |
| ४ | ७ | वडा सदस्य | फूल कुमारी देवि शाह | ९८०६४००७०२ |
| ५ | ७ | वडा सदस्य | तारावती रात्वे | ९८२५०२१०२८ |
| **८ नं. वडा कार्य समिति** | | | | |
| १ | ८ | **वडाध्यक्ष** | हाजि उस्मान मिया | ९७४६९५०८८२ |
| २ | ८ | वडा सदस्य | हदित अंसारी | ९७४६८८६९४४ |
| ३ | ८ | वडा सदस्य | कलिम मिया | ९८१६३८५७१३ |
| ४ | ८ | वडा सदस्य | मदिना खातुन | ९८१८७३४२१४ |
| ५ | ८ | वडा सदस्य | बिमला देवि राम | ९८१९३०३४९१ |

## निष्कर्ष (Conclusion)

सामाजिक परीक्षण स्थानीय पालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमबाट कति उपलब्धी भयो ? भनी गरिने एक प्रकारको सामाजिक उत्तर दायित्वको लेखाजोखा गर्ने पद्धति हो । यसको लागि पालिका भित्र रहेका विषयगत शाखाहरु, वडा कार्यालयका विभिन्न योजना स्थलहरु छनौट गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्र पालिकाको सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस सामाजिक परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा अघि वढाउन सफल भएको पाईन्छ ।

स्थानीय सरकार संचालन ऐन र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा भोक्राहा नरसिंह गाउँपालिका सुनसरीले उल्लेखनीय कार्यहरूको सुरुवात गर्दै आएको छ। सामान्यत: कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाईएको छ । त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएका देखिन्छन् । भोक्राहा नरसिंह गाउँपालिकाको नेतृत्वमा गाउँ बिकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरु, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरुको विचमा समन्वय भई दोहोरोपनलाई न्यूनिकरण गर्न सहयोग पुगेको देखिन्छ ।

यस अध्ययनबाट गाउँपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । यस गाउँपालिकाका विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनी प्रकृयाका कारणले परियोजनाहरु ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै भोक्राहा नरसिंह गाउँपालिकाको विषयगत कार्यालयहरुले तथ्यांङक र सूचना अभिलेखिकरणमा एक रुपता आउन सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ । साथै भोक्राहा नरसिंह गाउपालिकाले आन्तरिक आयमा अभिबृद्धि गर्न राजश्वको दायरालाई फराकिलो बनाउनुपर्ने, वर्तमान आवश्यकताका आधारमा लगानीको सुनिश्चितताका लागि सम्भाब्य सबै साझेदारहरुलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विषेश पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्माण र सेवा प्रवाहका पूर्वाधारहरुको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक गाउँपालिका विकास योजना कार्यान्वयन गर्न सके भोक्राहा नरसिंह गाउँपालिकालाई एक समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सम्भव देखिएको छ ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमीकमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपांग, जेष्ठ नागरिकको उत्थानमा गम्भिर प्रयास गर्नु आवश्यक रहेको छ ।